आज मिति २०८० साल वैशाख ३१ गतका दिन मधुवन नगरपालिका नगर कार्यपालिकाको बैठक नगरप्रमुख श्री तेजबहादुर भाटको अध्यक्षतामा बस्यो । उक्त बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम छन् ।

| क्र.स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | तेजबहादुर भाट | प्रमुख | |
| २ | अनिता चौधरी | उप प्रमुख | |
| ३ | धर्मराज न्यौपाने | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | मिनबहादुर थापा | वडाध्यक्ष वडा नं. १ | |
| ५ | आशाराम थारू | वडाध्यक्ष वडा नं. २ | |
| ६ | नारायण मल्ल | वडाध्यक्ष वडा नं. ३ | |
| ७ | बलिराम चौधरी | वडाध्यक्ष वडा नं. ४ | |
| ८ | दिलिप गुरुङ | वडाध्यक्ष वडा नं. ५ | |
| ९ | चन्द्रसिं गुरुङ | वडाध्यक्ष वडा नं. ६ | |
| १० | राजेन्द्र हमाल | वडाध्यक्ष वडा नं. ७ | |
| ११ | मेकबहादुर गुरुङ | वडाध्यक्ष वडानं. ८ | |
| १२ | हर्कबहादुर बस्नेतक्षेत्री | वडाध्यक्ष वडा नं. ९ | |
| १३ | सिता सुनार | कार्यपालिका सदस्य | सिता |
| १४ | बिरमा चौधरी | कार्यपालिका सदस्य | |
| १५ | मायादेवी परियार | कार्यपालिका सदस्य | माया |
| १६ | ताराकुमारी आचार्य | कार्यपालिका सदस्य | |
| १७ | राधा पौडेल क्षेत्री | कार्यपालिका सदस्य | |
| १८ | पाले कामी | कार्यपालिका सदस्य | पालेकामी |
| १९ | समशेरबहादुर सार्की | कार्यपालिका सदस्य | समसेर |
| २० | कृष्ण परियार | कार्यपालिका सदस्य | |

- खिमराज पोखेल – लेखा अधिकृत

- नारायण प्रसाद खनाल – शिक्षा शाखा अधिकृत

गिता घिमिरे – जनस्वास्थ्य अधिकृत

बासुदेब अधिकारि - योजना अधिकृत

**सहजीकरण :-**

-राम बहादुर थापा – अधिकृतछैठौ

- रचना थारु –सहायक चौथो

**प्रस्तावहरु**

प्रस्ताव नं. १ : अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : दिशाजन्य लेदो व्यवस्थापन केन्द्र संचालन सम्बन्धमा ।

प्रस्ताव नं. ३ : जलउपयोग गुरुयोजना स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं. ४ : महिला स्वास्थ्य स्वयं सेविका परिचालन कोष सम्बन्धि कार्यविधि २०८० स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं. ५ : आगलागी पिडितलाई राहत सहयोग सम्बन्धमा ।

प्रस्ताव नं. ६ : शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ७ : रकम भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. ८ : आयोजना संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. ९ : आयोजनाको रकम सम्बन्धमा ।

प्रस्ताव नं. १० : सल्लाहकार तोक्ने सम्बन्धमा ।

प्रस्ताव नं. ११ : छात्रवृत्ति सम्बन्धमा ।

**निर्णयहरु**

निर्णय नं. १ : प्रस्ताब नं १ माथि छलफल गर्दा मिति २०८०/०१/१२ गतेको बैठकले गरेका निर्णयानुसार भए गरेका कामको प्रगतिको बारेमा आजको बैठकमा समिक्षा गरियो ।

निर्णय नं. २ : प्रस्ताव नं. २ माथी छलफल गर्दा महिला जागृती सामुदायिक वन भित्र पर्ने निर्माण सम्पन्न भई संचालनको तयारीमा रहेको दिशाजन्य लेदो व्यवस्थापन केन्द्र संचालन सम्बन्धमा जिल्ला डिभिजन वन कार्यालय बर्दिया, सामुदायिक वन उपभोक्ता समूह, सरोकारवाला सबै संघ संस्था र आम उपभोक्ताहरुसँग सहकार्य र समन्वय गरि संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : प्रस्ताव नं. ३ माथी छलफल गर्दा मधुवन नगरपालिकाको जलउपयोग गुरुयोजना स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : प्रस्ताब नं. ४ माथी छलफल गर्दा मधुवन नगरपालिकाको महिला स्वास्थ्य स्वयं सेविका परिचालन कोष सम्बन्धि कार्यविधि २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : प्रस्ताव नं. ५ माथी छलफाल गर्दा मधुवन नगरपालिका वडा नं. १ मा भएको भिषण आगलागीमा परेका र वन्यजन्तुको जोखिममा रहेका साविक डाडा गाउँबाट विस्थापित भई कैलासी मध्यवर्ती सामुदायिक वन भित्र बसेका १३ घरपरिवारलाई उचित राहत तथा बसोबासको पुनःस्थापना प्रक्रिया अघि बढाउने निर्णय गरियो । साथै यस्ता प्रकृतिका विपतका घट्नाहरु आईपरेमा सो लाई समेत कार्यविधि बनाई व्यवस्थित गर्ने निर्णयं गरियो ।

निर्णय नं. ६ : प्रस्ताब नं ६ माथि छलफल गर्दा मधुवन नगरपालिका शिक्षा समितिको २०८० बैशाख २५ गते र वैशाख ३१ गतेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**तेज बहादुर भाट**
**नगर प्रमुख**

मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

दिने निर्णय गरियो ।

निर्णय नं. ८ : प्रस्ताव नं ८ माथि छलफल गर्दा आ.व. ०७९/०८० को वडा नं. ६ को वडास्तरिय योजना चतुर्दिन थारुको घर नजिक पक्की नाला निर्माण शिर्षकमा विनियोजित रु १,५०,०००/- बाट अगानु थारुको खेत देखि रेशमलाल थापाको घर सम्मको बाटोमा माटोपटान तथा साइड क्लियर गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ : प्रस्ताव नं ९ माथि छलफल गर्दा आ.व. ०७९/०८० मा विपत व्यवस्थापन शिर्षकबाट संचालन हुने गरि सम्झौता भएको फोहोर व्यवस्थापन तट्बन्धन तथा बाटो ग्राभेल आयोजनाको रकम रु ११,००,०००/- उक्त शिर्षकमा रकम नपुग भएकोले समपूरक कोषबाट उक्त आयोजनाको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १० : प्रस्ताव नं १० माथि छलफल गर्दा मधुवन नगरपालिकाको सल्लाहकारमा मधुवन न.पा. ४ बस्ने विजय वलीलाई तोक्ने निर्णय गरियो ।

निर्णय नं. ११ : प्रस्ताव नं ११ माथि छलफल गर्दा मधुवन नगरपालिका वडा नं. ६ बाट आ.व. ०७९/०८० मा छात्रवृत्ति कार्यक्रमका लागि प्राविधिक धार अन्तर्गत बि.ए.एम.एस. मा अध्ययनरत तपशिलका विद्यार्थीहरुलाई छात्रवृत्ति दिने निर्णय गरियो ।

१. रामलखन चौधरी – मधुवन न.पा. ६ बर्दिया – रु ५०,०००/-

२. मंगल चौधरी - मधुवन न.पा. ६ बर्दिया – रु ५०,०००/-

तेज बहादुर भाट
**नगर प्रमुख**

निर्णय प्रमाणित

०८०।२।९

USAID
FROM THE AMERICAN PEOPLE



तस्विर: तारा ताल, मधुवन नगरपालिका

# जलउपयोग गुरुयोजना

## मधुवन नगरपालिका, बर्दिया

**२०७९**

# विषय सुची

प्राक्कथन
धन्यबाद ज्ञापन
संक्षेप र संक्षिप्त नामहरुको सुची
कार्यकारी सारांश
अध्याय-१: परिचय ........ १
१.१. पृष्ठभूमि: ........ १
१.१.१. जलस्रोत क्षेत्रका राष्ट्रिय नीति तथा कानूनी प्रावधानहरु ........ १
१.१.२. एकीकृत जलस्रोत व्ययवस्थापनका अवधारणा र सिद्धान्तहरु ........ २
१.१.३. दिगो विकास लक्ष्य ........ ३
१.१.४. अन्तरक्षेत्रीय सवालहरु (लैंगिक समानता तथा सामाजिक समावेशीकरण, जलवायु परिवर्तन अनुकुलन तथा विपद जोखिम व्यवस्थापन) ........ ४
१.२. जलउपयोग गुरुयोजनाको उद्देश्य र क्षेत्र ........ ५
१.२.१. जलउपयोग गुरुयोजनाका उद्देश्यहरु ........ ५
१.२.२. जलउपयोग गुरुयोजनाले समेटने क्षेत्रहरु ........ ६
१.३. जलउपयोग गुरुयोजना निर्माणमा अपनाइएका पद्दतीहरु ........ ८
१.३.१. स्थानीय तहका बिद्यमान रणनीतिक योजनाहरुको समिक्षा ........ ८
१.३.२. रणनीतिक योजनाहरुको एकीकरण ........ ९
१.३.३. जलउपयोग गुरुयोजना तयारी प्रक्रिया र चरणहरु ........ १०
अध्याय-२: नगरपालिकाको पार्श्वचित्र ........ १५
२.१. नगरपालिकाको संक्षिप्त परिचय ........ १५
२.२. भौगोलिक अवस्थिति र पहुँच ........ १६
२.३. भौगोलिक स्वरुप तथा भू-उपयोग स्थिति ........ १७
२.४. प्रमुख जलाधार तथा उप-जलाधार क्षेत्रहरुको विवरण ........ १९
२.५. नगरपालिकाको सामाजिक तथा आर्थिक विवरण ........ १९
२.५.१. नगरपालिकाको घरधुरी तथा जनसंख्या विवरण ........ १९
२.५.२. जातीयता ........ २०
२.५.३. साक्षरता विवरण ........ २०

२.५.४. व्यवसाय ........ २१
२.५.५. कृषि र जीविकोपार्जन ........ २२
२.५.६. मौसमी पात्रो ........ २२
२.५.७. नगरपालिकामा उपलब्ध मानव संशाधनको विश्लेषण ........ २३
२.५.८. स्थानीय निर्माण सामग्रीहरुको उपलब्धता ........ २४
२.६. सेवा केन्द्रहरु सम्बन्धि विवरण ........ २४
२.७. विकास साझेदारहरु, गैर सरकारी संस्थाहरु, समुदायमा आधारित संस्थाहरु तथा सहकारी सम्बन्धि विवरण ........ २४
अध्याय-३: बिद्यमान जलस्रोतहरुको अवस्था र प्रयोग ........ २७
३.१. नगरपालिकामा उपलब्ध जलस्रोतहरुको विवरण ........ २७
३.२. नगरपालिकामा उपलब्ध जलस्रोतहरुको विश्लेषण ........ २७
३.२.१. स्रोतहरुको अवस्थितिको आधारमा जलस्रोतहरुको विश्लेषण ........ २७
३.२.२. स्रोतहरुको प्रयोगको आधारमा जलस्रोतहरुको विश्लेषण ........ २८
३.२.३. गुणस्तरको आधारमा जलस्रोतहरुको विश्लेषण ........ २८
३.२.४. स्रोतहरुको बिद्यमान प्रयोग र सम्भावित उपयोगको आधारमा जलस्रोतहरुको विश्लेषण ........ ३३
३.३. बिद्यमान खानेपानी योजनाहरुको अवस्था बिश्लेषण ........ ३३
३.३.१. बिद्यमान योजनाहरु र सेवाक्षेत्र ........ ३४
३.३.२. बिद्यमान योजनाहरुको संचालनको अवस्था ........ ३५
३.३.३. बिद्यमान खानेपानी योजनाहरुको सुबिधास्तरको अवस्था विश्लेषण ........ ३६
३.३.४. निर्माणाधीन योजनाहरु र लक्षित सेवाक्षेत्र विवरण ........ ३६
३.४. विद्यमान सरसफाइ अभ्यासको अवस्था विश्लेषण ........ ३७
३.४.१. बस्तीहरूको खुला दिशा मुक्त क्षेत्र तथा पूर्ण सरसफाइ स्थिति ........ ३७
३.४.२. विद्यालय तथा सार्वजनिक स्थलहरूको सरसफाइ अवस्था ........ ३८
३.४.३. वातावरणीय सरसफाइको अवस्था ........ ४०
३.४.४. दिसा जन्य लेदो, ठोस फोहर तथा फोहर पानी व्यवस्थापनको विद्यमान अवस्था ........ ४०
३.५. बिद्यमान सिंचाइ योजनाहरुको अवस्था बिश्लेषण ........ ४४
३.५.१. बिद्यमान सिंचाइ योजनाहरु र सेवाक्षेत्र ........ ४४
३.५.२. बिद्यमान सिंचाइ योजनाहरुको संचालनको अवस्था ........ ४५

३.५.३. निर्माणाधीन सिंचाइ योजनाहरु र लक्षित सेवाक्षेत्र ..... ४५
३.६. बिद्यमान जलवायु परिबर्तन अनुकुलन/विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण योजनाहरुको अवस्था विश्लेषण ..... ४५
३.६.१. बिद्यमान योजनाहरु र सेवाक्षेत्र ..... ४६
३.६.२. बिद्यमान योजनाहरुको संचालनको अवस्था ..... ४७
३.६.३. निर्माणाधीन योजनाहरु र लक्षित सेवाक्षेत्र ..... ४७
३.७. बिद्यमान जल उर्जा योजनाहरुको अवस्था बिश्लेषण ..... ४७
३.७.१. बिद्यमान योजनाहरु र सेवाक्षेत्र ..... ४७
३.८. जलस्रोतहरुको दिगो उपयोगका लागी संस्थागत संयन्त्र ..... ४७
३.९. जलस्रोतमा बिबाद ..... ४८
अध्याय-४ : गुरुयोजना कार्यान्वयन रणनीति र परिकल्पना ..... ४९
४.१. नगरपालिकाको रणनीतिक प्राथमिकता ..... ४९
४.२. जलाधार क्षेत्र व्यवस्थापनका लागि एकीकृत जलस्रोत व्यवस्थापन ..... ५०
४.३. एक जल नीति तथा अवाधारणा ..... ५१
४.४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अवधारणा र एकीकृत जलस्रोत व्यवस्थापन ..... ५२
४.५. पानीको उत्पादनशिल प्रयोग ..... ५४
४.६. जलस्रोतको उपयोगका लागि विकल्प तथा प्रविधिहरु ..... ५४
४.७. मापदण्डमा आधारित प्राथमिकीकरण औजारहरु (CBRT) ..... ५५
४.८. स्रोत संरक्षण ..... ५८
अध्याय-५ : जलउपयोग गुरुयोजना ..... ६०
५.१. अन्तर विश्लेषण ..... ६०
५.२.१. खानेपानी योजनाहरु ..... ६३
५.२.२. सरसफाइ योजनाहरु ..... ६४
५.२.३. ढल निकास योजनाहरु ..... ६४
५.२.४. सिंचाइ योजनाहरु ..... ६५
५.२.५. स्रोत संरक्षण तथा बातावरण संरक्षण योजनाहरु ..... ६६
अध्याय-६ : गुरुयोजना कार्यान्वयन, बजारीकरण र अद्यावधिक ..... ६९
६.१. गुरुयोजनामा लगानीका लागि अल्प/मध्यम/दीर्घकालिन योजना ..... ६९
६.२. पहिलो आ.व. मा कार्यान्वयन हुने योजनाहरु ..... ७०

**६.३. बजारीकरण रणनीति तथा सरोकारवालाहरुको पहिचान** ................ ७३
**६.४. जलाधार/उप-जलाधार क्षेत्र व्यवस्थापन रणनीति** ................ ७४
**६.५. गुरुयोजना पुनरावलोकन तथा अद्यावधिक गर्ने संयन्त्र** ................ ७४
**६.६. गुरुयोजना कार्यान्वयन रणनीति** ................ ७५
अनुसूचीहरु ................ ७६

## संलग्न तालिकाहरूको सुची:

तालिका- १: मधुबन नगरपालिकाले निर्माण गरेका विद्यमान रणनीतिक योजनाहरु ................ ९
तालिका- २: प्रशिक्षक प्रशिक्षणमा सहभागिता विवरण ................ ११
तालिका- ३: क्षमता बिकास समब्धि तालिमका सहभागीहरुको लैंगिक र जातीगत विवरण ................ १२
तालिका- ४: योजना तर्जुमा गोष्ठीका सभागीहरुको विवरण ................ १४
तालिका- ५: वडागत रुपमा बस्ती, घरधुरी र जनसंख्याको विवरण ................ १९
तालिका- ६: वडागत रुपमा जातीगत घरधुरी विवरण ................ २०
तालिका- ७: वडागत रुपमा साक्षरता विवरण ................ २१
तालिका- ८: वडा अनुसार विभिन्न पेशा/व्यवसायमा संलग्न जनसंख्याको विवरण ................ २१
तालिका- ९: पालिकामा रहेका सेवाकेन्द्रहरुको विवरण ................ २४
तालिका- १०: मुख्य विकास साँझेदार तथा गैर सरकारी संस्थाहरुको विवरण ................ २५
तालिका- ११: सहकारीहरुको विवरण तालिका ................ २५
तालिका- १२: पानीका स्रोतहरुको सारांश विवरण ................ २८
तालिका- १३:नमुना ट्युबवेल परिक्षणको वडागत विवरण ................ ३२
तालिका- १४: बिद्यमान खानेपानीहरुको अवस्था विवरण ................ ३४
तालिका- १५: वडागत रुपमा खानेपानीको सुबिधास्तर विवरण ................ ३६
तालिका- १६: वडागत रुपमा निर्माणाधीन योजना संख्या, घरधुरी र जनसंख्या विवरण ................ ३७
तालिका- १७: घरायसी सरसफाइको वडा गत अवस्था विवरण ................ ३८
तालिका- १८: घरायसी सरसफाइको वडागत अवस्था विवरण ................ ३९
तालिका- १९: स्वास्थ्य संस्थाहरूमा खानेपानी तथा सरसफाइको अवस्था ................ ४०
तालिका- २०: गतिबिधि तथा सुझावहरु ................ ४२
तालिका- २१: वडागत रुपमा सिंचाइ योजना र सिंचित क्षेत्रफल (हेक्टरमा) ................ ४४
तालिका- २२: बिद्यमान जलवायु परिबर्तन/जोखिम ब्यबस्थापनका योजनाहरुको विवरण ................ ४६
तालिका- २३: समुदाय तथा योजना छनौट मापदण्ड (नयाँ निर्माण) ................ ५५
तालिका- २४: समुदाय तथा योजना छनौट मापदण्ड (मर्मत तथा पुनरनिर्माण) ................ ५७
तालिका- २५: हाल देखिएका अन्तरहरू र परिपूर्तिका उपायहरु ................ ६१
तालिका- २६: प्रस्तावित खानेपानी योजनाहरुको विवरण ................ ६३

तालिका- २७: वडागत रुपमा प्रस्तावित सरसफाइका योजनाहरु ........ ६४
तालिका- २८: वडागत रुपमा तर्जुमा गरिएका ढल निकास योजनाहरुको विवरण ........ ६५
तालिका- २९: वडागत रुपमा सिंचाइ योजनाहरुको (परम्परागत र लघु) विवरण........ ६६
तालिका- ३०: वातावरण तथा पर्यावरण सम्बन्धि तर्जुमा गरिएका योजनाहरु ........ ६७
तालिका- ३१: पहिलो बर्ष कार्यान्वयन गरिने मुख्य योजनाहरु ........ ७१

## संलग्न चित्रहरुको सुची:

चित्र- १ : जलउपयोग गुरुयोजना तथा जलश्रोत ब्यबस्थापन कुर्सी
चित्र- २ : जलउपयोग गुरुयोजना निर्माणका चरणहरु
चित्र- ३ : नगरपालिकाको भौगोलिक पहुँचको स्थिति नक्शा
चित्र ४: नगरपालिकाको भू-उपयोगको स्थिति
चित्र ५: नगरपालिका स्तरका सरोकारवालाहरुको पहिचान

## संलग्न ग्राफहरुको सुची:

ग्राफ- १: खाधान्न पहुँचको अवस्था
ग्राफ- २: समुदायको मौसमी काममा व्यस्त हुने समय
ग्राफ- ३: मानव संसाधन अवस्था
ग्राफ- ४: सहकारीमा आबद्ध शेयर सदस्यहरुको जातिगत विवरण
ग्राफ- ५: नमुना परिक्षण ट्युबवेलमा धमिलोपनाको अवस्था
ग्राफ- ६: नमुना परिक्षण गरिएका ट्युबवेलहरुमा आर्सेनिकको अवस्था विवरण
ग्राफ- ७: नमुना परिक्षण गरिएका ट्युबवेलहरुमा आइरनको अवस्था
ग्राफ- ८: नमुना परिक्षण गरिएका ट्युबवेलहरुमा ई-कोली को अवस्था विवरण
ग्राफ-९: प्राथमिकीकरण गरिएका क्षेत्रगत योजनाहरु

# प्राक्कथन

नेपालको संविधान २०७२ को भाग-३, मौलिक हकको धारा ३५ को स्वास्थ्य सम्बन्धि हक प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हकको सुनिश्चितता गरिएको छ साथै धारा ५१ को राज्यका नीतिहरुमा जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिदै जलस्रोतको बहु-उपयोगी विकास गर्ने भन्ने व्यवस्था भए बमोजिम र स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम स्थानीय सरकारले जलस्रोत विकास र वातावरण पर्यावरणको दिगो विकास गर्न एकीकृत जलस्रोतको अवधारणा अनुसार क्षेत्रगत योजना तयार गरि लागु गर्न सक्ने व्यवस्था छ।

मधुवन नगरपालिकाले पनि आफ्नो क्षेत्र भित्र रहेको जलस्रोतको एकीकृत विकास गर्दै जल,जंगल र जमिनको एकीकृत विकासका लागि युएसएआइडी कर्णाली जल परियोजना, अमेरिकी अन्तराष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताको सहयोगमा मधुवन नगरपालिकाको जलउपयोग गुरुयोजना निर्माण गरेको छ। जलउपयोग गुरुयोजना निर्माणका विभिन्न चरणहरु (तयारी चरण, क्षमता विकास चरण, सामाजिक तथा प्राविधिक अध्ययन चरण र योजना तर्जुमा चरण) अपनाई स्थानीय समुदायकै सहभागीतामा यो जलउपयोग गुरुयोजना तयार गरिएको हो।

जलउपयोग गुरुयोजनाको मुख्य अवधारणा भनेको जलस्रोतको एकिकृत तर्जुमा तथा व्यवस्थापनका लागि सहभागितात्मक एवं समाबेशी बिधि अपनाउदै जलस्रोत क्षेत्रको विकासमा सुशासन कायम गर्नु, स्थानीय समुदायको सहभागिता बढाउनु र पारदर्शिता बढाउन सहयोग पुरयाउनु रहेकोछ। यसले कुनै एउटा निश्चित भौगोलीक क्षेत्रमा केन्द्रित रही त्यस क्षेत्रमा रहेका जलस्रोतको समग्र उपलब्धता तथा त्यसको सम्भाब्य उपयोगको आंकलन गर्दछ ।

जलउपयोग गुरुयोजनाले खास कुनै आयोजना वा जलस्रोतका क्षेत्र मात्रमा सिमित नरही निश्चित स्थानीय तहको सिमाना भित्रका जलाधार/उप-जलाधार क्षेत्रकाउपलब्ध समग्र जलस्रोत, सरसफाइ तथा स्वच्छता, वातावरण र पर्यावरण, पानीसंग सम्वन्धित उर्जा, पानीको माग र यसको समुचित प्रयोग सहितको तथ्याङ्क संकलन, स्थानीयकै सहभागीतामा बिश्लेषण तथा भबिष्यको लागी सहभागीतात्मक योजना तर्जुमा र नीति तर्जुमामा समेत सहयोग गर्ने भएकालेले जलउपयोग गुरुयोजनालाई स्थानीय सरकार र सरोकारवालाहरुले आवश्यकता औजारका रुपमा अपनत्व गरेको पाईन्छ।

मधुवन नगरपालिका भौगोलिक रुपमा तराईको समथर भू-भाग मात्र भएको पालिका भएको कारणले यहाँ उत्तरबाट बग्दै आउने खोलानदीहरुको पानी बाहेक अन्य सबै भूमिगत जलस्रोत मात्रै रहेको छ। त्यसकारण यहाँका शतप्रतिशत घरधुरीहरु खानेपानीका लागि भूमिगत जलस्रोत मै निर्भर रहेको देखिन्छ तर भूमिगत पानीमा मानव स्वास्थ्यका हिसाबले हानिकारक रासायनिक र जैविक पदार्थहरु रहेको हुँदा पानीको गुणस्तर तथा खानेपानी सुरक्षाका सवालहरुलाई पनि यस जलउपयोग गुरुयोजनाले समेटेको छ। यसका साथै जलवायु परिवर्तन/प्रकोप जोखिम व्यवस्थापन तथा वाातावरण पर्यावरणका सवालहरुलाई जलउपयोग गुरुयोजनाले समेटेको छ।

यो जलउपयोग गुरुयोजना मधुवन नगरपालिका कै नेतृत्व तथा समुदायको सहभागितामा तयार गरिएको हुँदा यसको सफल कार्यान्वयनको लागि पनि मधुवन नगरपालिका र समुदायको ठुलो भूमिका रहन्छ । त्यसैले जलउपयोग गुरुयोजनाले समेटेका क्षेत्रगत क्रियाकलापहरुको प्राथमिकता अनुसार कार्यान्वियन गरि नेपाल सरकारको खानेपानी सरसफाइ स्वच्छता क्षेत्र विकास योजना र दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने र जलस्रोतको न्यायोचित वितरण तथा विवेकपूर्ण उपयोग मार्फत सुशासन प्रत्याभूत गराउनुका साथै पानीको बहु-उपयोग गरि समुदायको जीविकोपार्जनमा सुधार ल्याउन महत्वपुर्ण रहने अपेक्षा गरिएको छ।

# मधुवन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय



मधुवन, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

## धन्यबाद ज्ञापन

स्थानीय तहलाई नेपालको संविधान एवं स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएका अधिकार तथा अन्य प्रचलित कानुनहरुको परिधि भित्र रहि स्थानीय स्रोत साधन एवं सम्पदाहरूको उचित व्यवस्थापन गर्ने कार्य अन्तर्गत आफ्ना क्षेत्रगत योजना निर्माण तथा कार्यान्वयन गर्ने अधिकार भए अनुरुप यस मधुवन नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता (N-WASH) र जलउपयोग गुरुयोजनाका विभिन्न खुट्किलाहरु सहभागितात्मक र समावेशी योजना प्रक्रियाका माध्यमबाट सम्पन्न गर्दै नगरपालिकाको गुरुयोजनाको दस्तावेज तयार पार्न सफल भएका छौं। नगरपालिका क्षेत्र भित्र प्रत्येक वडामा सघन सामाजिक र प्राविधिक विश्लेषणको आधारमा तयार पारिएको यस गुरूयोजनाले खानेपानी तथा सरसफाइ, सिंचाइ, वातावरण तथा पर्यावरण संरक्षण सम्बन्धित योजनाहरुलाई समाविष्ट गरेको छ। विद्यमान स्थितिसँग अवगत हुनु र भविष्यका लागि योजना तयार पार्नुले मात्र नागरिकका अपेक्षा सम्बोधन गर्न सक्दैन। योजनाको सफल कार्यान्वयन पक्षलाई समेत लाभ प्राप्तिका लागि उत्तिकै ध्यान दिनु जरुरी हुन्छ। यस सन्दर्भमा यस नगरपालिकाको जलउपयोग गुरूयोजना निर्माणमा संलग्न नगरपालिकाका सम्पूर्ण जननिर्वाचित प्रतिनिधिहरु, सम्पूर्ण राजनैतिक दल समाजसेवी, बुद्धिजिबि, महिला, विभिन्न समूह/संस्था तथा नगरपालिकाका कर्मचारीहरु, फिल्ड स्तमा खटिने प्राबिधिक तथा सामाजिक कर्मचारिहरु लगायत नगरपालिकामा क्रियाशिल बिभिन्न संघ-संस्था तथा आम जनसमुदायहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

मधुवन नगरपालिकाको NWASH अद्यावधिक गर्नुका साथै जलउपयोग गुरुयोजना जस्तो महत्वपुर्ण दस्तावेज तयारीका लागि प्राविधिक तथा आर्थिक सहयोग पुऱ्याउने युएसएआइडी, कर्णाली जल परियोजना, अमेरिकी अन्तराष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनता प्रति विशेष आभार प्रकट गर्न चाहन्छु ।

यस नगरपालिकाले भविष्यमा आफ्नै स्रोतबाट सञ्चालन गर्ने जलस्रोत विकास, सिचाई तथा ढल निकास लगायत वातावरण तथा पर्यावरण सम्बन्धी योजनाहरू कार्यान्वयन गर्दा वा अन्य बाह्य निकायको सहयोगमा कार्यान्वयन गर्दा यस गुरुयोजनामा तय गरिएको प्राथमिकताक्रमको अनिवार्य रुपमा अनुकरण एवं पालना गर्ने तथा गराउने प्रतिबद्धता समेत व्यक्त गर्दछु । नगरपालिका आफैले निर्माण गरेको जलउपयोग गुरूयोजनाको कार्यान्वयनमा समेत सरोकारवाला सम्पूर्ण महानुभावहरुको साथ सहयोग पाउनेमा आशातीत हुँदै जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयनका लागि सम्पूर्णमा हार्दिक अपिल गर्दछु।

(तेज बहादुर भाट)
नगर प्रमुख

**तेज बहादुर भाट**
**नगर प्रमुख**

## संक्षेप र संक्षिप्त नामहरुको सुची

| | |
|---|---|
| कि.मि. | किलोमिटर |
| खा.पा.उ.स.स./उ.स. | खानेपानी उपभोक्ता तथा सरसफाइ समिति/उपभोक्ता समिति |
| खा.स.स्व.यो. | खानेपानी सरसफाइ तथा स्वच्छता योजना |
| दी.बि.ल. | दिगो विकास लक्ष्य |
| लैससास | लैंगिक समानता तथा सामाजिक समाबेशीकरण |
| N-WASH | National Water Sanitation and Hygiene |
| सा.ब.उ.स. | सामुदायिक बन उपभोक्ता समूह |
| CBRT | Criteria Based Ranking Tools (मापदण्डमा आधारित योजना छनौटका आधारहरू) |
| लि.प्र.से. | लिटर प्रति सेकेन्ड |
| मि.ग्रा./लि. | मिलि ग्राम प्रति लिटर |

# कार्यकारी सारांश

कुनै निश्चित स्थान भित्र रहेका पानीका स्रोतहरुको संरक्षण, व्यवस्थापन र न्यायोचित तथा समतामूलक वितरण गर्नका लागि समुदायकै सहभागितामा तयार गरिने जलस्रोत क्षेत्रको आवधिक योजना जलउपयोग गुरुयोजना हो। जलउपयोग गुरुयोजनामा उपलब्ध जलस्रोतहरुको बिश्लेषण, लागत अनुमान, सहयोगी सरोकारवाला पहिचान गर्नुका साथै लगानी नीति, लक्ष्य, परिकल्पना समेत समेटिन्छ। गुरुयोजना समुदायको क्षमता विकास गर्न, स्रोतहरुको विवेकपूर्ण उपयोग गर्न, वातावरण तथा पर्यावरण संरक्षण गर्न, पानीको बहुउपयोग गर्न, जलस्रोत सम्बन्धी विबाद न्युनिकरण र समाधान गर्नका साथै सुशासन कायम गरि संस्थागत क्षमता अभिबृद्धी गर्न समेतका लागि क्षेत्रगत योजना तर्जुमाको दीर्घकालिन औजारका रुपमा लिन सकिन्छ ।

जलउपयोग गुरुयोजना निर्माणको प्रमुख उद्धेश्य भनेको, "स्थानीय स्तरमा जलस्रोतको प्रभावकारी, समानुपातिक, पारदर्शी र दक्ष रुपले पानीको बहुउपयोग गर्न एकीकृत योजनाको विकास गर्नु तथा आफ्नो नगरपालिका क्षेत्रका निश्चित समुदाय भित्र तथा समुदाय-समुदायका बीचमा जलस्रोतको समानुपातिक वितरण तथा बाँडफाँड मार्फत दिगो रुपमा पानीसंग सम्वन्धित आवश्यकताहरु पुरा गर्न रहेको छ। गुरुयोजनाले जलवायु परिवर्तन अनुकूलन तथा संम्भावित प्राकृतिक जोखिम व्यवस्थापनका लागी समुदाय र सरोकारवालाहरुको क्षमता विकास गर्नुका साथै जलस्रोतका क्षेत्रमा नयाँ अवधारणाहरु जस्तै  एकजल अवधारणा, पानीको उत्पादनशिल उपयोगका लागी स्थानीय जनसमुदायहरुलाई शसक्तिकरण गर्दै समुदाय परिचालन र सचेतिकरणमा टेवा पुऱ्याउदछ।

जलउपयोग गुरुयोजनाको तयारि प्रकृया मार्फत महिला, पछाडी पारिएका समुदाय, अति बिपन्न,  सीमान्तकृत समुदाय र पानीको उपभोगमा बन्चितिकरणमा परेका भूगोल र समुदायहरुलाई मापदण्डमा आधारित योजना प्राथमिकिकरणका सूचकहरुका माध्यमबाट मुलप्रभाविकरण गर्दै खानेपानी लगायतका संबिधानले सुनिश्चित गरेका जलस्रोतको उपयोगका क्षेत्रका मौलिक हकलाई समेत पुरा गर्न योगदान पुऱ्याउदछ।

यस नगरपालिकाको जलउपयोग गुरुयोजना निर्माणका लागि विभिन्न चरणहरु तयारी चरण, क्षमता विकास चरण, अध्ययन चरण, योजना तर्जुमा चरण र प्रतिबेदन लेखन तथा प्रतिबेदन प्रमाणीकरण चरणहरुमा क्षेत्रगत बिज्ञहरुको परिचालन गरि तथ्याङ्क संकलन, बिश्लेषण र प्रमाणीकरण गरिएको छ। तथ्याङ्क सङ्कलनका लागि NWASHसफ्टवेयर र DAI Collect KoBo मोबाइल एप्लिकेशनको प्रयोग गरि गरिएको छ । संकलित तथ्याङ्कहरुलाई एकत्रित गरि तथ्याङ्कमा रहेका त्रुटीहरु कर्णाली जल परियोजनाको सहयोगमा समन्वय गरि सच्याउने, सान्दर्भिक नरहेका तथ्याङ्कहरुलाई हटाउने कार्य गरिएको थियो । संकलित तथ्याङ्कहरुलाई वडास्तरमा प्रमाणिकरण गोष्ठी संचालन गरि छुटेका तथ्याङ्कहरु लिने र शुद्धीकरण गरिएको थियो । ९ वटै वडाहरुमा वडास्तरीय योजना तर्जुमा गोष्ठी संचालन मार्फत योजनाहरुको प्राथमिकीकरण पश्चात नगरपालिकास्तरमा तथ्याङ्क प्रमाणीकरण र योजना तर्जुमा गोष्ठी संचालन गरिएको थियो ।

जलउपयोग गुरुयोजना निर्माणका लागि संकलन गरिएका तथ्याङ्कहरुलाई विभिन्न बिधिहरु अपनाई विश्लेषण गरिएको छ। विश्लेषण गरिएका तथ्याङ्कहरुलाई नगरपालिकामा उपलब्ध अन्य तथ्याङ्कहरुसंग तुलना सहित सरोकारवालाहरु माझ गरिएका छलफल अन्तर्क्रिया पश्चात आवश्यक तालिका, ग्राफ, र अनुसूची राखि त्यसको ब्याख्यात्मक स्वरुपमा यो प्रतिबेदन तयार गरिएको छ।मधुवन नगरपालिकामा जलउपयोग गुरुयोजना निर्माणको क्रममा विभिन्न चरणहरुमा (१३ वटा खुड्किलाहरु) सम्पन्न गरिएका प्रक्रियागत क्रियाकलापहरु निम्न अनुसार रहेका छन्।

- तयारी चरण अन्तर्गत कर्णाली जल परियोजना र सांझेदारहरु बिचको सम्झौता तथा अन्य तथ्याङ्क संकलनका औजार तथा विधिहरुको छनौट गरिएको थियो।
- क्षमता विकास चरणमा ७ जना तथ्याङ्क संकलकहरुलाई N-WASH/DAI Collect KoBo सफ्टवेयर र तथ्याङ्क संकलन बिधि सम्बन्धि तालिम संचालन गरिएको थियो।
- ६४ वटा समुदायस्तरका भेला/अनुशिक्षण सहभागीतात्मक तरिकाले सामाजिक तथा प्राबिधिक तथ्याङ्कहरु संकलन गरिएको छ।ति तथ्याङ्कहरु संकलन गर्दा महिला तथा पछाडि पारिएका वर्गका मुद्दाहरू/सवालहरुको अध्ययन र विश्लेषण गरिएको थियो।
- ९ वटै वडाहरुमा वडास्तरीया समन्वय बैठक/अनुशिक्षण र २/२ दिने क्षमता विकास तालिमहरु सम्पन्न गरिएको छ, र अनुशिक्षणमा लैगींक समानता र सामाजिक समावेशीकरणको बिषयवस्तुहरु समावेश गरिएको थियो।
- ९ वटै वडाहरुबाट छनौट गरिएका महिला तथा पछाडी पारिएको वर्गका व्यक्तिहरुका लागि जल अधिकार, योजना तर्जुमा, जल सुशासन आदि सम्बन्धि तालिम संचालन गरिएको थियो।
- नगरपालिका स्तरमा १ पटक समन्वय बैठक र १ पटक योजना तर्जुमा गोष्ठी संचालन गरिएको थियो।

**विश्लेषण बाट प्राप्त मुख्य तथ्याङ्कहरु :**

- राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार यस मधुवन नगरपालिकाको कूल घरधुरी संख्या १२,४७४ (https://cbs.gov.np) रहेको देखिन्छ भने हाल संकलन गरिएको तथ्याङ्क अनुसार कूल घरधुरी संख्या १३,१७८ रहेको र कूल जनसंख्या ५६,००७ रहेको छ। कूल घरधुरी मध्ये ४७%(६५१०)घरधुरी जनजाती,३५%(४८७१) घरधुरी ब्राम्हण/ठकुरी/क्षेत्री/सन्यासी, १७% (२३०४) घरधुरी दलित रहेका छन् भने १% (१५७) नेवार, ०.३% (३५) मुस्लिम र ०.७ % (८०) अन्य घरधुरी रहेका छन्।
- यस नगरपालिकामा ठुला जलाधारको रुपमा कर्णाली र बबई नदि रहेका छन् भने उप-जलाधारको रुपमा अन्य खोलाहरु जस्तै; औराही खोला, गड्डी खोला, ढोडरी खोला आदि रहेका छन्।ताल तलैयाहरुमा ताराताल, लालताल, भगरैया ताल, अयोध्या ताल आदि रहेका छन् भने खानेपानीका लागि मुख्य स्रोतको रुपमा भूमिगत पानीका स्रोतहरु मात्रै प्रयोग भएको देखिन्छ।
- नगरपालिकामा हाल बिद्यमान खानेपानी योजना संख्या ७ वटा, निर्माणाधीन खानेपानीका योजना ९ वटा योजना रहेका छन्। जलउपयोग गुरुयोजनामा प्रस्तावित नयाँ खानेपानी योजना संख्या ४ वटा र पानीको गुणस्तर सुधारका ७ वटा योजनाहरु रहेका छन् । बिद्यमान खानेपानी योजनाबाट हाल ४,२१५ (३२%) घरधुरीहरु सेवा प्राप्त गरि राखेका छन् भने निर्माणाधीन योजनाहरुबाट ५,२३१ (४०%) घरधुरीहरुले खानेपानी सेवा प्राप्त गर्ने लक्ष्य लिईएको छ।
- जलउपयोग गुरुयोजना निर्माणका क्रममा मधुवन नगरपालिकामा खानेपानीको नमुना गुणस्तर मापन गर्दा पानीको शुद्धीकरणका बिधीहरु अपनाउनु पर्ने देखिन्छ। नगरपालिकाका बिद्यमान ७ वटा खानेपानी आयोजनाहरु मध्ये २ वटा खानेपानी योजनाहरुमा मात्र पानी शुद्धीकरण गर्ने प्लान्ट जडान गरिएको छ । नगरपालिकाले सरोकारवाला साझेदारहरुको समन्वयमा बाँकि ५ वटा योजनाहरुमा समेत पानी शुद्धीकरण को उपयुक्त प्रबिधिको विकासका लागी आवश्यक पहल गर्नुपर्ने देखिन्छ।
- नगरपालिकामा जलउपयोग गुरुयोजनाको सर्बेक्षणका क्रममा कूल घरधुरीहरु मध्ये ७% गरिब तथा बिपन्न वर्गहरू र बाढी पिडित घरधुरीहरुमा शौचालय रहेका छैनन् त्यस्तै नगरपालिकामा दिसाजन्य लेदो व्यवस्थापन, ठोसफोहर व्यवस्थापनको उचित व्यवस्था भएको पाईँदैन्।
- त्यसैगरि मधुवन नगरपालिकामा बिद्यमान सिंचाइ योजनाहरु १२ वटा रहेका छन् । १ वटा बृहत सिंचाइ आयोजना रहेको छ भने ११ वटा डीप बोरिङ ट्युबवेलहरुबाट नगरपालिकाको कूल खेतीयोग्य भू-भाग ७००५ हेक्टर मध्ये करिब ३१६५.५१ हेक्टर (४५%) जमिन सिंचित भईरहेको छ।

- नगरपालिकास्तरीय योजना तर्जुमा गोष्ठीमा गरिएको बृहत छलफल, क्षेत्रगत अन्तर विश्लेषण र निर्णय अनुसार जलउपयोग गुरुयोजनामा ४ वटा नँया खानेपानी योजनाहरु, ४ वटा सिंचाइ योजनाहरु, ढल निकासका लागि ६ वटा योजनाहरु, वातावरण तथा पर्यावरण संरक्षण तर्फ ५८ वटा योजनाहरु, ठोस फोहर/दिसाजन्य लेदो व्यवस्थापनका ४ वटा योजनाहरु र सार्वजनिक शौचालयका २८ वटा विभिन्न योजनाहरु प्रस्ताव गरिएका छन्।

माथिका मुख्य क्षेत्रगत योजनाहरुका साथसाथै ठोस फोहर व्यवस्थापनका लागि ल्याण्ड फिल साईट व्यवस्थापन, दिसाजन्य लेदो व्यवस्थापनका क्रियाकलापहरु संचालन गर्नु पर्ने एकदमै आवश्यक देखिन्छ। समग्रमा मधुवन नगरपालिकाले यस जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयनका लागि नगरपालिकामा कार्यरत विभिन्न सरकारी तथा गैर सरकारी निकाय/संघ संस्थाहरु संग समन्वय, सहकार्य र साझेदारी गर्न सकेको खण्डमा प्रस्ताव गरिएका योजनाहरु ५ बर्ष भित्रै कार्यान्वयन गर्न सकिने र नगरपालिकाको क्षेत्रगत परिकल्पना/लक्ष्य, उद्धेश्यहरु पुराहुने देखिन्छ।

# अध्याय-१: परिचय

## १.१. पृष्ठभूमि:

कुनै निश्चित स्थानमा उपलब्ध पानीका स्रोतहरुको विकास र न्यायोचित तथा समतामूलक वितरण गर्नका लागि समुदायकै सहभागितामा तयार गरिने जलस्रोत क्षेत्रको आवधिक योजना जलउपयोग गुरुयोजना हो।जलउपयोग गुरुयोजनामा उपलब्ध जलस्रोतहरुको बिश्लेषण, लागत अनुमान, सहयोगी सरोकारवाला पहिचान गर्नुका साथै लगानी नीति, लक्ष्य, परिकल्पना समेत समेटिन्छ। गुरुयोजना समुदायको क्षमता विकास गर्न, स्रोतहरुको विवेकपूर्ण उपयोग गर्न, वातावरण संरक्षण गर्न, पानीको बहुउपयोग गर्न, जलस्रोत सम्बन्धी विबाद समाधान गर्नका साथै सुशासन कायम गरि संस्थागत क्षमता अभिबृद्धी गर्न समेतका लागि क्षेत्रगत योजना तर्जुमाको दीर्घकालिन औजारका रुपमा लिन सकिन्छ।

उच्च संख्यामा गरिब र सीमान्तकृत समूहको बसोबास भएका क्षेत्रहरूलाई प्राथमिकता दिदै पानीका स्रोतहरुको संरक्षण, व्यवस्थापनमा ती समूहको सहभागिता सुनिश्चित गर्ने, स्वच्छ खानेपानी तथा सरसफाइमा सबै समुदायको पहुँच, वितरण र योगदान सुनिश्चित गर्न गुरुयोजना प्रभावकारी औजारको रुपमा रहेको जलउपयोग गुरुयोजना कार्यान्वयका अभ्यासकर्ताहरुको अनुभव रहेको छ।

१९९२ मा रियो दि जेनरियोमा सम्पन्न संयुक्त राष्ट्रसंघ वातावरण र विकास सम्मेलनको एजेण्डा २१ मा एकीकृत जलस्रोत व्यवस्थापन सम्बन्धी अवधारणालाई अनुमोदन गरेको र उक्त सम्मेलनले एकीकृत जलस्रोतको सिद्धान्त भनि निम्न बुँदाहरु तयार गरेको छ।

- शुद्ध पानी सिमित र जोखिमपूर्ण अवस्थामा रहेको छ जुन बाँच्न, विकास गर्न तथा वातावरणीय दृष्टीकोणले अत्यावश्यक छ।
- पानीको विकास र व्यवस्थापन सहभागितात्मक विधिको आधारमा हुनु पर्छ जसले उपभोक्ता, योजनाविद्, नीति निर्मातालाई समाहित गर्दछ।
- पानीको सुरक्षात्मक व्यवस्थापनमा महिलाहरुको भुमिका महत्वपुर्ण हुन्छ।
- पानी सामुदायिक वस्तु हुनुका साथै यसको सामाजिक र आर्थिक रुपले उच्च महत्व रहेको छ।

### १.१.१. जलस्रोत क्षेत्रका राष्ट्रिय नीति तथा कानूनी प्रावधानहरु

- नेपालको संविधानको विभिन्न भाग तथा धाराहरुमा जलस्रोत क्षेत्र सम्बन्धी प्रावधानहरु रहेका छन्। जलउपयोग गुरु योजना र जलस्रोत विकास सम्बन्धित केहि प्रावधान निम्मानुसार रहेका छन।
- मौलिक हकः धारा ३५ .४: स्वास्थ्य सम्बन्धी हक "प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ"।
- मौलिक हकः धारा ५१ (छ) को २ : "राज्यका नीतिहरु, जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने"।
- जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाइको विकास गर्ने।

- जनसाधारणमा वातावरणीय स्वच्छता सम्बवन्धी चेतना बढाई औधोगिक एंव भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्युनिकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोग गर्ने।
- वातावरणीय सन्तुलनका लागि आवश्यक भु-भागमा वन क्षेत्र कायम गर्ने।
- प्रकृती, वातावरण वा जैविक विविधता माथी नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मुल वा न्यून गर्ने उपयुक्त उपायहरू अवलम्बन गर्ने।
- स्थानीय तहको एकल अधिकारको सूची अनुसूची ८
- साझा अधिकार सुची ७ र ९
- यसका साथै खानेपानी तथा सरसफाइ सम्बन्धि ऐन २०७९ मा धारा ३३ को उपधारा ४ र धारा ३५ अनुसार लैंगिक समानता तथा सामाजिक समाबेशीकरणका सवालहरुलाई आत्मसात गर्दै सरसफाइका लागि गरिब/अति विपन्न तथा पछाडी पारिएका समुदाय र घरधुरिहरुलाई अनुदान तथा खानेपानी महशुलमा छुट दिने व्यवस्था गरिएको छ।
- त्यसै गरि पन्ध्रौँ योजनामा ४.१ सोच: स्वच्छ, सुरक्षित, सर्वसुलभ र दिगो खानेपानी तथा सरसफाइ सेवा, ४.२ लक्ष्य: सबैलाई आधारभुत स्तरको खानेपानी तथा सरसफाइ सेवाको पहुँच सुनिश्चित गर्दै गुणस्तरिय सेवा अभिबृद्धी गर्ने। ४.३ उद्देश्य: खानेपानी र सरसफाइ सेवाको प्रयाप्त, सुरक्षित र सर्बसुलभ रुपमा उपलब्धताबाट जनस्वास्थ्यमा सुधार गर्नु, सबै नागरिकलाई आधारभुत स्तरको सरसफाइ सेवामा पहुँच तथा मानव मल-मुत्र र फोहोर पानीको उचित व्यवस्थापन गरि वातावरणीय स्वच्छता कायम गर्नु, जलवायु परिवर्तन अनुकूल तथा विपद व्यवस्थापनमैत्री खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्नु, खानेपानी तथा सरसफाइको दिगो सेवा प्रभावमा संघीय, प्रादेशिक र स्थानीय तहको भूमिका सबलीकरण गर्दै क्षमता अभिवृद्धि गर्नु रहेको छ।

माथी उल्लेखित संबैधानिक व्यवस्थाहरुले समेत स्थानीय तहहरुको पानी क्षेत्रको विकासका लागि निर्दिष्ट योजना बनाउनु पर्ने सैद्धान्तिक आधार निर्माण भएको देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन- २०७४ मा समेत खानेपानी, सिंचाइ, वातावरणीय सवाल तथा उर्जा विकास जस्ता जलस्रोत क्षेत्रका सवालहरु सम्बोधन गर्न यथेष्ट व्यवस्था रहेको पाइन्छ। पानी क्षेत्रका निर्दिष्ट योजनाहरुको नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन जस्ता अधिकार स्पष्ट रुपमा स्थानीय सरकार सञ्चालन ऐनमा रहेका छन। यसरी स्थानीय सरकारहरुले जलस्रोतको समष्टिगत विकासका लागि नीति निर्माण गरि आवधिक योजनाहरु मार्फत नागरिकका संबिधान प्रदत्त अधिकार सुनिश्चितता लागी समेत जलउपयोग गुरुयोजना एक सहयोगी औजारका रुपमा रहने देखिन्छ।

### १.१.२. एकीकृत जलस्रोत व्ययवस्थापनका अवधारणा र सिद्धान्तहरु

एउटा जलाधार भित्रका पानीसंग सम्वन्धित आवश्यकताहरु सँगसँगै सम्वोधन गर्ने, जलस्रोतका विविध पक्षहरु बीच सामञ्जस्यता कायम गर्ने र साथै पर्यावरणको सन्तुलन कायम गर्ने किसिमको समष्टिगत अवधारणालाई नै एकिकृत जलस्रोत व्यवस्थापन भन्ने गरिन्छ। जलस्रोत विकासका विभिन्न क्षेत्रहरु जस्तैः खानेपानी, सिंचाइ, जलविधुत, वातावरण तथा पर्यावरण आदि सँगसँगै र एक अर्कालाई सहयोग पुऱ्याउने किसिमले लैजानु अर्थात

तेज बहादुर भाट
नगर प्रमुख

समग्र जलाधार क्षेत्रको व्यवस्थापनका माध्यमबाट जलस्रोत क्षेत्रको विकास नै एकिकृत जलस्रोत ब्यवस्थापन बुझिन्छ । एकिकृत जलस्रोत व्यवस्थापन अवधारणा अनुसार छरिएर रहेका स-साना भाग अथवा स्रोतहरुलाई संरक्षण र बिबेकपूर्ण उपयोग तथा माटो, पानी, र वनस्पतीय स्रोत बीचको सामनजस्यता वा सह-सम्बन्धलाई ध्यानमा राखि ती स्रोतहरुको संरक्षण र विकासका लागि अपनाउनु पर्ने आवश्यक कामहरुको लेखाजोखा गर्नु हो।

सामाजिक समानता, आर्थिक सवलता र पर्यावरणीय दिगोपना एकिकृत जलस्रोत व्यवस्थापनका आधारभुत सिद्धान्तहरू रहेका छन् ।

सामाजिक समानता: सबै प्रयोगकर्ताहरू (विशेष गरी सीमान्तकृत र गरिब प्रयोगकर्ता समूहहरू) का लागि पर्याप्त मात्रामा र पानीको गुणस्तरमा समान पहुँच सुनिश्चित गर्नु हो। पानीको प्रयोगबाट प्राप्त लाभहरूको लागि सबै प्रयोगकर्ताहरूको अधिकारलाई पनि पानीको बाँडफाँड गर्दा विचार गर्न आवश्यक छ।

आर्थिक सवलता: उपलब्ध वित्तीय र जल स्रोतहरूको साथ सम्भावित प्रयोगकर्ताहरूको लाभ पुऱ्याउने र यसको लागि सबैभन्दा आर्थिक रूपमा उपयुक्त विकल्प चयन गर्न आवश्यक छ। यसले वर्तमान र भविष्यको सामाजिक र पर्यावरणीय लागत र लाभहरू विचार गर्नुपर्छ।

पारिस्थितिकीय दिगोपना: समग्र जलाधार क्षेत्रको स्वास्थ्यको संभावित जोखिमहरुको व्यवस्थापन सहितको योजना तर्जुमाका लागी धयान पुऱ्याउनु पर्ने आवश्यकता छ।

एकीकृत जलस्रोत व्यवस्थापनका सम्वन्धमा तल उल्लेखित डबलिनमा सिद्धान्तहरु जलउपयोग गुरुयोजना तर्जुमाका लागी अत्यन्तै आवश्यक रहेका छन्।

**सिद्धान्त १ :** शुद्ध पानी सिमित जोखिमयुक्त स्रोत हो जुन बाँच्न, विकास गर्न तथा वातावरणको लागि अत्यावश्यक छ।

**सिद्धान्त २ :** पानीको विकास र व्यवस्थापन सहभागितात्मक विधिको आधारमा हुनु पर्छ जसले उपभोक्ता, योजनाविद, नीतिनिर्मातालाई समाहित गर्दछ।

**सिद्धान्त ३ :** पानीको सुरक्षात्मक व्यवस्थापनमा महिलाहरुको महत्वपुर्ण भूमिका हुन्छ।

**सिद्धान्त ४ :** पानी सामुदायिक बस्तु हो तर यसको उच्च आर्थिक महत्व पनि छ।

### १.१.३. दिगो विकास लक्ष्य

सन २०१५ मा संयुक्त राष्ट्र संघको साधारण सभाबाट अनुमोदन गरिएका १७ वटा दिगो विकास लक्ष्य १५ वर्षमा पुरा गर्न बिश्वब्यापी रुपमा १६९ वटा परिमाणात्मक लक्ष्य निर्धारण गरी यसको प्रगति मुल्याँकन गर्न २३२ सूचकहरु पनि तयार गरिएका छन्। यसै गरी नेपालमा ति १७ वटा लक्ष्य पुर्तिका निम्ति ४७९ वटा सूचकहरु निर्धारित गरिएका छन्। यसरी निर्धारण गरिएका १७ वटा लक्ष्यहरु एक-आपसमा अन्तर सम्बन्धित छन्। यसै गरि दिगो बिकास लक्ष्य-६ खानेपानी सरसफाइ तथा स्वच्छता व्यवस्थापनका साथै एकीकृत जलस्रोत व्यवस्थापनका क्षेत्रमा सन् २०३० सम्ममा के के उपलब्धि हासिल हुनुपर्ने भन्ने आधारमा तय गरिएको छ। दिगो विकास लक्ष्यको लक्ष्य नं. ६ ले खानेपानी तथा सरसफाइ सम्वन्धमा दिशानिर्देश गरेको छ। अन्तराष्ट्रिय स्तरमा नेपालले समेत प्रतिबद्धता जाहेर गरेको दिगो विकास लक्ष्य हासिल गर्नु स्थानीय सरकारको समेत कर्तव्य हुन



नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

आउछ। यस परिवेशमा दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय सरकारहरुले प्रक्रियागत विकासमा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ। जलस्रोत क्षेत्रको समष्टिगत विकासका लागि उपलब्ध कानूनी प्रवन्ध तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु हासिल गर्न जलउपयोग गुरुयोजना निर्माणको औचित्य अझै बढी पुष्टी हुन्छ।

दिगो विकास लक्ष्य-६ को समग्र सूचक " सन् २०३० सम्म, सबैका लागि सफा पानी तथा सरसफाइमा पहुँच सुनिश्चित गर्ने" रहेको छ भने, विशिष्ट सूचकहरू निम्न रहेका छन्।

- सबैका लागि सुरक्षित तथा खर्चले धान्न सक्ने मूल्यमा पिउने पानीमा सर्वसुलभ तथा समतामूलक पहुँच हासिल गर्ने।
- सबैका लागि पर्याप्त तथा समतामूलक सरसफाइ र स्वच्छतामा पहुँच हासिल गर्ने र खुला ठाउँमा दिसा गर्ने चलनको अन्त्य गर्ने।
- पानी तथा सरसफाइ व्यवस्थापनको सुधारका लागि स्थानीय समुदायहरूको सहभागितालाई साथ दिई त्यसलाई अझ सबल बनाउने।

दिगो विकास लक्ष्यहरुमा उल्लेखित लक्ष्य र नेपालले अन्तराष्ट्रिय क्षेत्रमा गरिएका प्रतिबद्दताहरु हासिल गर्न क्षेत्रगत विकास योजना (ई. २०१७-२०३०) तर्जुमा भएको छ। क्षेत्रगत विकास योजना खानेपानी, सरसफाइ स्वच्छताका क्षेत्रमा निम्मानुसार अवधि र लक्ष्यहरु लिईएको छ।

- तत्कालीन चरण (ई. २०१७- २०२०): सबैको आधारभुत "वाश" सेवाहरुमा पहुँच सेवाको स्तरमा सुधार (मध्यम २५%/उच्च १५%) जनसंख्या
- मध्यकालीन चरण (ई. २०२१- २०२५): सेवाको स्तरमा सुधार (मध्यम ४०%/उच्च ३०%) जनसंख्या, कार्यदक्षता र दिगोपनमा सुधार
- दिर्घकालीन चरण (ई. २०२६- २०३०): सेवाको स्तरमा सुधार (मध्यम ५०%/उच्च ५०%) जनसंख्या, प्रभाव लेखाजोखा

### १.१.४. अन्तरक्षेत्रीय सवालहरु (लैंगिक समानता तथा सामाजिक समावेशीकरण, जलवायु परिवर्तन अनुकुलन तथा विपद जोखिम व्यवस्थापन)

#### लैंगिक समता तथा सामाजिक समावेशीकरण

जलउपयोग गुरुयोजना स्थानीय समुदायको सहभागितामा निर्माण हुने हुदा पानी संग प्रत्यक्ष सरोकार राख्ने लिङ्ग, वर्ग र समुदायको आवश्यकता र चाहनामा आधारित हुने गर्दछ। नेपाल सरकारले बि.सं. २०७४ सम्ममा सबै नेपाली जनतालाई आधारभूत खानेपानी र सरसफाइ सेवा उपलब्ध गराउने राष्ट्रिय लक्ष्य हासिल गर्ने तर्फ अग्रसर रहेको छ। त्यसका लागि पानी वितरण र उपभोग प्रक्रियालाई न्यायोचीत र समाबेशी बनाउन जलउपयोग गुरुयोजना ले सहयोग पुरयाउँदछ।पानीको घरायसी प्रयोगका लागि महिलाहरु पानीसंग बढी संलग्न हुने हुँदा स्रोत पहिचान, स्रोत छनौट देखि योजना तर्जुमाका चरणहरुमा जलउपयोग गुरु योजनाले महिलाहरुको उल्लेख्य सहभागिता गराउने गर्दछ। त्यस्तै अपांगता भएका व्यक्तिहरुको खानेपानी र सरसफाइ जस्ता आधारभूत सेवाहरुमा पहुँच बढाउन तथा अपांगतामैत्री अवधारणाको विकासका लागि उनीहरुको जलउपयोग गुरुयोजना निर्माणका हरेक चरणमा सहभागिता सुनिश्चित गर्दछ।हाम्रो देशको परिवेशमा जलस्रोतको पहुँच र नियन्त्रणमा लैङ्गिकताका आधारमा छाउपडी



नगर कार्यपालिकाको कार्यालय बर्दिया लुम्बिनी प्रदेश स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

र जातीय भेदभावबाट प्रायः महिला, बालिका र सीमान्तकृत समूहका सदस्यहरू बढी प्रभावित भएको देखिन्छ। पानीको स्रोतको संरक्षण, पिउने पानी घर नजिक उपलब्ध हुँदा र निर्णय गर्ने तहमा महिला तथा सीमान्तकृत समूहको सहभागिताले उनीहरूको समयको बचत, लैंगिक हिंसाको जोखिम, शोषण, र नकारात्मक परिणामहरू कम गर्न मद्धत गर्दछ साथै समुदायको जीविकोपार्जन प्रत्यक्ष रुपमा पानीसँग जोडिएको हुने हुँदा त्यस्ता बिपन्न वर्गहरुको सहभागिता जस्ता लैगीक समानता तथा सामाजिक समावेशीकरणका सवालहरुलाई जलउपयोग गुरुयोजना निर्माण र तत् पश्चातका कार्यान्वय प्रकृयामा समेटेको हुन्छ।

**जलवायु परिवर्तन अनुकुलन तथा विपद जोखिम व्यवस्थापन**

जलवायु परिबर्तनले गर्दा जलस्रोतहरु घट्दै गईरहेको र त्यसले प्रत्यक्ष रुपमा समुदायको खानेपानी आपूर्ति, सिंचाइ लगायत जीविकोपार्जनमा नकारात्मक प्रभाव पारेको छ। त्यस्तै विभिन्न किसिमका प्राकृतिक प्रकोपहरू मुख्यतः बाढी, पहिरो, भूकम्प जस्ता प्रकोपहरूले खानेपानी तथा सिंचाइका लागि प्रयोग भएका पानीका मुहानहरु पुरिने, सुक्ने, हराउने र भासिने गरेको हुँदा त्यसले एकातिर समुदायको खानेपानी तथा जीविकोपार्जनका लागि आवश्यक पानीको अभाव भइरहेको छ भने अर्कोतिर खानेपानी, सिंचाइ तथा जलस्रोत व्यवस्थापनका लागि निर्मित संरचनाहरुको दिगोपना र सुचारुपनामा असर पुर्‍याई रहेको हुँदा यस्ता समस्याहरूको न्यूनीकरणका लागि जलउपयोग गुरुयोजनाले समुदायको क्षमता अभिवृद्धि गरि जलवायु परिवर्तन अनुकुलित र प्रकोपहरु आइपर्दा पनि जोखिम कमहुने हिसाबले गरिने योजना तर्जुमालाई महत्व दिएको छ।

## १.२. जलउपयोग गुरुयोजनाको उद्देश्य र क्षेत्र

### १.२.१. जलउपयोग गुरुयोजनाका उद्देश्यहरु

जलउपयोग गुरुयोजनाको उद्देश्य  स्थानीय स्तरमा जलस्रोतको प्रभावकारी, समानुपातिक, पारदर्शी र दक्ष रुपले पानीको बहु-उपयोग गर्न एकीकृत योजनाको विकास गर्नु हो । यस योजनाले स्थानीय सरकार र मातहतका जलाधार क्षेत्रहरु भित्रका कुनै निश्चित समुदाय वा समुदायहरु बीचमा जलस्रोतको सही उपयोग, समानुपातिक वितरण तथा बाँडफाँड  मार्फत दिगो रुपमा सवै प्रकारका आवश्यकताहरु पुरा गर्न सुनिश्चितता प्रदान गर्दछ।

जलउपयोग गुरुयोजनाका विशिष्ट उद्देश्यहरु यसप्रकार छन;

- सम्बन्धित भूगोल भित्रको जलस्रोतसंग सम्बन्धित सूचना तथा सुविधाहरु पहिचान गर्ने।
- पानीका उपलब्ध सबै स्रोतहरुको विश्लेषण गरी स्रोतहरुको समतामूलक, विवेकपूर्ण प्रयोग र दिगोपनाको सुनिश्चितता गर्नका साथै साथै योजना प्रति अपनत्वको भावनाको विकास गरी निर्मित संरचनाहरुलाई दीर्घकालिन बनाउन मद्धत गर्ने।
- जलस्रोतहरुको बहुउपयोग गर्नको लागि अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना तर्जुमा गरि यस क्षेत्रमा दीर्घकालिन लगानी प्राप्त गर्ने।

तेज बहादुर भाट
नगर प्रमुख

- वातावरणीय दिगोपनाको साथै जल सम्बन्धित भौतिक पुर्वाधारहरु र तिनको दिगो व्यवस्थापनको लागी संस्थागत र वित्तीय व्यवस्थापन सुनिश्चित गर्ने।
- जलस्रोत क्षेत्रको लगानी नीति तथा दुरदृष्टी निर्माण गरि लक्ष्य हासिल गर्न आन्तरिक तथा बाह्य श्रोततथा सरोकारवाला पहिचान गर्ने।
- नगरपालिका स्तरका जलस्रोत र यससँग सम्बन्धित प्राकृतिक स्रोतहरुको संरक्षण गर्न, सरसफाइ र स्वच्छता प्रवर्द्धन आदीमा सरोकारवालाहरुको क्षमता विकास गर्ने।
- जलस्रोत, सरसफाइ र स्वच्छताको क्षेत्रमा पारदर्शीता, सहभागिता र जवाफदेहिताको अभ्यासको माध्यमबाट सुशासन प्रबर्धन गर्ने।
- जलाधार तथा उपजलाधार क्षेत्र भित्र पर्ने पानीका स्रोतहरुको संरक्षणमा बढावा दिदै पानीको पुनर्भरण, पुनर्धारण र पुनर्उपयोग तथा वातावरणीय स्वच्छताका पक्षहरुमा सम्वन्धित सरोकारवालाहरुको क्षमता विकास तथा सचेतिकरण गर्ने।
- जलस्रोत, सरसफाइ र स्वच्छतासम्बन्धी सेवाहरूको उपयोगबाट प्राप्त हुने लाभहरूमा समतामूलक पहुँचका साथै जलस्रोतको न्यायोचित बाँडफाँड सुनिश्चित गर्ने।
- पानीसंग सम्वन्धित योजना तर्जुमा, क्षमता विकास र कार्यान्वयनका हरेक पक्षमा महिला तथा अन्य सीमान्तकृत समूहहरूको समतामूलक सामाजिक तथा आर्थिक विकासलाई प्रबर्धन गर्ने।

### १.२.२. जलउपयोग गुरुयोजनाले समेटने क्षेत्रहरु

कुनै निश्चित क्षेत्र भित्र अवस्थित पानीका स्रोतहरु (पृथ्वीको सतह माथी वा सतहका वा सतह भित्रका) को व्यवस्थापन गरी दिगो उपयोग गर्न गुरुयोजनाले समेट्ने क्षेत्रहरुलाई जलस्रोत व्यवस्थापन कुर्सीका माध्यमबाट ब्याख्या गर्ने गरिन्छ।

**जलस्रोत व्यवस्थापन कुर्सी:** जलउपयोग गुरुयोजनालाई विद्यमान कानूनी प्रावधानहरु अनुसार निर्माण गर्न तथा गुरुयोजना तयारीलाई सहज बनाउनुका साथै योजना निर्माण प्रक्रियालाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि जलउपयोग व्यवस्थापन कुर्सी को अवधारणालाई अवलम्बन गरिएको छ। यो अवधारणा सरोकारवालाहरुको बुझाईमा एकरुपता ल्याउन निकै प्रभावशाली औजारका रुपमा रहेको छ। जलस्रोत व्यवस्थापन कुर्सीले औंल्याएका र गुरुयोजनाले समट्ने ४ (चार) वटा क्षेत्रहरुको चर्चा तल गरिएको छ।

**खानेपानी तथा सरसफाइ:** खानेपानीका योजनाहरु (नयाँ, मर्मत, पुर्ननिर्माण, सेवा बिस्तार, स्तरोन्नती र सतह, भुमिगत, बर्षात आदि),स्रोत सुधार तथा संरक्षण, स्वच्छता, सरसफाइ र चर्पी निर्माण, व्यक्तिगत, घरेलु तथा वातावरणीय सरसफाइ, खुला दिसा मुक्त तथा पूर्ण सरसफाइ योजना र योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार रणनीति आदि,।

**सिंचाइ तथा निकास:** परम्परागत कुलो सिंचाइ योजना र लघु तथा आधुनिक पोखरी सिंचाइ योजनाहरु र ढल निकास। परम्परागत सिंचाइ (कुलो, नहर) प्रणाली हालको सिंचाइ प्रणालीहरुको मर्मत सम्भार तथा पुनःनिर्माण आदि।आधुनिक सिंचाइ (फोहरा सिंचाइ, थोपा सिंचाइ, प्लाष्टिक पोखरी) करेसाबारीको लागि लघु सिंचाइ, खेर जाने पानीको उचित निकास तथा करेसावारी व्यवस्थापनमा प्रयोग आदि,।

मधुवन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दिया लुम्बिनी प्रदेश स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

**वातावरण तथा पर्यावरण:** स्रोत सुधार तथा संरक्षण, स्रोतहरुको पुनर्भरण, पुनर्धारण र पुनर्उपयोग क्रियाकलापहरु, बर्षातको पानी संकलन, विभिन्न पोखरीहरु निर्माण तथा (मनोरञ्जनात्मक र धार्मिक, माछापोखरी, आहाल), वन व्यवस्थापन, चरन क्षेत्रहरुको व्यवस्थित विकास, पाखो तथा गह्रा सुधार, नदी नियन्त्रण, पहिरो नियन्त्रण, वातावरणीय सरसफाइ आदि,।

**जलशक्ति र अन्य:** परम्परागत तथा सुधारिएको पानीघट्ट, साना जलबिधुत उत्पादन आदि । पानीमिल, सुधारिएको घट्ट, घरेलु उद्योगका लागि पानी, लघु जलबिधुत योजना, माछा पोखरी, जनावरका लागि पानी, धार्मिक प्रयोजनका एवं जलक्रिडास्थलका लागि पानी, उन्नत स्तरको जीविकोपार्जन लघुवित्त विकास (सामुदायिक संस्था र सहकारी आदि)


माथी उल्लेखित मुख्य क्षेत्र बाहेक पनि गुरुयोजनाको समग्र निर्माण चरणले तपसिलका बिषयबस्तु समेटेको हुन्छ।

- जलबायु परिवर्तन अनुकुलन, विपद जोखिम व्यवस्थापनका लागी पानीका स्रोतहरुको पुनर्भरण, पुनर्धारण र पुनप्रयोग।
- सरोकारवालाहरुको छलफलको थलो: जलस्रोतहरुको समष्टिगत प्रयोगमा उत्पन्न हुन सक्ने बिबाद न्युनिकरण, जलाधार क्षेत्रहरु विचको पारस्परिक सम्वन्ध, पानीको उपयोगितामा पानीका उपयोगका क्षेत्रहरुको प्राथमिकता आदि।
- टेवा तथा क्षमता अभिबृद्धी: स्थानीय तह, समुदायहरुको आन्तरिक तथा बाह्य स्रोत साधनको परिचालन, जनसहभागिताका पक्षहरु, राजनैतिक क्षेत्रको प्रतिवद्धता, कानुनी बिषयहरुको सचेतिकरण, स्थानीय स्रोत साधनहरुको समग्र बिश्लेषण र स्थानीय समुदायहरुको क्षमता विकास आदि।

मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

**तेज बहादुर भाट**
**नगर प्रमुख**

समग्रमा स्थानीय सरकारहरुले आफ्नो योजना तर्जुमा, कार्यान्वयन र मुल्याङ्कन गर्दा साथै स्रोत साधन जुटाउन र सरोकारवालाहरुलाई छलफल र लगानीको वातावरण बनाउन जलस्रोत ब्यवस्थापन कुर्सीलाई सहज औजारको रुपमा प्रयोग गर्न सक्दछन्।




चित्र- ४ : जलउपयोग गुरुयोजना तथा जलश्रोत ब्यबस्थापन कुर्सी

## १.३. जलउपयोग गुरुयोजना निर्माणमा अपनाइएका पद्दतीहरु

### १.३.१. स्थानीय तहका बिद्यमान रणनीतिक योजनाहरुको समिक्षा

यस नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको क्षेत्रगत योजना तथा नीतिहरु बनेको देखिदैन।नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खा. स. स्व.यो.) निर्माणका लागि NWASH

नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

तेज बहादुर भाट

प्रणाली मार्फत केहि तथ्याङ्कहरु संकलन गरि NWASH प्रणालीमा प्रविष्टि भएको देखिन्छ। हाल NWASH र जलउपयोग गुरुयोजना निर्माणको अवधिमा यस नगरपालिकाको सबै बस्तीहरुमा छलफल गरि NWASH प्रणाली अद्यावधिक गरि जलउपयोग गुरुयोजनाका लागि आवश्यक पर्ने तथ्याङ्कहरु संकलन र प्रविष्टि गरिएको छ। यसका साथै नगरपालिकाले तपसिलका नीति, कार्यविधि तथा योजनाहरु निर्माण गरेको देखिन्छ।

**तालिका- १: मधुबन नगरपालिकाले निर्माण गरेका विद्यमान रणनीतिक योजनाहरु**

| नगरपालिकाले निर्माण गरेका ऐन/नीति, कार्यविधि तथा योजनाहरु | कार्यान्वयनको अवस्था |
|---|---|
| विपद व्यवस्थापन कोष (संचालन) र स्रोत परिचालन कार्यविधि, २०७८ | कार्यान्वयनमा रहेको |
| विपद पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७ | कार्यान्वयनमा रहेको |
| नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति,२०७७ | कार्यान्वयनमा रहेको |
| खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था व्यवस्थापन कार्यविधी, २०७८ | कार्यान्वयनमा रहेको |
| उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि,२०७५ | पूर्णरुपमा कार्यान्वयन हुन नसकेको |
| नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ | कार्यान्वयनमा रहेको |
| विपद जोखिम न्यूनीकरण तथा ब्यबस्थापन गर्न बनेको ऐन, २०७५ | कार्यान्वयनमा रहेको |

*(स्रोत: मधुवन नगरपालिकाको वेबसाइट,* ***(https://madhuwanmun.gov.np)***

माथि उल्लेख गरिए अनुसारका केहि ऐन, कार्यविधि तथा योजनाहरुको निर्माण गरिएको भएतापनि त्यसको पूर्ण रुपमा कार्यान्वयन हुन सकेको देखिदैन।साथै खानेपानी, सरसफाइ तथा स्वच्छता प्रबर्धनका लागि प्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने नीति तथा रणनीतिहरु जस्तै: जलस्रोत नियमावली, खानेपानी तथा सरसफाइ रणनीति/पूर्ण सरसफाइ रणनीतिहरु बनेको देखिदैन्।त्यसैले पनि अब निर्माण हुने खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाका साथै यस जलउपयोग गुरुयोजना नगरपालिकाको क्षेत्रगत योजना तर्जुमा गर्नका लागि कोशेढुंगा साबित हुने अपेक्षा गरिएको छ।

### १.३.२. रणनीतिक योजनाहरुको एकीकरण


जलउपयोग गुरुयोजना तयारीका लागी नगरपालिकामा तर्जुमा गरिएका जलस्रोतसंग सम्बन्धित निर्मित ऐन, नीति नियम र योजनाहरुको अध्ययन, बिश्लेषण र उपलब्ध तथ्याङ्कहरुको एकिकरण गर्ने कार्य गरिएको छ। नगरपालिकाको NWASH, नगर पार्श्वचित्र, बिभिन्न बिषयगत शाखाका तथ्याङ्कहरुका साथै सरोकारवाला निकायहरुको तथ्याङ्कहरुलाई समेतलाई समायोजन गरि गुरुयोजनाको अन्तिम प्रारुप तयार गरिएको छ। जलउपयोग गुरुयोजना तयार गर्दा नगरपालिकामा उपलब्ध तथ्याङ्कहरुका अतिरिक्त आवश्यक अन्य तथ्याङ्कहरु सामाजिक तथा प्राबिधिक सर्वेक्षण, सर्बेक्षणका क्रममा गरिएका भेला, अन्तरक्रिया, लक्षीत

मधुवन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दिया लुम्बिनी प्रदेश स्थापित : २०७३

समुह/समुदाय भेटघाटमा आधारित भई प्रचलित ऐन कानुनहरुलाई समेत ध्यानमा राख्दै योजनाहरु तर्जुमा गरिएका छन्।

### १.३.३. जलउपयोग गुरुयोजना तयारी प्रक्रिया र चरणहरु

जलउपयोग गुरुयोजनाको अन्तिम प्रतिवेदन पालिकास्तरमा गरिएका श्रृंखलावद्ध क्रियाकलापहरुको नतिजा हो। यी क्रियाकलापहरुमा फिल्डस्तरमा गरिएका क्रियाकलापहरु, कार्यालयमा गरिएका अध्ययनहरु, संस्थागत विकासका कार्यहरु र क्षमता विकासका क्रियाकलापहरु पर्दछन्। यसैगरी क्षमता विकास क्रममा विभिन्न तहमा संचालन गरिएका औपचारिक तालिमहरु, भेलाहरु तथा जनचेतना अभिवृद्धिका क्रियाकलापहरु पर्दछन्। गुरुयोजना तयारी कार्यलाई एकरुप बनाउन तथा यस कार्यमा समुदायको सहभागिता सुनिश्चित गर्न चरणवद्ध कार्यपद्धति निर्माण गरि कार्यान्वयनमा ल्याईएको छ। यस प्रक्रियामा निम्न अनुसारका पाँचवटा चरण अन्तर्गत चित्र-२ अनुसार १३ वटा खुड्किलामा आधारित रही जलउपयोग गुरुयोजनाको कार्य सम्पादन गरिन्छ।




जलउपयोग गुरुयोजना तयारीका मुख्य चरण तथा खुड्किलाहरु

**चित्र- ५ : जलउपयोग गुरुयोजना निर्माणका चरणहरु**

### तयारी तथा पूर्व योजना तर्जुमा चरण

जलउपयोग गुरुयोजनाको प्रारम्भिक चरण भित्र स्थानीय तह (नगर पालिका र वडा) को आवश्यकता, उत्सुकता, लगानी प्रतिबद्धता आदिमा आधारित भई नगरपालिका छनौट गर्ने लगायत सेवा प्रदायक संस्था र व्यक्तिहरु छनौट तथा तालिम लगातयका क्रियाकलापहरु संचालन गरिएका थिए।

तयारी चरणमा युएसएआइडी कर्णाली जल परियोजनाले NWASHर जलउपयोग गुरुयोजना निर्माण (DAI Collect KoBo) सम्बन्धि ३ दिने प्रशिक्षक प्रशिक्षण तालिम आयोजना गरेको थियो।उक्त प्रशिक्षक प्रशिक्षणमा

मधुवन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दिया लुम्बिनी प्रदेश स्थापित : २०७३

१०

**तेज बहादुर भाट**
**नगर प्रमुख**

डीएमआइ, प्रा.लि. र साँझेदार संस्थाहरुबाट सबै पालिकाहरुका लागि १० जना सहभागी भएका थिए।सहभागीहरुको जातीगत विवरण निम्न तालिका अनुसार रहेको छ।

**तालिका- २: प्रशिक्षक प्रशिक्षणमा सहभागिता विवरण**

| जम्मा सहभागी | लिंग अनुसार | | | जातजाती अनुसार सहभागी विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | अन्य | ब्राम्हण/ठकुरी/क्षेत्री/सन्यासी | दलित | जनजाती | नेवार | मुस्लिम | अन्य |
| १० | ० | १० | ० | ८ | १ | ० | १ | ० | ० |

**क्षमता विकास चरण**

जलउपयोग गुरुयोजना तयारीका सम्पुर्ण कार्यहरुको अगुवाई तथा नेतृत्व नगर बाट गर्नुपर्ने भएकाले यस चरणमा जलउपयोग गुरुयोजना तयारीका लागि स्थानीय स्तरमा विभिन्न सरोकारवालाहरूको क्षमता विकास गर्ने कार्यहरु गरिएका थिए। जस अन्तरगत नगरपालिका स्तरमा जलउपयोग गुरुयोजना सम्बन्धी परामर्श गोष्ठी तथा अभिमुखिकरण, वडा स्तरमा जलउपयोग गुरुयोजना तयारी प्रक्रिया सम्बन्धी परामर्श बैठक र अभिमुखिकरण गोष्ठी, वडा तहमा दलित, महिला तथा पछाडी पारिएका बर्गहरुको लागि क्षमता विकास तालिम, उप-जलाधार स्तरीय गुरुयोजना तथ्याङ्क संकलनमा समन्वय र सहयोग गर्न स्वयम् सेवी सहजकर्ता छनोट, बिभिन्न प्राबिधिक समितिहरु गठन तथा अभिमुखिकरण बैठक र अन्तरक्रिया आदि क्रियाकलापहरु संचालन गरिएका थिए। यो चरणमा अध्ययन चरणमा सम्पादन गरिने क्रियाकलापहरु सम्बन्धी विस्तृत कार्ययोजना समेत तयार गरिएको थियो।

मधुवन नगरपालिकामा जलउपयोग गुरुयोजना निर्माणको क्रममा बिभिन्न क्षमता बिकासका क्रियाकलापहरु संचालन गरिएका छन्।तथ्याङ्क संकलनका लागि परिचालन हुने गणकहरुका लागि NWASHतथा DAI Collect KoBo एप्लिकेशन प्रयोग सम्बन्धि तालिम, वडा तथा नगरपालिकास्तरमा जनप्रतिनिधिहरु/स्थानीय बुद्दिजिबि, समाजसेवी, नगरपालिका स्तरमा क्रियाशील राजनीतिक दलका प्रतिनिधिहरु सहितको उपस्थितिमा क्षमता बिकासका विभिन्न क्रियाकलापहरु संचालन गरिएका छन्।जलस्रोतको न्यायिक बांडफांड, जलश्रोत सम्बन्धि बिद्यमान कानुनहरुको जानकारीका साथै जलश्रोतहरुमा समान अधिकार र पहुँचका लागि महिला तथा पछाडी पारिएका बर्गका प्रतिनिधिहरुका लागि समेत क्षमता अभिवृद्धि सम्बन्धि २ दिने तालिम संचालन गरिएको थियो।जलउपयोग गुरुयोजना निर्माणको क्रममा मधुवन नगरपालिकामा संचालन गरिएका क्षमता विकास सम्बन्धि क्रियाकलापहरुका सहभागीहरुको लैंगिक र जातीय विवरण तालिका-३ मा प्रस्तुत गरिएको छ।

मधुवन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दिया लुम्बिनी प्रदेश स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

**तालिका- ३: क्षमता बिकास सम्वन्धि तालिमका सहभागीहरुको लैङ्गिक र जातीगत विवरण**

| सम्पन्न क्रियाकलापहरु | पुरुष | महिला | अन्य | ब्राह्मण/क्षेत्री/ ठकुरी/ सन्यासी | दलित | जनजाती | नेवार | मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| गणकहरुलाई NWASHर WUMPको तथ्याङ्क संकलन तालिम | ७ | १ | ० | ६ | २ | ० | ० | ० | ० |
| नगरपालिका स्तरीय समन्वय गोष्ठी | २७ | १० | ० | २७ | ३ | ७ | ० | ० | ० |
| वडा स्तरीय समन्वय गोष्ठी | २२० | ९३ | ० | १७६ | ४७ | ८७ | १ | २ | ० |
| लक्षीत बर्गलाई क्षमता विकास तालिम | १६ | २८ | ० | २१ | ११ | १२ | ० | ० | ० |
| वडा स्तरीय क्षमता विकास तालिम | १६२ | ६२ | ० | ९४ | ७३ | ५६ | १ | ० | ० |
| **जम्मा :** | **४३२** | **१९४** | **०** | **३२४** | **१३६** | **१६२** | **२** | **२** | **०** |

*स्रोत: जलउपयोग गुरुयोजना, क्षमता विकासका क्रियाकलापहरु, २०७९*

## सूचना संकलन/अध्ययन चरण

यस चरणमा क्षमता विकास चरणमा तयार गरिएको कार्ययोजनामा आधारित भई उप-जलाधार क्षेत्र स्तरीय भेला र बैठकहरुका माध्यमबाट सामाजिक स्रोत नक्शांकनको कार्य गर्नुका साथै सो क्षेत्रको विद्यमान अवस्था पहिचान गर्नका लागि सघन रुपले सामाजिक र प्राबिधिक अध्ययन गर्ने जस्ता कार्य सम्पादन गरिएका थिए। उक्त कार्यहरुको लागि प्रत्येक उप-जलाधार क्षेत्रमा २ देखि ३ दिन सम्म (भौगोलिक कठिनता तथा घरधुरी संख्या र अवस्थिति अनुसार फरक पर्न सक्ने) सामाजिक र प्राविधिक क्षेत्रका कर्मचारीहरुको छुट्टाछुट्टै टोली तयार गरी उक्त क्षेत्रका लागि समन्वय गर्न तोकिएका स्वंम सेवीहरुको सहयोगमा विद्यमान तथ्याङ्क संकलन एवं अवस्था विश्लेषणका कार्यहरु संचालन गरिएका थिए। यस कार्यमा उप-जलाधार क्षेत्र भित्रका सम्पुर्ण टोल तथा वस्तीहरुको घरधुरी सहितको तथ्याङ्क, विद्यमान खानेपानी तथा सरसफाइको तथ्याङ्क, निर्माण सम्पन्न एवं चालु अवस्थामा रहेका जलस्रोतसंग सम्बन्धित सबै क्षेत्रका योजनाहरुको तथ्याङ्क संकलन एवं सञ्चालन अवस्था विश्लेषण, विद्यमान पानीका स्रोतहरुको सूची तयार र क्षमता मापन तथा सम्भावित प्रयोग हुन सक्ने क्षेत्रहरुको पूर्वानुमान एबं पहिचान लगायत सो क्षेत्र भित्रका सम्पुर्ण संघसंस्थाहरुको खानेपानी सरसफाइ तथा स्वच्छताको तथ्याङ्कहरु संकलन गरी निश्चित ढाँचाका फारमहरुमा भरी हरेक क्षेत्रको अवस्था विश्लेषण गर्ने कार्य गरिएको थियो। यो चरणमा आवश्यकता अनुसार स्थानीय तहका प्राबिधिक समिति सदस्यहरु, नगरपालिका भित्र कार्यरत जलस्रोत सम्बद्ध क्रियाशिल शाखाहरु, गैर सरकारि संस्थाहरुसंगको समन्वयमा तथ्याङ्कहरु संकलन

मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

**तेज बहादुर भाट**
**नगर प्रमुख**

गरिएको थियो। वडा भित्रका सम्पुर्ण उप-जलाधार क्षेत्रहरुको तथ्याङ्क संकलन पश्चात् गुरुयोजनाका तथ्याङ्क संकलन ढाँचाहरुमा तथ्याङ्क प्रविष्टी सहित योजना तर्जुमा चरणको तयारी यसै चरणमा गरिने गरिन्छ।

मधुवन नगरपालिकामा जलउपयोग गुरुयोजना निर्माणको क्रममा ९ वटै वडामा रहेका ६४ वटै बस्तिहरुमा बढघर, वडा प्रतिनिधिहरु लगायत टोलका सबै घरधुरीहरुको उपस्थितिमा सहभागितात्मक बिधि सामाजिक/स्रोत नक्शांकनबाट सामाजिक तथा प्राबिधिक तथ्याङ्कहरु संकलन गरिएको छ।उक्त संकलित तथ्याङ्क/सुचनाहरुको प्रविष्टि N-WASH/DAI Collect KoBo मा गरिएको छ।संकलित तथ्याङ्कहरुको विवरण संलग्न अनुसूचीहरुमा उल्लेख गरिएको छ।

**योजना तर्जुमा चरण**

यस चरणमा उप-जलाधार क्षेत्रहरुको विद्यमान संकलित तथ्याङ्कहरुको आधारमा सबै क्षेत्रलाइ विश्लेषण गरी उप-जलाधार क्षेत्रस्तरवाट जलस्रोत संग सम्बन्धित सबै (खानेपानी, सरसफाइ, उर्जा, वातावरण र पर्यावरण, संस्थागत विकास, स्थानीय मानव संसाधन विकास) क्षेत्रको आवश्यकता पहिचान गरी सबै क्षेत्रका क्षेत्रगत योजनाहरु तर्जुमा गरी वडाका जनप्रतिनिधीहरुको नेतृत्वमा योजनाहरुको वडास्तरीय प्राथमिकिकरण गरिएको थियो। मापदण्डमा आधारित प्राथमिकीकरण औजार (CBRT) को आधारमा खानेपानीका योजनाहरुको प्राथमिकिकरण, समुदायको विद्यमान अवस्था, कठिनता विश्लेषण, वास्तविक माग र प्राबिधिक परामर्शलाई समेत आधार गरिएको थियो भने अन्य योजनाहरुको हकमा बढी क्षेत्रफल, जनसंख्या लाभान्वित हुने, प्रतिव्यक्ति लागत कम हुने, बिगत ५ वर्षमा कुनै पनि निकायबाट बजेट बिनियोजन नभएको तथा व्यवस्थापकीय क्षमता राम्रो भएका र आयआर्जनमा सहयोग पुग्ने जस्ता मापदण्डहरु माथी नगरपालिकाका जनप्रतिनिधी र सरोकारवालाहरुले व्यापक छलफल सहित अनुमोदन गरि सोको आधारमा योजनाहरु छनौट गरिएका थिए ।

वडामा योजना तर्जुमा गर्दा योजना तथा कार्यक्रमहरुलाई वडाले कार्यान्वयन गर्ने तथा बाह्य सहयोग र आन्तरिक स्रोत परिचालन गरि कार्यान्वयन गरिने गरि छुट्टाएर नगरपालिका स्तरको गुरुयोजनामा समाबेश गर्ने गरि तय गरिन्छ। वडा स्तरको योजना तर्जुमा गोष्ठी सामान्यतया २ दिनको हुने भए पनि स्रोत तथा संकलित तथ्याङ्क, प्रस्तावित योजना स्तरीय भूगोलको पुनरावलोकन गर्नु पर्ने अवस्थामा यो प्रक्रिया एक वडाका लागि २ देखि ३ दिन सम्मको हुन सक्दछ।वडा स्तरवाट तर्जुमा गरिएका योजनाहरुलाई अन्तिम रुप दिई जलउपयोग गुरुयोजनामा समाबेश गर्नको लागि नगरपालिका स्तरमा ३ दिने जलउपयोग गुरुयोजना लगानी नीति तथा योजना तर्जुमा गोष्ठी आयोजना गरी सहभागितात्मक ढंगवाट सबै योजनाहरुको प्रस्तुतिकरण, आवश्यक छलफल एवं समायोजन एवं प्राथमिकिकरण गरी स्थानीय तह तथा अन्य सरोकारवाला सहयोगी संघ (संस्थाहरुबाट योजनाहरुको कार्यान्वयन, परिचालन एवं प्राथमिकता क्रमको अनुसरण गर्न प्रतिबद्धता सहित अनुमोदन गर्ने कार्य सम्पन्न गरिन्छ।

मधुवन नगरपालिकाको जलउपयोग गुरुयोजना निर्माणको क्रममा मिति २०७९ असोज ३१ गते देखि शुरुवात गरि २०७९ कार्तिक २४ गते भित्र वडास्तरिय तथ्याङ्क प्रमाणीकरण र योजना तर्जुमा गोष्ठी ( ३/३ दिन प्रत्येक वडामा) सम्पन्न गरिएको थियो भने पालिका स्तरिय योजना तर्जुमा गोष्ठी मिति २०७९ मंसीर ११ र १२ गते संचालन गरिएको थियो।वडा स्तरिय योजना तर्जुमा गोष्ठीमा वडा प्रतिनिधिहरु, स्थानीयस्तरमा कार्यरत



मधुवन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दिया लुम्बिनी प्रदेश स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

संघ/संस्थाहरु, बुद्धिजिबी, समाजसेवीहरुको उपस्थिति रहेको थियो भने नगरपालिका स्तरिय योजना तर्जुमा गोष्ठीमा नगर प्रमूख, उप-प्रमूख, नगर कार्यपालिकाका सम्पूर्ण सदस्यहरु, महिला बालबालिका शाखा, योजना शाखा लगायत सबै सरोकारवालाहरुको उपस्थिति रहेको थियो।वडा स्तरिय योजना तर्जुमा गोष्ठी र नगरपालिका स्तरिय योजना तर्जुमा गोष्ठीका सहभागीहरुको लैंगिक र जातीगत आधारमा विवरण निम्न तालिका-४ अनुसार रहेको छ।

**तालिका- ४: योजना तर्जुमा गोष्ठीका सभागीहरुको विवरण**

| मिति | सम्पन क्रियाकलापहरु | पुरुष | महिला | अन्य | ब्राह्मण/क्षेत्री/ठकुरी/सन्यासी | दलित | जनजाती | नेवार | मुस्लिम | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३१ असोज-२४ कार्तिक २०७९ | वडा स्तरीय योजना तर्जुमा गोष्ठी-९ वडामा | १३५ | ७५ | ० | ९५ | ३१ | ८४ | ० | ० | ० |
| ११-१२ मंसिर २०७९ | नगरपालिका स्तरीय योजना तर्जुमा गोष्ठी | २४ | १६ | ० | १४ | ११ | १४ | ० | १ | ० |
| **जम्मा:** | | **१५९** | **९१** | **०** | **१०९** | **४२** | **९८** | **०** | **१** | **०** |

## कार्यान्वयन चरण

यो जलउपयोग गुरुयोजनाको अन्तिम चरण हो ।जसमा सम्पुर्ण योजनाहरुको कार्यान्वयन, उपलब्धिहरुको मापन एवं समिक्षा जस्ता कार्यहरु सम्पादन गरिन्छन।यस चरणमा जलउपयोग गुरुयोजनाको प्राथमिकता क्रममा रहेका योजनाहरुको अनुसरण, कार्यान्वयन, स्रोत परिचालन, अनुगमन मूल्यांकन एवं सम्पर्क समन्वय का गतिविधिहरु सञ्चालन गरी जलउपयोग गरुयोजनाको उपलब्धि हासिल गरिनुको साथै समय सापेक्ष नगरपालिकाले जलउपयोग गुरुयोजनाको कार्यान्वयन स्थितिको समिक्षा गरी आवश्यकता अनुसार गुरुयोजनाको अद्यावधिक गरिन्छ।

मधुवन नगरपालिकाको हाल निर्माणको क्रममा रहेको जलउपयोग गुरुयोजनामा योजना तर्जुमा गोष्ठीमा व्यापक छलफल गरि तोकिएका प्राथमिकताक्रम अनुसार क्षेत्रगत योजनाहरुको कार्यान्वयन गर्ने र योजनाहरु कार्यान्वयनका लागि विभिन्न सरोकारवाला निकायहरु संग समन्वय र सहकार्य गर्ने समेत छलफल गरिएको थियो।मधुवन नगरपालिकाले खानेपानी योजनाहरुको प्राथमिकरणका लागि योजना छनौटका लागि प्राथमिकीकरणका औजारहरु (CBRT) को आधारमा गर्दा साच्चिकै खानेपानी सेवाबाट बन्चित रहेका वर्ग समुदायहरु समेटिएको धारणा सहभागीहरुको रहेको थियो।

मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

# अध्याय-२: नगरपालिकाको पार्श्वचित्र

## २.१. नगरपालिकाको संक्षिप्त परिचय

नेपालको लुम्बिनी प्रदेश अन्तर्गत बर्दिया जिल्लामा पर्ने मधुवन नगरपालिका नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७३ साल फाल्गुन २७ गतेको निर्णयानुसार गठन भएको नगरपालिकाहरू मध्ये एक नगरपालिका हो। यस नगरपालिका साबिकका सानोश्री, ताराताल , सुर्यपटुवा र ढोढरी सहित चार वटा गाउँ विकास समितिहरुलाई समाहित गरि निर्माण गरिएको हो। यस नगरपालिका हाल ९ वटा वडामा विभाजित रहेको छ। यो नगरपालिका बर्दिया जिल्लाको सदरमुकाम गुलारियाबाट ६ कि.मि. दुरीमा पश्चिम दक्षिणमा अवस्थित छ, मधुवन नगरपालिकाको पूर्वमा बारबर्दिया नगरपालिका ,पश्चिममा राजापुर नगरपालिका र छिमेकि मुलुक भारत, उत्तरमा बर्दिया राष्ट्रिय निकुन्ज र ठाकुरबाबा नगरपालिका र दक्षिणमा गुलारिया नगरपालिका र छिमेकि मुलुक भारत सँग सिमाना जोडिएको छ। यस नगरपालिकाको कूल क्षेत्रफल १२९.७३ वर्ग कि.मि. रहेको छ । यो नगरपालिका अक्षांश २६° उत्तर देखि २९° उत्तर सम्म र देशान्तर ८०° पूर्व देखि ८१° पूर्व सम्म छ भने समुद्र सतहबाट उचाई १७५ मिटर रहेको छ। यस नगरपालिकाको सबै बस्ति र वडाहरु तराईको समथर भू-भागमा रहेका छन्।

राष्ट्रिय जनगणना २०७८[1] को प्रारम्भिक प्रतिवेदन अनुसार यस मधुवन नगरपालिकाको कूल घरधुरी संख्या १२,४७४ (स्रोत: https://cbs.gov.np) रहेको देखिन्छ भने हाल जलउपयोग गुरुयोजना निर्माणको क्रममा संकलन गरिएको तथ्याङ्क अनुसार कूल घरधुरी संख्या १३,१७८ र जनसंख्या ५६,००७ रहेको देखिन्छ। यस नगरपालिकामा ९६.८६% हिन्दुधर्मालब्बी रहेका छन् भने बौद्ध ०.१८%, मुस्लिम ०.२६%, र इसाई १.७३% समुदाय बसोबास गरेको पाईन्छ।

यस नगरपालिकामा विभिन्न खालका प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरु रहेका छन्। बर्दिया राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्र, खाता जैविक मार्ग, गेरुवा कर्णाली पुल, ऐतिहासिक ताराताल लगायतका विभिन्न मन्दिर, चर्च तथा गुम्बा जस्ता सम्पदाहरु यस नगरपालिकमाा रहेका छन्। विभिन्न उत्सव र चाडपर्वमा मन्दिर आसपासका क्षेत्रबाट समुदायको बाक्लो उपस्थिति हुने गर्दछ।यस नगरपालिकामा ब्राह्मण , क्षेत्री , थारु, मधेसी, दलित, मगर, गुरुङ, नेवार, मुस्लिम जातीको बसोबास रहेको छ भने यस नगरपालिकामा मुख्यतया शिवरात्री, दशैं, माघे संक्रान्ति, चैते दशैं जस्ता चाडपर्वमा यस क्षेत्रमा मानिसहरुको जमघट हुने गर्दछ। थारुजातीको मौलिक संस्कृतिले पनि यस क्षेत्रको विशिष्ट सांस्कृतिक पहिचान बोकेको छ।यस नगरपालिकामा अधिकांश मानिसहरुको मातृभाषा नेपाली रहेको छ तर थारु समुदायमा भने नेपाली भाषाका अतिरिक्त समुदायको आफ्नै मातृभाषा थारुभाषा बोल्ने गर्दछन।


यस नगरपालिकाका मुख्य बजार क्षेत्रहरुमा सानोश्री, ताराताल, बगनाह, गैरी बजार आदि रहेका छन् भने मुख्य धार्मिक स्थलहरुमा तारकेश्वर मन्दिर, दशरथ मन्दिर,बिजय कालिका मन्दिर, कालिका मन्दिर र कुसुम्बा देबी मन्दिर रहेका छन्।

[1] (स्रोत: जलउपयोग गुरुयोजना सामाजिक तथा प्राबिधिक अध्ययन, २०७...

मधुवन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दिया लुम्बिनी प्रदेश स्थापित १।५२०७३

तेज बहादुर भाट
नगर प्रमुख

## २.२. भौगोलिक अवस्थिति र पहुँच




**चित्र- ६ : नगरपालिकाको भौगोलिक पहुँचको स्थिति नक्शा**

यस मधुवन नगरपालिकाको सबै भू-भाग तराई (समथर) क्षेत्र रहेको छ। यस नगरपालिका समुद्री सतहबाट १७५ मिटर उचाईमा अवस्थित रहेकोले अन्य तराईका जिल्लाहरुमा जस्तै गर्मीयाममा असाध्यै गर्मि हुन्छ र जाडोयाममा हुस्सु लाग्ने र चिसो हुन्छ। यस नगरपालिकामा हालसम्मको कूल निर्मित सडक १८३.३ कि.मि. रहेको छ, जसमध्ये ५२.५ कि.मि. कालोपत्रे सडक रहेको छ भने १३०.८ कि.मि. सडक ग्राभेल वा कच्ची रहेको

मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३




तेज बहादुर भाट
नगर प्रमुख

छ।साथै नगरपालिकामा विभिन्न साना ठुला खोलाखोल्सीहरु रहेकाले बर्खायाममा सडक अवरुद्ध हुने गर्दछ । हाल नगरपालिकाले सडक संञ्जाल र नागरिकको आवतजावत बर्षै भरि सहज गर्न १२ वटा पुल/पुलेसाहरु निर्माणाधिन रहि सम्पन्नताको अवस्थामा रहेका छन।।समथर भूगोल र सडक संञ्जालका सहजताले नगरपालिका भित्रका सबैबस्तीहरुको नगरपालिकाको केन्द्रसम्मको पहुँच सहज रहेको पाईन्छ ।।नगरपालिकाको केन्द्र तारताल/मधुवन बाट दुरीको आधारमा सबैभन्दा टाढा वडा न. १ का बस्तीहरु क्रमशः पत्थरबोझि, छोटकी तडुवा र बढ्की तडुवा रहेका छन्।जुन नगरपालिका केन्द्रबाट २५ देखि ३० कि.मि. टाढा रहेका छन् ।

## २.३. भौगोलिक स्वरुप तथा भू-उपयोग स्थिति

मधुवन नगरपालिका वन जंगल क्षेत्रको आधारमा सम्बृद्ध रहेको पाईन्छ । नगरपालिकाको कूल भू-भाग मध्ये करिब ३.४६% हिस्सा घाँसे मैदान, चौर तथा झाडी, ५४.०३% खेतियोग्य जमिन, ३८.३९% वन जंगलले ओगटेको छ। त्यसै गरि ०.३८% भू-भागमा आवास क्षेत्र/शहरी क्षेत्र, २.१८% ताल तलैया/सिमसार क्षेत्र र १.२६% भूभाग बगर तथा बालुवायुक्त जमिन रहेको छ।नगरपालिकाको भु-उपयोग स्थिति र गुरुयोजना तयारीका क्रममा गरिएका अध्ययन भ्रमण/अन्तरक्रियाका आधारमा मधुवनमा यथेष्ट सिंचाइ सुबिधाको बिस्तार गर्ने हो भने यहाँको उर्बर जमिनमाकृषि उत्पादनमा हाल भन्दा अझै उल्लेख्य बृद्दि गर्न सकिने देखिन्छ।सबै वडा तथा बस्तिहरुमा उन्नत बिउबिजनको उपलब्धता, कृषिमा आधुनिक ढङ्गले यान्त्रिकीकरण गरेको खण्डमा नगरपालिका क्षेत्रभित्रका किसानहरुको आय आम्दानीमा उल्लेख्य रुपमा बृद्दि हुने देखिन्छ।नगरपालिकाको उपरोक्त सम्भावनाहरुलाई दृष्टिगत गर्दै मधुवन नगरपालिकाको जलउपयोग गरुयोजना तयारीमा र योजना तर्जुमा कार्यशाला गोष्ठीहरुमा सिंचाइ योजनाहरुको ठुलो संख्यामा माग रहेको छ।

**तेज बहादुर भाट**
**नगर प्रमुख**




चित्र ४: नगरपालिकाको भू-उपयोगको स्थिति



मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

## २.४. प्रमुख जलाधार तथा उप-जलाधार क्षेत्रहरुको विवरण

यस नगर पालिकाको मुख्य जलाधार क्षेत्र भनेको कर्णाली नदी रहेको छ।यस नगर पालिकामा अन्य उप-जलाधार क्षेत्रको रुपमा बबई नदि, ओराई खोला लगायतका स्रोतहरु रहेका छन्।नगर पालिका भित्र बिद्यमान रहेका स-साना खोला तथा ताल-तलैयाहरुमा ताराताल, श्रीकयाडा ताल,  तामांगबाजेको ताल आदि रहेका छन्।

नगरपालिका भित्र रहेका यी तालतलैयाहरुको राम्रो संग व्यवस्थापन गर्न सकेको खण्डमा पर्यटनको माध्यमबाट स्थानीय समुदायको आयआर्जनमा टेवा पुरयाउन सकिने जलउपयोग गुरुयोजनाका क्रममा गरिएका छलफलहरुमा सरोकारवालाहरुको बुझाई रहेको पाईन्छ।त्यस्तै स-साना खोला तथा तालतलैयाहरुमा माछापालन लगायतका पानीमा आधारित ब्यवसायको प्रवर्धन बढावा दिन सकिएमा नगरपालिकाको आन्तरिक आयस्रोत वृद्धि हुनका साथै स्थानीय स्तरमा रोजगारीका अवसर समेत सिर्जना हुने देखिन्छ। नगरपालिकामा बिद्यमान रहेको कर्णाली नदीबाट पानी लिफ्ट गरी केही क्षेत्रहरुमा जलस्रोतको थप परिपुर्ति गर्न सकिने सम्भावना रहेको छ।

## २.५. नगरपालिकाको सामाजिक तथा आर्थिक विवरण

### २.५.१. नगरपालिकाको घरधुरी तथा जनसंख्या विवरण

नगरपालिका स्तरीय  जलउपयोग गुरुयोजना निर्माण प्रक्रिया का लागि संकलन गरिएका तथ्याङ्कहरुको विश्लेषण गर्दा यस नगरपालिकामा जम्मा ६४ वटा मुख्य बस्तीहरु भएको देखिन्छ। त्यसैगरी यस नगर पालिकाको कूल घरधुरी संख्या १३,१७८ रहेको छ भने कुल जनसंख्या ५६,००७ रहेको छ। जसमध्ये कुल जनसंख्याको ४९.४१% महिला र ५०.५९ % पुरुष रहेका छन्।वडागत रुपमा जनसंख्या र घरधुरीको विवरण निम्न तालिका-५ अनुसार रहेको छ।पालिका तथा वडास्तरमा छलफल गर्दा यस पालिकामा जनसंख्या वृद्धिका मुख्य कारणहरुमा पालिका स्थापना हुँदा रोजगारीका अवसर सिर्जना हुनु, जसले गर्दा अन्यत्रबाट बसाई सरि आउनु, निकुन्ज क्षेत्रबाट मुवाब्जा पाएका परिवारहरु आउनु र हुलाकी मार्गको संचालन र बिस्तार मुख्य रहेको देखिन्छन। तलको तालिका-१ मा वडागत बस्ति संख्या, घरधुरी र जनसंख्याको विवरण दिइएको छ भने वडा तथा टोल अनुसारको बिस्तृत विवरण अनुसूची-१ मा दिइएको छ।

**तालिका- ५: वडागत रुपमा बस्ती, घरधुरी र जनसंख्याको विवरण**

| वडा नं. | बस्ति संख्या | संकलित तथ्याङ्क अनुसार  जम्मा घरधुरी | जनसंख्या |
|---|---|---|---|
| १ | ९ | १,२८९ | ५४७८ |
| २ | ८ | १,२७७ | ५४२७ |
| ३ | ९ | १,०१५ | ४३१८ |
| ४ | ७ | १,५३५ | ६५२४ |
| ५ | ६ | १,९७६ | ८३९८ |

मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

११

तेज बहादुर भाट
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ६ | ७ | १,५५३ | ६६०० |
| ७ | ३ | १,४८७ | ६३१६ |
| ८ | ४ | १,५६६ | ६६५६ |
| ९ | ११ | १,४८० | ६२९० |
| **जम्मा :** | **६४** | **१३,१७८** | **५६००७** |

*स्रोतः जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राबिधिक अध्ययन, २०७९*

## २.५.२. जातीयता

यस नगरपालिकामा मुख्यगरि थारु, ब्राम्हण/ठकुरी/क्षेत्री, दलित जातीहरुको बाहुल्यता रहेको छ। यसका साथै केहि परिवार नेवार, मुस्लिम र अन्य (सन्यासी आदि ) को पनि रहेको देखिन्छ। संकलन गरिएको तथ्याङ्क अनुसार सबै भन्दा बढी अर्थात् ४९% (६५६५) घरधुरी जनजाती (थारु तथा अन्य जनजाती) रहेका छन भने ३३% (४३६१) घरधुरी ब्राम्हण/ठकुरी/क्षेत्री/सन्यासी, १६% (२०७८) घरधुरी दलित रहेका छन् भने १% (१५८) नेवार, ०.२६% (३४) मुस्लिम र ०.६ % (८२) अन्य घरधुरी रहेका छन्। वडा अनुसार जातीगत घरधुरी विवरण तलको **तालिका-६** मा दिइएको छ भने जातीगत बिस्तृत विवरण **अनुसूची-१** मा दिइएको छ।

**तालिका- ६: वडागत रुपमा जातीगत घरधुरी विवरण**

| वडा न. | जम्मा बस्ति संख्या | घरधुरी संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ब्राह्मण/क्षेत्री/ ठकुरी/ सन्यासी | दलित | जनजाती | नेवार | मुस्लिम | अन्य | जम्मा |
| १ | ९ | २१३ | १३२ | ९४२ | ० | ० | २ | १२८९ |
| २ | ८ | ९२ | ७९ | ११०२ | ० | ४ | ० | १२७७ |
| ३ | ९ | ११७ | ८९ | ८०० | ० | ६ | ४ | १०१५ |
| ४ | ७ | १०३ | ४६ | १३७७ | ८ | १ | ० | १५३५ |
| ५ | ६ | १०३३ | २५९ | ६१३ | २ | ० | ६९ | १९७६ |
| ६ | ७ | ७७१ | ४२० | ३५० | ९ | ३ | ० | १५५१ |
| ७ | ३ | ६२५ | ४३६ | ३३७ | ९३ | ० | ५ | १४८७ |
| ८ | ४ | ८१० | २१९ | ४७९ | ५३ | ५ | ० | १५६५ |
| ९ | ११ | ५९७ | ३९८ | ४६५ | २ | १५ | २ | १४७९ |
| **जम्मा** | **६४** | **४३६१** | **२,०७८** | **६,४६५** | **१५८** | **३४** | **८२** | **१३,१७८** |
| **प्रतिशत :** | | **३३%** | **१६%** | **४९%** | **१%** | **०.२६ %** | **०.६%** | |

*स्रोतः जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राबिधिक अध्ययन, २०७९*

## २.५.३. साक्षरता विवरण

मधुवन नगरपालिकाको शिक्षा शाखाको शैक्षिक सर्वेक्षण प्रतिवेदन २०७५ अनुसार यस नगरपालिकाको ५ बर्षमाथिको जनसंख्याको साक्षरता दर हेर्दा कुल साक्षरता दर ९६.५९% रहेको छ,जसमध्ये पुरुष साक्षरता दर

मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३



तेज बहादुर भाट
नगर प्रमुख

९७.६४% रहेको छ भने महिला साक्षरता दर ९५.५३% रहेको छ। वडागत रुपमा साक्षरता दर हेर्दा तालिका-७ अनुसार रहेको देखिन्छ।

**तालिका- ७: वडागत रुपमा साक्षरता विवरण**

| वडा नं. | साक्षर जनसंख्या (साक्षारता विवरण ) | | | | कैफियत |
|---|---|---|---|---|---|
| | पुरुष | | महिला | | |
| | संख्या | प्रतिशत (%) | संख्या | प्रतिशत (%) | |
| १ | ३१५९ | ९६.७८% | २९५८ | ९३.४८% | |
| २ | ३०८४ | ९५.८३% | २६१५ | ९३% | |
| ३ | २४४३ | ९८.१९% | २३७९ | ९६% | |
| ४ | ३३७५ | ९७.७४% | ३४५० | ९८.५४% | |
| ५ | ३६७८ | ९८.७१% | ३४१३ | ९५.८७% | |
| ६ | ३०२१ | ९९% | २८९८ | ९८% | |
| ७ | ३७७३ | ९७.७७% | ३५७१ | ९४.६९% | |
| ८ | ३२२० | ९९% | ३१३७ | ९७.६०% | |
| ९ | ३०६९ | ९५.४५% | ३१२१ | ९२.३९% | |
| जम्मा : | २७,५४२ | ९७.६४% | २८,८२२ | ९५.५३% | |

*स्रोत: मधुवन नगरपालिका, शिक्षा शाखाको प्रतिवेदन, २०७५*

### २.५.४. व्यवसाय

यस नगरपालिकाका बासिन्दाहरुले जीविकोपार्जनका लागि विभिन्न पेशा व्यवसायहरुमा संलग्न हुँदै आईरहेका छन्। तर पनि यहाँका बासिन्दाहरुको मूख्य पेशा कृषि रहेको छ। जसमा कुल जनसंख्याको करिव ८१% संलग्न रहेको देखिन्छ भने त्यसपछि साना तथा मझौला खालका व्यापार व्यवसायहरूमाग करिब ५%, सरकारी सेवामा ५%, अन्य पेशा व्यवसायमा ९% जनसंख्या संलग्न रहेको देखिन्छ। वडागत रुपमा विभिन्न पेशा व्यवसायमा संलग्नहरुको विवरण निम्न तालिका-८ मा उल्लेख गरिएको छ।

**तालिका- ८: वडा अनुसार विभिन्न पेशा/व्यवसायमा संलग्न जनसंख्याको विवरण**

| वडा नं. | व्यवसाय सम्बन्धि विवरण (संख्या ) | | | | कैफियत |
|---|---|---|---|---|---|
| | कृषी | लघु उद्यम | सरकारी/गैर सरकारी क्षेत्र नौकरी | अन्य | |
| १ | १०४४ | ६४ | ३८ | १४३ | |
| २ | १०३४ | ६३ | ३८ | १४२ | |
| ३ | ८२२ | २२ | ३१ | १४० | |
| ४ | १२४३ | ७६ | ४३ | १७३ | |
| ५ | १६५० | ७६ | १०२ | १४८ | |



मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | १२५७ | ८३ | ८७ | १२६ | |
| ७ | १२०४ | ८६ | ७८ | ११९ | |
| ८ | १२६८ | १०२ | ११० | ८६ | |
| ९ | १२१८ | ७५ | ७१ | ११६ | |
| **जम्मा :** | **१०,७४०** | **६४७** | **५९८** | **१,१९३** | |
| **प्रतिशत :** | **८१%** | **५%** | **५%** | **९%** | |

*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राबिधिक अध्ययन, २०७९*

## २.५.५. कृषि र जीविकोपार्जन

बर्दिया जिल्ला नेपालकै धान उत्पादनका लागि पकेट क्षेत्र मानिन्छ । जिल्लाभित्र पनि धान उत्पादनका लागि मधुवन नगरपालिका, गेरुवा गाउँपालिका र ठाकुरबाबा नगरपालिका मुख्य क्षेत्रको रुपमा मानिन्छन।यस मधुवन नगरपालिकाका मुख्य कृषि खाद्यबालीहरुमा धान, गहुँ, तेलहन बालीका रुपमा लाई, तोरी, दलहन बालीमा मसुरो, चना, अरहर आदि तथा नगदेबालीमा उखु मुख्य रुपमा रहेका छन्। कृषि उत्पादनका लागि सिंचाइको राम्रो ब्यबस्था, उपयुक्त हावापानी र उर्बरमाटो रहेकोले कृषि पेशामा निर्भर घरपरिवारलाई पनि आफ्नै उत्पादनबाट बर्षभरिका लागि खाद्यान्न प्रयाप्त रहेको तथ्याङ्कले देखाएको छ। संकलित तथ्याङ्कहरुको विश्लेषण गर्दा आफ्नै कृषि उत्पादनबाट ९-१२ महिना खान पुग्ने घरधुरी ४६% रहेका छन् भने ६-९ महिनासम्म खान पुग्ने घरधुरिहरु ३९% र ६ महिना भन्दा कम खान पुग्ने घरधुरीहरु १५% रहेको देखिन्छ।




**ग्राफ- १ः खाधान्न पहुँचको अवस्था**

## २.५.६. मौसमी पात्रो


यस नगरपालिकामा आगामी दिनहरुमा समुदायमा आधारित विकासका क्रियाकलापहरु सञ्चालन गर्न समुदायको कार्य ब्यस्तताको समय जान्न आवश्यक छ। समुदायका बहुसंख्यक मानिसहरु स्थानीय कृषि तथा मजदुरी जस्ता क्रियाकलापहरु सञ्चालन गरी जीविकोपार्जन गर्ने भएकाले समुदायको फुर्सदलाइ मध्यनजर गरी विकासका क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने हुन्छ। जलउपयोग गुरुयोजना सर्वेक्षणका क्रममा समुदाय छलफलका आधारमा समुदायको फुर्सदको समय थाहा पाउन महिना अनुसार मौसमी पात्रो तयार पारिएको छ। समुदायको कामको ब्यस्तताको अवस्था आकलन गर्न वडागत तथ्याङ्कहरुलाई विश्लेषण गर्दा नगरपालिका क्षेत्रमा समुदायहरु चैत्र, बैसाख र जेठ महिनामा गहुँबाली तथा दलहन बाली भित्र्याउने कार्यमा व्यस्त हुने गरेको देखिन्छ भने असार, श्रावण महिनामा धान रोपाई र असोज तथा कार्तिक महिनामा धान बाली भित्र्याउने कार्यमा व्यस्त हुन्छन भने मंसिर देखि फाल्गुण महिनामा मात्रै अलि फुर्सदिलो हुने जलउपयोग गुरुयोजना निर्माणका क्रममा गरिएका छलफलहरुबाट एकिकृत गरिएको तथ्याङ्कले देखाएको छ।

मधुवन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दिया लुम्बिनी प्रदेश स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

नगरपालिकामा पुरुषहरु दैनिक ज्याला मजदुरीका लागि जिल्ला भित्रै, जिल्ला बाहिर वा छिमेकी मुलुक भारतमा समेत जाने गरेको देखिन्छ ।

समग्रमा यस नगरपालिकामा पुरुष र महिलाहरु सिजन अनुसारको काममा बढी ब्यस्त हुने अवस्था तथ्याङ्क विश्लेषणले देखाउछ। नगरपालिकाका महिला र पुरुषको प्रत्येक महिना ब्यस्त हुने समयको विश्लेषण ग्राफ नं. २ मा गरिएको छ।





**ग्राफ- २: समुदायको मौसमी काममा व्यस्त हुने समय**

*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राबिधिक अध्ययन, २०७९*

## २.५.७. नगरपालिकामा उपलब्ध मानव संशाधनको विश्लेषण

कुनै पनि विकास निर्माणका क्रियाकलापहरुलाई गुणस्तरीय र दिगो रुपमा सञ्चालन गर्न स्थानीय स्तरमा सिप भएका दक्ष मानव संसाधन हुन अति आवश्यक छ।यस नगरपालिकामा कुल २८९३ जना विभिन्न दक्षता र सीप भएका जनशक्ति उपलब्ध छन्। जसमध्ये सबैभन्दा बढी स्थानीय चर्पी निर्माण कार्यकर्ता ८३३ जना र दक्ष मिस्त्री ८३३ जना रहेका छन् भने खानेपानी प्लम्बर १७५ जना, काठको मिस्त्री ३५५ जना र धारा तथा ट्युबवेल जडान मिस्त्री ८० जना रहेका देखिन्छन। वडा अनुसार उपलब्ध मानवस्रोतको विवरण तलको ग्राफ-३ मा प्रस्तुत गरिएको छ।

*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राबिधिक अध्ययन, २०७९*




**ग्राफ- ३: मानव संसाधन अवस्था**



नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

### २.५.८. स्थानीय निर्माण सामग्रीहरुको उपलब्धता

यस मधुवन नगरपालिका तराई समथर भू-भाग मा अवस्थित रहेकाले ठूला-साना नदि तथा खोलाहरु स्थानीय निर्माण सामग्रीका स्रोतका रुपमा रहेका छन् । ढुङ्गा, बालुवा, काठ, गिट्टी र बाँस जस्ता स्थानीय निर्माण सामाग्रीहरु प्राय: सबै नगरपालिका क्षेत्र भित्र नै उपलब्ध रहेका छन्। स्थानीय सामाग्रीहरुको उपलब्धताको अवस्था हेर्दा ओराही खोला, बबई नदि र कर्णाली नदि ढुंगा, बालुवा र गिट्टी उपलब्ध हुने मुख्य स्थानको रुपमा रहेका छन् । नगरपालिका भित्र रहेका सबै खोलानालाहरुमा बालुवा, ढुंगा, गिट्टी संकलन र उत्खनन अनुमति नभएकोले अनुमति प्राप्त खोला/नदीहरु जस्तै: ओराही खोला, कर्णाली र बबई नदिबाट मात्रै तोकिएको समयमा स्थानीय निर्माण सामग्रीहरुको उपलब्धता हुने गरेको छ।

## २.६. सेवा केन्द्रहरु सम्बन्धि विवरण

यस नगरपालिकामा स्थानीय सेवा केन्द्रको रुपमा हरेक वडामा आधारभुत तथा माध्यमिक विद्यालयहरु रहेका छन्। त्यसै गरी ९ वटा स्वास्थ्य संस्था रहेका छन् । हाल स्थानीय तहको संरचना निर्माण भए पश्चात नगरपालिकामा रहेका मुख्य सेवा केन्द्रहरु सम्वन्धि विवरण तालिका-९ मा प्रस्तुत गरिएको छ।

**तालिका- ९: नगरपालिकामा रहेका सेवाकेन्द्रहरुको विवरण**

| क्र.स. | सेवा केन्द्रको नाम | कार्यालय स्थित वडा र स्थान | कैफियत |
|---|---|---|---|
| १. | सामुदायिक स्वास्थ्य सेवा केन्द्रहरु | ९ वटै वडाहरुमा १/१ वटा | |
| २. | मधुवन नगर अस्पताल | वडा न. ६, कुसुम्बा बजार | |
| ३. | नगर शिक्षा इकाई | वडा न. ६, कुसुम्बा बजार | |
| ४. | बिद्यालय (आधारभूत/मा.बि. तह ) | सबै वडामा रहेका | |
| ५. | क्याम्पस (स्नातक तह सम्म) | वडा न. ८, कुसुम्बा बजार | |
| ६. | मधुवन नेत्रालय | वडा न. ६, कुसुम्बा बजार | |
| ७. | पश्चिम बबई सिंचाइ आयोजना | वडा न. ४, ढोडरी | |
| ८. | सामुदायिक बन उपभोक्ता समूह | वडा न. ७ बाहेक सबै वडामा | |

*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राबिधिक अध्ययन, २०७९*

## २.७. विकास साझेदारहरु, गैर सरकारी संस्थाहरु, समुदायमा आधारित संस्थाहरु तथा सहकारी सम्बन्धि विवरण

यस मधुवन नगरपालिकामा सरकारी निकायहरु बाहेक अन्य दातृ निकाय/बिकास साझेदारहरुले पनि विभिन्न क्षेत्रमा कार्यक्रम संचालन गर्दै आईरहेका छन्। बिशेष गरि कृषि उत्पादन र बजारीकरण, स्वास्थ्य सरसफाइ, विपद जोखिम व्यवस्थापन लगायत सामाजिक-आर्थिक बिकासका क्रियाकलापहरुमा नगरपालिकासंग

मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

समन्वय तथा साझेदारि गर्दै आईरहेका छन्।नगरपालिकामा कार्यरत मुख्य विकास साझेदार तथा गैर सरकारी संस्थाहरुको विवरण निम्न तालिका-१० र अनुसूची-१ मा प्रस्तुत गरिएको छ।

**तालिका- १०: मुख्य विकास साँझेदार तथा गैर सरकारी संस्थाहरुको विवरण**

| क्र.स. | परियोजना वा संस्थाको नाम | किसिम | कार्यक्रमको क्षेत्र |
|---|---|---|---|
| १. | युनिसेफ, नेपाल | संयुक्त राष्ट्र संघ | WASH, शिक्षा, स्वास्थ्य, बाल संरक्षण, विपद जोखिम न्यूनीकरण आदि |
| २. | प्लान नेपाल- युनेस्को क्लब बाँके मार्फत | अन्तर्राष्ट्रिय गै.स.स. | बालबिबाह न्यूनीकरण कार्यक्रम |
| ३. | सेभ द चिल्ड्रेन | अन्तर्राष्ट्रिय गै.स.स. | विपद जोखिम न्यूनीकरण, शिक्षा, स्वास्थ्य |
| ४. | गेरुवा सामाजिक सशक्तीकरण | स्थानीय गैरसरकारी संस्था | WASH, शिक्षा, पोषण, जीविकोपार्जन, बचत ऋण |
| ५. | गुड नेवर्स इन्टरनेशनल | अन्तर्राष्ट्रिय गै.स.स. | स्वास्थ्य, शिक्षा, खानेपानी सरसफाइ आदि |

*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राबिधिक अध्ययन, २०७९*

माथि तालिका-६ मा उल्लेख गरिएका विकास साँझेदारहरु तथा गैर सरकारी संस्थाहरु बाहेक नगरपालिकास्तरमा विभिन्न सामुदायिक संस्थाहरु, सामुदायिक बन उपभोक्ता समूहहरु, कृषि समूहहरु, आमा समूहहरु पनि गठन भएका छन्।ति समुदायमा आधारित संस्थाहरुले कुनै न कुनै रुपमा समुदायको सामाजिक तथा आर्थिक क्रियाकलापहरुमा सहयोग पुऱ्याउँदै आईरहेका छन्। समुदाय स्तरमा विभिन्न सहयोगी निकायहरुको सहजीकरणमा वा स्वस्फुर्त रुपमा ३८ वटा सहकारी संस्थाहरु गठन भई समुदायस्तरमा बचत तथा ऋण लगायत लघुउधम प्रबर्धन मार्फत आर्थिक गतिविधिहरुमा सहयोग पुऱ्याउँदै आईरहेका छन्। वडागत रुपमा रहेका सहकारी संस्थाहरुको विवरण तलको तालिका-११ अनुसार रहेको देखिन्छ भने बिस्तृत विवरण अनुसूची-१ मा दिइएको छ।

**तालिका- ११: सहकारीहरुको विवरण तालिका**

| वडा न. | जम्मा सहकारी संख्या | सहकारीको किसिम अनुसार संख्या | | | शेयर सदस्य संख्या | | | | जम्मा शेयर पुँजी |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कृषि/बचत ऋण | बहु-उद्धेश्य | पेशागत /अन्य | महिला | पुरुष | अन्य | जम्मा | |
| १ | ४ | २ | २ | ० | ३४२७ | १३१३ | ० | ४७४० | ५३,२४९.५५ |
| २ | २ | ० | २ | ० | २५४ | २२० | ० | ४७४ | ४९१.८० |


सुर्खेत नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दिया लुम्बिनी प्रदेश स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | १ | १ | ० | ० | ४१२ | ५१४ | ० | ९२६ | १३,३४७.४३ |
| ४ | ५ | ४ | १ | ० | २३३८ | ५३५ | ० | २८७३ | २४,३४६.२८ |
| ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | ६ | ५ | १ | ० | ८९३९ | ४५५४ | ० | १३४९३ | २८,०८३.२० |
| ७ | ६ | ३ | ३ | ० | ३५२२ | ६९४ | ० | ४२१६ | ४९,३८८.३० |
| ८ | ६ | १ | ५ | ० | ४७०२ | ३३६३ | ० | ८०६५ | ६४,९०१.५० |
| ९ | ४ | ३ | १ | ० | ११८७ | २३६ | ० | १४२३ | ३,८९१.८० |
| **जम्मा** | **३४** | **१९** | **१५** | **०** | **२४,७८१** | **११,४२९** | **०** | **३६,२१०** | **२,३७,६९९.८७** |

*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राबिधिक अध्ययन, २०७९*

जातीगत आधारमा शेयर सदस्यहरुको विश्लेषण गर्दा कूल सदस्यहरु मध्ये १५.६०% दलित, ३९% जनजाती, १% नेवार, ०.१५% मुस्लिम तथा ४४% ब्राह्मण/ठकुरी/क्षेत्री/ सन्यासी रहेका छन्। *(नोट: सहकारीमा शेयर सदस्य संख्या बढी देखिनुको कारण अन्य नगरपालिकाका सदस्यहरु समेत गणना गरिएको छ।)*




ग्राफ- ४: सहकारीमा आबद्ध शेयर सदस्यहरुको जातिगत विवरण

मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

**तेज बहादुर भाट**
**नगर प्रमुख**

# अध्याय-३: विद्यमान जलस्रोतहरुको अवस्था र प्रयोग

## ३.१. नगरपालिकामा उपलब्ध जलस्रोतहरुको विवरण

यस मधुवन नगरपालिका क्षेत्रको पानीको मुख्य स्रोत भुमिगत जलस्रोत रहेको छ । मधुवन नगरपालिकामा रहेका मुख्य जलाधारहरुमा कर्णाली नदि, बबई नदि लगायत ताल तलैयाहरु ( ताराताल, बढैया ) रहेका छन्। खानेपानीका लागि यस नगरपालिकाका सत् प्रतिशत घरधुरीहरु भूमिगत जलस्रोत मै निर्भर रहेका छन् भने सिंचाइका लागि नगर क्षेत्रको अधिकांश खेतियोग्य जमिन बबई सिंचाइ आयोजनाबाट सिंचित भैरहेको छ भने केहि बस्तिहरुमा बोरिंग को माध्यमबाट पानी तानी सिंचाइ गर्दै आइरहेका छन्।

## ३.२. नगरपालिकामा उपलब्ध जलस्रोतहरुको विश्लेषण

पानीको एकिकृत तथा समुचित व्यवस्थापनका लागी विद्यमान जलस्रोतहरुको विश्लेषण महत्वपुर्ण हुने गर्दछ। जलउपयोग गुरुयोजनाको अभिन्न अंगको रुपमा रहेको यस अध्यायमा नगरपालिका भित्रका पानीका स्रोतहरुको अवस्था, गुणस्तर, बर्तमानमा र भबिष्यमा हुन सक्ने प्रयोगको बिश्लेषण गरिएको छ। समुदायका मानिसहरुले आफ्ना पानीजन्य आवश्यकताहरु जस्तै: पिउने पानी, खाना पकाउने लगायत अन्य घरायसी प्रयोजनका साथै उत्पादन मुलक पेशा व्यवसायका लागि स्रोतहरुमा पानी यथेष्ट परिमाणमा उपलब्ध छ वा छैन, उपलब्ध पानीको गुणस्तर के कस्तो रहेको छ, पानीका भूमिगत स्रोत के कस्तो अवस्थामा रहेका छन्, जलस्रोतहरुको विद्यमान प्रयोग स्थिति र भविष्यको उपयोगको संभावना के-कस्तो रहेको छ, पानी सम्वन्धि कुनै किसिमको विबाद छ/छैन भन्ने अवस्थाको विश्लेषण जलउपयोग गुरु योजनाको अध्ययन चरणमा सामाजिक तथा प्राविधिक अध्ययनका माध्यमबाट गरिएको छ। मधुवन नगरपालिकामा हाल प्रयोगमा रहेका तथा भविष्यमा प्रयोगको सम्भावना रहेका भूमीगत तथा सतहमा रहेका स्रोतहरुको प्राबिधिक अध्ययन, जानिफकारहरुसंगको अन्तरक्रिया तथा स्थलगत अवलोकन गरी यस अध्यायमा पानीका स्रोतहरु सम्वन्धि तथ्याङ्कहरुको बिबेचना गरिएको छ ।

### ३.२.१. स्रोतहरुको अवस्थितिको आधारमा जलस्रोतहरुको विश्लेषण

यस नगरपालिका भित्र रहेका सबै पानीका स्रोतहरु मध्ये भूमिगत स्रोतहरु प्रमुख स्रोतका रुपमा रहेका छन्। यस क्षेत्रमा रहेको भूमिगत जलस्रोतहरु तराई क्षेत्रको उत्तरी भागहरु; चुरेभावर लगायतकापहाडी क्षेत्रहरुमा हुने वर्षाले गर्दा नदि तथा खोलाहरुको रुमपा तराईमा बग्ने र त्यसैबाट पानी जमिन भित्र छिरेर (रिचार्ज) भएर भूमिगत जलस्रोतको रुपमा देखिने स्रोतहरु हुन्। नगरपालिकामा गरिएको एक अध्ययन अनुसार रिचार्ज हुने पानीको मात्रालाइ हाइड्रोलोजिकल मोडेल[2] अनुसार बिश्लेषण गर्दा जमिन मुनि रहेको पानीको परिमाण पश्चिम तराइका जिल्लाहरुमा घट्दै गईरहेको र बर्दिया जिल्लाको ०.३८ मिलियन घन मिटर प्रति कि.मि. प्रति बर्ष मात्रै

---

[2] स्रोत:-Water Access Challenges in the Western Plains of Nepal, https://csisa.org/wp-content/uploads/sites/2/2021/06/Water-Access-Report Nepal-June 2021-Web-rev.pdf)



मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

रहेको देखिन्छ, तथापी बर्दिया जिलामा गहिरो जलसतह भने अरु पश्चिमी तराईका जिल्लाहरुमा भन्दा राम्रो रहेको छ जुन ३२ लि.प्र.से. देखिन्छ।

### ३.२.२. स्रोतहरुको प्रयोगको आधारमा जलस्रोतहरुको विश्लेषण

मधुवन नगरपालिका भित्र खानेपानीका लागि प्रयोग भएका बिद्यमान स्रोतहरु सबै भूमिगत स्रोतहरु रहेका छन्। भूमिगत स्रोतहरुलाई ब्यवस्थित योजनाका माध्यमबाट (Lifting, Overhead tank, distribution system) वडा न. ४,५,६,८ र ९ का केहि बस्तिहरुमा खानेपानी वितरण गरिएको छ साथै सिंचाइ तथा अन्य प्रयोजनका लागि कर्णाली, बबई नदिहरु र नगरपालिका भएर बग्ने स-साना खोलाहरु जस्तै; औराही खोलाको पानी प्रयोगमा ल्याएको सामाजिक तथा प्राबिधिक सर्बेक्षणमा पाईएको छ। नगरपालिका भित्रका विभिन्न स्थानमा स-साना ताल तलैयाहरु समेत रहेका छन् । नगरपालिकाको बिभिन्न स्थानमा माछापालन व्यवसाय संचालनमा रहेका छन्। नगरका नदी, तालतलैयाहरुले आन्तरिक तथा बाह्य पर्यटकलाई आक्रषक गरिरहेको र भबिष्यमा जलस्रोतहरुको संरक्षण तथा पर्यटन पूर्वाधार विकास मार्फत नगरपालिकाको आन्तरिक आम्दानी बढावा गर्न सक्ने प्रशस्त संभावना रहेको छ। तालिका-१२ मा पानीका स्रोतहरुको प्रयोगको सारांश अवस्था प्रस्तुत गरिएको छ।

**तालिका- १२: पानीका स्रोतहरुको सारांश विवरण**

| पानीका स्रोतको किसिम | संख्या | हालको प्रयोगको अवस्था |
|---|---|---|
| नदि (ठुला नदि)- कर्णाली र बबई | २ वटा | सिंचाइको लागि बृहत बबई सिंचाइ आयोजना |
| खोला-ओराही खोला | १ वटा | सिंचाइको लागि प्रयोग गरिएको |
| भूमिगत पानीका स्रोतहरु | - | खानेपानी र बोरिंग सिंचाइ (लघु सिंचाइको रुपमा) |
| तालतलैया | १७ वटा | केहि तालहरु संरक्षण गरि पर्यटकीय रुपमा विकास गरिएका छन् भने केहि तालहरु माछापालनका लागि प्रयोग गरिएका |

*स्रोत: प्राबिधिक तथा सामाजिक सर्वेक्षण र गुरुयोजना निर्माणका क्रममा गरिएका अन्तर्क्रिया, २०७९*

### ३.२.३. गुणस्तरको आधारमा जलस्रोतहरुको विश्लेषण

जलउपयोग गुरुयोजनाको सामाजिक तथा प्राबिधिक सर्बेक्षण र नगरपालिकाका वडाहरुमा सम्पन्न गरिएका वडा स्तरिय तथ्याङ्क प्रमाणीकरण तथा योजना तर्जुमा गोष्ठीहरुमा सहभागीहरुले नगरपालिका क्षेत्र भित्र प्रयोगमा आएका भूमीगत स्रोतहरु गुणस्तरिय नरहेको जानकारी गराएका थिए। नगरपालिकामा गरुयोजना निर्माण पूर्ब गरिएका पानी परिक्षण र नतिजाहरु समेतले पानीको गुणस्तर सन्तोषजनक नरहेको औल्याएको नगरकार्यपालिका कार्यालयले जानकारी दिएका थिए। मधुवन नगरपालिकासंगको छलफल र युसएआइडी, कर्णाली जल परियोजनासंगको छलफल पश्चात मधुवन नगरपालिकाको सबै वडामा नमुना पानी परिक्षण गरिएको थियो। पानीको गुणस्तर सम्बन्धमा बिगतमा विभिन्न अनुसन्धानकर्ता व्यक्ति/संस्थाहरुबाट गरिएका अनुसन्धान/अध्ययन प्रतिबेदन अनुसार पनि नेपालका तराईका जिल्लाहरुमा मानव स्वास्थ्यका लागि हानिकारक रासायनिक पदार्थहरु तथा जैविक किटाणुहरु पानीमा रहेको भन्ने देखिएको छ। विशेषगरि मानव



मधुवन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दिया लुम्बिनी प्रदेश स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख


स्वास्थ्यका लागि एकदमै हानिकारक रासायनिक पदार्थ जस्तै; आर्सेनिक बर्दिया जिल्लामा पनि १०-५० भाग प्रति १०० करोड (10-50 parts per billion[3]) देखिएको र जुन मात्रा खानेपानी प्रयोजनका लागि उपयुक्त नहुने भन्ने देखिएको छ।

यसका साथै NWASHअन्तर्गत संकलित तथ्याङ्कमा पनि मधुवन नगरपालिकाका कुल घरधुरी मध्ये करिब ४१ प्रतिशत घरधुरीहरुमा चर्पीको खाडल र खानेपानीको ट्युबवेलको दुरी २० फिट भन्दा कम देखिएको हुँदा मानव मलमुत्र मिसिने अत्यधिक सम्भावना रहेको औल्याएको र ट्युबवेलको खानेपानीमा दिसाजन्य किटाणु ई-कोलाई (E-Coli) समेत रहेको पानी परिक्षणका नतिजाहरुले देखाएको छ।

दिगो विकासका लक्ष्य, नेपाल सरकारको क्षेत्रगत योजना र मधुवन नगरपालिकाको प्रतिवद्धताका आधारमा मानव स्वास्थ्यका लागि हानिकारक कुनै पनि पदार्थ पानीमा नमिसिएको सुरक्षित खानेपानी पुऱ्याउने गरि जलउपयोग गुरुयोजना निर्माणका क्रमका बिभिन्न गोष्ठीहरुमा छलफल गरिएका छन् साथै खानेपानी योजनाहरुको तर्जुमा, सेवा बिस्तार गर्दा खानेपानी सुरक्षित भए नभएको एकिन गर्ने र सोका लागी पानी परिक्षणलाई अनिवार्य लागु गर्ने, खानेपानी योजना निर्माण चरणमा खानेपानी सुरक्षा योजना लागु गर्नुका साथै पानी सुद्धीकरणका बिधिहरुलाई ब्यापक प्रचारप्रसार र लागु गर्ने, पानी सुद्धीकरणका बिधीहरु योजना निर्माण गर्दा उपयुक्त तवरले निर्माण गर्ने लगायतका पानीको गुणस्तरका बिषयमा छलफल गरिएका छन्।

जलउपयोग गुरुयोजना तयारिका क्रममा मधुवन नगरपालिकाका सबै वडा बाट अधिकांश बस्तीहरु समटने गरि १२४ वटा घरधुरीहरुको ह्यान्डपम्प र ६ वटा ट्युबवेलहरुको रासायनिक प्यारामिटर (आर्सेनिक, आइरन, नाईट्रेट, क्याल्सियम, पि.एच. र धमिलोपना) र १ वटा जैविक प्यारामिटर (इ-कोलाई) नमुनाको रुपमा परिक्षण गरिएको छ। नमुना परिक्षणको रासायनिक र जैविक प्यारामिटरहरुको सारांश विवरण निम्न तालिका-९ मा र बिस्तृत नतिजा अनुसूची- २ मा दिइएको छ।

**धमिलोपना:** नेपाल सरकारको खानेपानी गुणस्तर मापदण्ड ([4]NDWQS-2079) को अनुसार खानेपानीमा धमिलोपनाको मात्र ५ एनटियु (Nephelometric Turbidity Unit) सम्म सिफारिस गरिएको छ। जलउपयोग गुरुयोजना निर्माणको क्रममा मधुवन नगरपालिकाका १२४ घरधुरीहरुमा गरिएको नमुना परिक्षण अनुसार धमिलोपाना ५एनटियु भन्दा कम भएका घरधुरी संख्या ६०% रहेका छन् भने ५ एनटियु वा सो भन्दा बढी भएका




**ग्राफ- ५: नमुना परिक्षण ट्युबवेलमा धमिलोपनाको अवस्था**

[3] स्रोत: ठाकुर, जे.के., आदि, २०११: Arsenic Contamination of Groundwater in Nepal-An Overview, Water 2011, https://doi.org/10.3390/w3010001)

[4] Government of Nepal (mows.gov.np)

नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

घरधुरी संख्या ४०% देखिएका छन्। यसको सारांश नतिजा विवरण ग्राफ-५ मा प्रस्तुत गरिएको छ भने बिस्तृत विवरण अनुसूची-५ मा दिइएको छ।


**पिएच (Potential of Hydrogen):** नेपाल सरकारको राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुसार खानेपानीमा पीएच अर्थात् हाइड्रोजन बिभवको मात्रा ६.५-८.५ सम्म हुनुपर्ने सिफारिस गरेको छ।मधुवन नगरपालिका भित्रका १२४ वटा घरधुरीका ट्युबवेलहरुको नमुना परिक्षणबाट प्राप्त नतिजा अनुसार सबै ट्युबवेलहरुको पानीमा पिएचको मात्र राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०७९ ले तोकेको सीमा भित्रै रहेको देखिन्छ । विभिन्न अध्ययनहरुले पिउनका लागि प्रयोगहुने पानीमा pH को मात्रा ७ सिफारीस गरेको भएतापनि नेपालका लागि राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ ले ६.५-८.५ सिफारीस गरेको छ।

**विधुतीय समबाहकता (Electric Conductivity):** नेपाल सरकारको राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०७९ अनुसार खानेपानीमा विधुतीय समबाहकता १५०० माइक्रोम्स/से.मि. सिफारिस गरेको छ। यस मधुवन नगरपालिका भित्र नमुना परिक्षण गरिएका १२४ वटै ट्युबवेलहरुको पानीमा बिद्युतीय सम्बाहकता (Electrical Conductivity) १५०० माइक्रोम्स/ से.मि.(μs/cm) भन्दा कम रहेको पाइएको छ।

**क्याल्सियम (Calcium) :** पानीमा कडापन हुनु भनेको पानीमा क्याल्सियमको मात्रा बढी हुनु भन्ने जनाउंदछ। खानेपानीमा क्याल्सियमको मात्रा बढी हुँदा त्यसले खानेपानी वितरण प्रणालीका पाईपलाईनहरु बन्द हुने सम्भावना रहन्छ, पानीमा बढी मात्रामा क्याल्सियम हुदा समग्र प्रणालीमा असर गर्दछ। मधुवन नगरपालिकाको १२४ ट्युबवेलको नमुना पानी परिक्षण गर्दा सबै ट्युबवेलहरुको पानीमा क्याल्सियमको मात्रा ३०० मिलिग्राम/लिटर भन्दा कमै रहेको पाइएको छ। राष्ट्रिय खानेपानी गुणस्तर मापदण्डले पनि खानेपानीमा क्याल्सियमको मात्रा २०० मिलिग्राम/लिटर भन्दा कम हुनुपर्ने सिफारिस गरेकोछ।

**आर्सेनिक (Arsenic) :** भूमिगत खानेपानीका स्रोतहरुमा घुलनशील रुपमा रहने रासायनिक पदार्थ आर्सेनिक मानव स्वास्थ्यका लागि एकदमै हानिकारक रहेको छ। नेपालमा तराई क्षेत्रको भूमिगत खानेपानीका श्रोतहरुमा आर्सेनिक धेरै जसो ठाउँमा रहेको देखिन्छ। नेपाल सरकार लगायत बिभिन्न निकायहरुले पनि खानेपानीको लागि भूमिगत जलस्रोतमा निर्भर हुनुपर्ने मुख्यगरि तराईका जिल्लाहरुमा र भित्रि मधेश तथा उपत्यकाहरुमा आर्सेनिक न्यूनीकरणका (Arsenic Mitigation) लागि विभिन्न प्रबिधिहरु अपनाउदै आइरहेको छ । हाल जलउपयोग गुरुयोजना निर्माणको क्रममा पनि बर्दिया जिलाको मधुवन नगरपालिकामा १२४ वटा ट्युबवेलहरुमा आर्सेनिक परिक्षण गर्दा नेपाल खानेपानी गुणस्तर मापदण्डले

संख्या:१२४





**ग्राफ- ६: नमुना परिक्षण गरिएका ट्युबवेलहरुमा आर्सेनिकको अवस्था विवरण**



तेज बहादुर भाट
नगर प्रमुख

खानेपानीको लागि सिफारिस गरेको ०.०५ मिलिग्राम/लिटर को सीमा भन्दा बढी आर्सेनिक कुनैपनि ट्युबवेलमा नरहेको पाइएता पनि ४% ट्युबवेलहरुमा ०.०२ मि.ग्रा./लिटर, ३५% ट्युबवेलहरुमा ०.०१ मि.ग्रा./लिटर, र ६१% ट्युबवेलहरुमा ०.०१ मि.ग्रा./लिटर भन्दा कमै देखिएको छ तथापी खानेपानीमा रहेको आर्सेनिकको थोरै मात्रा पनि मानव स्वास्थ्यका लागि राम्रो नहुने हुँदा आर्सेनिक न्यूनीकरणका क्रियाकलापहरु भने संचालन गर्नुपर्ने देखिन्छ ।





**ग्राफ- ७: नमुना परिक्षण गरिएका ट्युबवेलहरुमा आइरनको अवस्था**

**आइरन (Iron) :** मधुवन नगरपालिकामा नमुना परिक्षण गरिएका १२४ वटा ट्युबवेलहरुमा आइरनको मात्रा परिक्षण गर्दा २४% ट्युबवेलहरुमा नेपाल खानेपानी गुणस्तर मापदण्डले सिफारीस गरेको सीमा (३ मिलिग्राम/लिटर) भन्दा बढी देखिएको छ भने ७६% ट्युबवेलहरुमा ३ मिलिग्राम/लिटर भन्दा कम रहेको देखिएको छ।नमुना परिक्षणको सारांश विवरण ग्राफ-७ मा प्रस्तुत गरिएको छ ।

**नाईट्रेट (Nitrate):** राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ अनुसार खानेपानीमा नाईट्रेटको अधिकतम् मात्रा ५० मिलिग्राम/लिटर हुनुपर्ने सिफारिस गरेको छ। यस मधुवन नगरपालिकामा नमुना परिक्षण गरिएका १२४ वटा ट्युबवेलहरुमा परिक्षण गर्दा परिक्षण गरिएका सबै ट्युबवेलहरुमा नाईट्रेटको मात्रा ५० मिलिग्राम/लिटर भन्दा कम रहेको देखिएको छ।

**ई-कोलाई (E-coli) :** राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ अनुसार खानेपानीका लागि प्रयोग गरिने खानेपानी कुनै पनि जैविक पदार्थ/किटाणुहरु रहित हुनुपर्ने हुन्छ । राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२ अनुसार खानेपानीमा ई. कोली को मात्रा (सी.एफ.यु./१०० मि.लि.) शुन्य हुनुपर्ने सिफारिस गरेको छ। मधुवन नगरपालिकामा जलउपयोग गुरुयोजना निर्माणका क्रममा नमुना परिक्षणको रुपमा १२४ वटा खानेपानीको लागि प्रयोग हुने ट्युबवेलहरुको पानी परिक्षण गर्दा ६४% ट्युबवेलहरुमा ई-कोलाई ० रहेको छ भने २०% ट्युबवेलहरुमा २-३४ देखिएको र १६% ट्युबवेलहरुमा ई-कोलाईको मात्रा एकदमै बढी देखिएकोछ। भूमिगत खानेपानीका स्रोतहरुमा ई-कोली भेटिनुको कारणहरुमा




**ग्राफ- ८: नमुना परिक्षण गरिएका ट्युबवेलहरुमा ई-कोली को अवस्था विवरण**



१४०.२.८
तेज बहादुर भाट
नगर प्रमुख

शौचालयको खाडल र ट्युबवेलको दुरी, ट्युबेलको गहिराइ कम हुनु, शौचालय खाडलको उपयुक्त तवरले निर्माण नहुनु, फोहोर पानीको उपयुक्त निकासको व्यवस्थापन नहुनु, समुदायका अस्वस्थ्य व्यवहार र आनीबानीसंग आदी पर्दछन्। नमुना परिक्षण गरिएका १२४ वटा ट्युबवेलहरुको अवस्था विश्लेषण गर्दा करिब ४५% घरधुरीमा ट्युबवेल र शौचालयको खाडलको दुरी १० फिट वा १० फिट भन्दा कम, ३५% घरधुरीमा ११ -२० फिट र २०% घरधुरीमा २० फिट भन्दा बढी देखिएको छ। प्राप्त तथ्याङ्कहरुको विश्लेषण गर्दा शौचालयको खाडल र ट्युबवेलको दुरी १० फिट भन्दा कम भएका ५५ घरधुरीहरु मध्ये ९०% घरधुरीको ट्युबवेलमा ई-कोली रहेको देखिएको छ। साथै समुदायहरुमा निर्माण भएका शौचालय, ट्युबवेलहरुको प्लेटफर्म लगायत संरचनाहरुको निर्माण उपयुक्त तरिकाले भएको पाईदैन। फोहोर पानी निकासको अवस्था समेत अधिकांश समुदायमा कमजोर स्थिति सर्वेक्षणका क्रममा भेट्टीएको छ।नमुना परिक्षणको सारांश विवरण ग्राफ-८ मा प्रस्तुत गरिएको छ, वडागत नमुना परिक्षण गरिएका ट्युबवेलहरुको संख्या र सबै पारामिटरहरुको विवरण तलको तालिका-१३ मा प्रस्तुत गरिएको छ नमुना पानी परिक्षण सम्वन्धिबिस्तृत विवरण अनुसूची-२ मा राखिएको छ।

## तालिका- १३:नमुना ट्युबवेल परिक्षणको वडागत विवरण

| वडा न. | नमुना परिक्षण संख्या | परिक्षण गरिएका प्यारामिटर | धमिलोपना (NTU) | | पिएच (PH) | | | विद्युतीय चालकता (μs/cm) | | क्याल्सियम (mg/1) | | आर्सेनिक (mg/1) | | | ई-कोलाई (CFU/100 ml) | | | आइरन (mg/l) | | नाइट्रेट (mg/l) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | NDWQS अनुसार अधिकतम सिमा | ५ ** | | ६.५-८.५* | | | १५०० | | ३०० | | ०.०५ | | | ० | | | ३** | | ५० | |
| | | विश्लेषण रेन्ज | <५ वा ५ सम्म | ५ भन्दा बढी | ६.५-८.५* | ६.५ भन्दा कम | ८.५ भन्दा बढी | १५०० वा भन्दा कम | १५०० भन्दा बढी | ३०० भन्दा कम वा ३०० सम्म | ३०० भन्दा बढी | ०.०१ भन्दा कम | ०.०१ | ०.०२ | ई-कोलाई नभेटिएको | भेटिएको (१-३४ सम्म) | धेरै वा नगण्य संख्यामा भेटिएको | ३ मि.ग्रा./लि. भन्दा कम | ३ मि.ग्रा./लि. भन्दा बढी | ५० भन्दा कम | ५० भन्दा बढी |
| १ | १३ | ट्युबवेल संख्या | १२ | १ | १३ | ० | ० | १३ | ० | १३ | ० | १३ | ० | ० | ७ | ५ | १ | १० | ३ | १३ | ० |
| २ | १५ | ट्युबवेल संख्या | २ | १३ | १५ | ० | ० | १५ | ० | १५ | ० | ७ | ६ | २ | १२ | २ | १ | ९ | ६ | १५ | ० |
| ३ | १२ | ट्युबवेल संख्या | ३ | ९ | १२ | ० | ० | १२ | ० | १२ | ० | ८ | २ | २ | ७ | ३ | २ | ६ | ६ | १२ | ० |
| ४ | १२ | ट्युबवेल संख्या | ११ | १ | १२ | ० | ० | १२ | ० | १२ | ० | ६ | ६ | ० | ६ | ५ | १ | ९ | ३ | १२ | ० |
| ५ | ११ | ट्युबवेल संख्या | ५ | ६ | ११ | ० | ० | ११ | ० | ११ | ० | ७ | ४ | ० | ५ | ३ | ३ | ८ | ३ | ११ | ० |
| ६ | १५ | ट्युबवेल संख्या | १० | ५ | १५ | ० | ० | १५ | ० | १५ | ० | ९ | ६ | ० | १० | २ | ३ | १२ | ३ | १५ | ० |
| ७ | १२ | ट्युबवेल संख्या | ९ | ३ | १२ | ० | ० | १२ | ० | १२ | ० | ८ | ४ | ० | ८ | २ | २ | १० | २ | १२ | ० |
| ८ | १५ | ट्युबवेल संख्या | ७ | ८ | १५ | ० | ० | १५ | ० | १५ | ० | ८ | ७ | ० | ९ | २ | ४ | १३ | २ | १५ | ० |
| ९ | १९ | ट्युबवेल संख्या | १५ | ४ | १९ | ० | ० | १९ | ० | १९ | ० | १० | ८ | १ | १५ | १ | ३ | १७ | २ | १९ | ० |
| Total | १२४ | | ७४ | ५० | १२४ | ० | ० | १२४ | ० | १२४ | ० | ७६ | ४३ | ५ | ७९ | २५ | २० | ९४ | ३० | १२४ | ० |
| Percentage (%) | | | ६०% | ४०% | १००% | ०% | ०% | १००% | ०% | १००% | ०% | ६१% | ३५% | ४% | ६४% | २०% | १६% | ७६% | २४% | १००% | ०% |
| पुनश्च : | * अधिकतम र न्युनतम सिमा<br>** माथिल्लो रेन्ज | | | | | | | | | | | | | | | | | | | | |

*स्रोत: जलउपयोग गुरुयोजना, ट्युबेलहरुको नमुना पानी परिक्षण, २०७९*

मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

### ३.२.४. स्रोतहरुको बिद्यमान प्रयोग र सम्भावित उपयोगको आधारमा जलस्रोतहरुको विश्लेषण

खानेपानीका लागि यस मधुवन नगरपालिकामा भूमिगत जलश्रोतहरुको मात्रै प्रयोग भएको छ। भूमिगत श्रोतहरुलाई लिफ्ट प्रबिधिबाट तानेर आकासे ट्यांकी निर्माण गरि ४,२१५ घरधुरीमा खानेपानी वितरण गरेको छ भने बाकि ५,२३१ घरधुरीहरु हाल निर्माणाधीन खानेपानी योजनाबाट लाभान्वित हुने र बाँकी ३,७३२ घरधुरीहरुको खानेपानीको प्रमुख स्रोत ट्युबवेल मात्र रहेको देखिन्छ। नगरपालिका क्षेत्र भएर बग्ने ठूलो नदी कर्णालीबाट सिंचाइको अत्यधिक प्रयोगको सम्भावना रहेतापनि यस नदीबाट सिंचाइ गर्न राष्ट्रिय स्तरकै ठूलो योजना र लगानी आवश्यक पर्ने भएकाले नयाँ योजना निर्माण भइ प्रयोगमा ल्याउन सकिने सम्भावना एकदमै कम रहेको देखिन्छ।

नगरपालिका क्षेत्रमा बबई सिंचाइ आयोजनाले खेतीयोग्य भू-भागको करिब ३,१६६.५६ हेक्टर क्षेत्र सिंचित भइरहेको र सिंचाइ योजनाबाट थप करिब १,२०० हेक्टर भू-भाग समेत सिंचित हुने सम्भवना रहेको छ। बबई योजनाको सेवा बिस्तार तथा निकासको लागि नगरपालिका स्तरिय योजना तर्जुमा गोष्ठीमा छलफल भई योजनाहरु प्रस्तावित गरिएका छन् । नगरपालिका क्षेत्रमा खानेपानीका लागि भूमिगत स्रोत मात्रै रहेको हुदा हाल बिद्यमान खानेपानी योजनाहरुको सेवा क्षेत्र बिस्तार, पानीको गुणस्तर सुधारका लागि Treatment प्लान्ट जडान, निर्माणधिन योजनाहरुमा पनि पानीको गुणस्तर सुरक्षाका प्रबिधि जडानका साथसाथै नँया प्रस्तावित योजनाहरुबाट समेत धैरै भन्दा धैरै घरधुरिहरुलाई सेवा प्रबाह हुन सक्ने र गुणस्तर कायमका साथ योजना तर्जुमा गर्नु पर्ने देखिन्छ।

## ३.३. बिद्यमान खानेपानी योजनाहरुको अवस्था बिश्लेषण

यस मधुवन नगरपालिकामा हालसम्म जम्मा ७ वटा खानेपानी योजनाहरु संचालनमा रहेका छन् । बिद्यमान खानेपानी योजनाहरु बाट कुल ४२१५ (३२%) घरधुरीहरू लाभान्वित भईरहेका छन् भने नगरपालिकामा गुरुयोजनाको तथ्याङ्क संकलन गर्दा सम्म ८९५९ (६८%) घरधुरीहरुले ट्युबवेलबाटै सिधै खानेपानी उपभोग गरेका छन्। नगरपालिकाको बिभिन्न वडाहरुमा ९ वटा खानेपानी योजनाहरु निर्माणाधीन अवस्थामा रहेका छन्, निर्माणाधीन योजनाहरुको सम्पन्नता पश्चात नगरपालिका क्षेत्रका थप ४९३१ (३७%) घरधुरीहरुमा खानेपानी सुबिधा बिस्तार हुने देखिन्छ।

बिद्यमान खानेपानी योजनाहरुको संचालनको अवस्था विश्लेषण गर्दा १५% घरधुरीहरु मात्रै ब्यबस्थित योजनाबाट लाभान्वित भएका देखिन्छन भने १७% घरधुरीहरुमा सन्तोषजनक र बाँकी घरधुरीहरु खानेपानी सेवा आपूर्तिको अवस्था अब्यबस्थित रहेको सर्वेक्षणका क्रममा भेट्टीएको छ। मधुवन नगरपालिकाको वडा र नगरपालिका तहमा गरिएका योजना तर्जुमा कार्यशाला गोष्ठीहरुमा खानेपानी सुबिधाको विस्तार, ओभरहेड ट्यांकीहरु थप गर्न मागका साथै Treatment plant हरुको बारेमा छलफल र तर्जुमा गरिएको छ।

बिद्यमान योजनाहरुको सारांश विवरण वडागत रुपमा तालिका-१४ मा प्रस्तुत गरिएको छ भने बिस्तृत विवरण अनुसूची-३ मा दिइएको छ।

मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

३३

**तेज बहादुर भाट**
**नगर प्रमुख**

### तालिका- १४: बिद्यमान खानेपानीहरुको अवस्था विवरण

| वडा न. | सेवा क्षेत्रका लाभान्वित घरधुरी संख्या | प्रयोग गरिएका श्रोत | | | संचालन अवस्था | | | निर्माणाधीन योजना | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | व्यवस्थित योजना | अव्यवस्थित योजना | असुरक्षित श्रोत/ (ट्युबवेल) | व्यवस्थित | सन्तोषजनक | अव्यवस्थित | निर्माणधिन व्यवस्थित योजना संख्या | लाभान्वित हुने घरधुरी संख्या |
| १ | १२८९ | ० | ० | १२८९ | ० | ० | १२८९ | २ | ७३७ |
| २ | १२७७ | ० | ० | १२७७ | ० | ० | १२७७ | १ | १२७७ |
| ३ | १०१५ | ० | ० | १०१५ | ० | ० | १०१५ | १ | ६३० |
| ४ | १५३५ | ३५० | ० | ११८५ | ० | ३५० | ११८५ | १ | ३६७ |
| ५ | १९७६ | १०७४ | ० | ९०२ | ० | १०७४ | ९०२ | ० | ० |
| ६ | १५५३ | ११०२ | ० | ४५१ | ११०२ | ० | ४५१ | ० | ० |
| ७ | १४८७ | ० | ० | १४८७ | ० | ० | १४८७ | २ | ११७० |
| ८ | १५६२ | ९३५ | ० | ६२७ | ९३५ | ० | ६२७ | १ | २५० |
| ९ | १४८० | ७५४ | ० | ७२६ | ० | ७५४ | ७२६ | १ | ५०० |
| **जम्मा** | **१३१७४** | **४२१५** | **०** | **८९५९** | **२०३७** | **२१७८** | **८९५९** | **९** | **४९३१** |
| **प्रतिशत** | | **३२%** | **०%** | **६८%** | **१५%** | **१७%** | **६८%** | | **३७%** |

*स्रोत: N-WASH, सर्वेक्षण, २०७९*

### ३.३.१. बिद्यमान योजनाहरु र सेवाक्षेत्र

मधुवन नगरपालिकामा जम्मा ७ वटा पाइप प्रणालीमा आधारित खानेपानी योजनाहरु, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, बँकिको सहयोगमा निर्माण भई सञ्चालनमा रहेको देखिन्छ। हाल संचालित ७ वटा योजनाहरुबाट नगरपालिकाका कूल घरधुरी मध्ये ४२१५ (३२%) घरधुरीहरुले खानेपानी सेवाबाट सेवा उपभोग गरिरहेका छन् । मधुवन नगपालिकाको वडा नं. ४ मा १ वटा योजना रहेको र उक्त योजनाबाट ३५० घरधुरी लाभान्वित भएको देखिन्छ, वडा नं. ५ मा ४ वटा योजनाहरुबाट १०७४ घरधुरीहरु, वडा नं. ६ र ८ मा रहेको कुसुम्बा खानेपानी योजनाबाट वडा नं. ६ का ११०२ घरधुरीहरु र वडा नं. ८ का ९३५ घरधुरीहरु लाभान्वित भएको देखिन्छ। वडा नं. ९ मा १ वटा खानेपानी रहेको र उक्त योजनाबाट वडाका ७५४ घरधुरीहरु लाभान्वित भइरहेका छन्। संचालित सबै योजनाहरुको पानीको स्रोत भूमीगत जलस्रोत नै रहेको छ।

निर्माण सम्पन्न सबै जसो योजनाहरु निर्धारित प्राविधिक मापदण्ड अनुसार निर्माण गरिएको पाईन्छ। नगरपालिकामा सम्पन्न योजना तर्जुमा कार्यशाला गोष्ठीहरुमा संचालित योजनाहरुमा पानी छान्ने प्रविधियुक्त फिल्टर जडानको माग गरिएको छ। नगरपालिकाका सरोकारवालाहरुले छलफलका क्रममा संचालित



मधुवन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दिया लुम्बिनी प्रदेश स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

योजनाहरुको पानीको गुणस्तर पूर्णरुपमा सुरक्षित नरहेको जानकारी दिएका छन् । सञ्चालनमा रहेका योजनाहरुले पनि योजना क्षेत्रका सबै घरधुरीहरुलाई नियमित सेवा दिन नसकेको अवस्था विद्यमान छ भने पानी वितरण लगायतको समस्याका साथै बढ्दो जनसंख्याको चाप र शहरउन्मोख बसोबासले पानीको भण्डारण क्षमता बढाउनु पर्ने देखिन्छ। आगामी दिनहरुमा नगरपालिकामा सेवा नपुगेको क्षेत्रमा नयाँ योजनाहरुको निर्माण र सेवा पुगेको क्षेत्रमा विद्यमान योजनाहरुको अवस्था विश्लेषण का आधारमा मर्मत सम्भार तथा दिगोपना र पानी सुरक्षाका क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने देखिन्छ।बिद्यमान खानेपानी योजनाहरु बाट लाभान्वित घरधुरी तथा जनसंख्या को बिस्तृत विवरण अनुसूची ३ मा उल्लेख गरिएको छ।

### ३.३.२. बिद्यमान योजनाहरुको संचालनको अवस्था

मधुवन नगरपालिकामा जलउपयोग गुरुयोजना तयारिमा संकलन गरिएका तथ्याङ्क (NWASH) हरुका आधारमा कूल १३,१७८ घरधुरीहरू मध्ये करिब ३०% (३९३०) घरधुरीहरु विद्यमान खानेपानी योजनाहरुबाट सेवा लिई रहेको पाईन्छ। खानेपानी योजनाहरुमा आवश्यक संरचनाहरु निर्माण गरिएको भएता पनि पानी शुद्धीकरण सम्वन्धी Treatment Plant निर्माण र संचालन आवश्यक देखिन्छ। यस नगरपालिकामा बिद्यमान सबै खानेपानीको स्रोतहरु भूमिगत स्रोतहरु रहेको र ति स्रोतहरुमा पनि रासायाकिन पदार्थहरु जस्तै; आर्सेनिक, आइरन, म्याग्निज र सल्फाइड जस्ता पदार्थहरु रहेको सम्भावना हुँदा केहि उपभोक्ता घरधुरीहरूले ट्युबवेलको पानी नै खानेपानीको लागि प्रयोग गरेको देखिएको छ ।

बिद्यमान खानेपानी योजनाहरुमा अन्य व्यवस्थापकीय पक्षहरु बिश्लेषण गर्दा ७ वटै खानेपानी योजनाहरुमा उपभोक्ता समितिको बैठक नियमित बस्ने गरेको, उपभोक्ता समितिहरुमा महिलाको प्रतिनिधित्व (३८%) रहेको, जनजाती, दलित तथा अन्य बर्गहरुको प्रतिनिधित्व रहेको देखिन्छ । त्यसै गरि ६ वटै खानेपानी उपभोक्ता समितिले बार्षिक साधारण सभा गरि समितिका पदाधिकारीहरु नविकरण गर्ने गरिएको देखिन्छ यसका साथै खानेपानीका उपभोक्ताहरुले पानी शुल्क नियमित रुपमा नबुझाउने तथा केहि योजनाहरुमा उपभोक्ता समितिका सबै सदस्यहरु सक्रिय नभएको कारण खानेपानी योजनाहरुको व्यवस्थापकीय पक्ष कमजोर भएको देखिन्छ ।त्यसका लागि उपभोक्ता समितिले पानीको गुणस्तर कायम गर्न, नियमित मर्मत सम्भार व्यवस्थापन गर्नका लागि सक्रिय हुनुपर्ने देखिन्छ ।

योजनाहरुको नियमित सञ्चालन तथा व्यवस्थापनका लागि उपभोक्ता समिति दर्ता गर्राई कार्य सञ्चालन गर्ने, नियमित रुपमा पानी शुल्क संकलन, उपभोक्ता समितिहरुको बैठक तथा बार्षिक साधारणसभा लगायत पारदर्शिता र जबाफदेहिताका सयन्त्रहरु सकृय पार्नु पर्ने आवश्यक देखिन्छ। आगामी दिनमा नगरपालिकामा योजनाहरु निर्माण गराउदा उपभोक्ता समितिस्तरमा पानीको शुद्धीकरण, गुणस्तर र दिगोपनाको औचित्य महशुस गराई योजनामा मर्मत सम्भार तथा संस्थागत बिकासका क्रियाकलापहरुलाई बढी प्राथमिकता दिनुपर्ने देखिन्छ। विद्यमान योजनाहरुको सञ्चालन व्यवस्थापन अवस्थाको विवरण अनुसूची-४ मा उल्लेख गरिएको छ।

मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश
स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

### ३.३.३. बिद्यमान खानेपानी योजनाहरुको सुबिधास्तरको अवस्था विश्लेषण

मधुवन नगरपालिकाका कूल १३,१७८ घरधुरिहरुको बिद्यमान खानेपानी योजनाहरुको सुविधास्तरको विश्लेषण गर्दा करिब ३२% घरधुरिहरुमा मात्रै खानेपानी प्रणालीको सुबिधा पुगेको देखिन्छ भने बाँकी ६८ % घरधुरीहरुमा खानेपानी प्रणालीबाट सुबिधा पुगेको छैन।खानेपानी सुबिधाको पहुँच पुगेका घरधुरीहरु मध्ये पनि ११% घरधुरीहरुमा पानीको गुणस्तरको कारणले आधारभूत सुबिधा मात्रै पुगेको देखिन्छ भने बाँकी २१ % घरधुरीमा सबै हिसाबले सुरक्षित खानेपानी सुबिधा पुगेको देखिन्छ। नगरपालिकामा खानेपानीको सुबिधास्तरको सारांश विवरण तालिका-१५ मा दिइएको छ।

**तालिका- १५: वडागत रुपमा खानेपानीको सुबिधास्तर विवरण**

| वडा नं. | जम्मा घरधुरी संख्या | सुबिधा स्तर बर्गिकरण (घरधुरी संख्या ) | | | |
|---|---|---|---|---|---|
| | | सुबिधा नभएका घरधुरी संख्या | सिमित सुबिधा भएका | आधारभूत सुबिधा भएका | सुरक्षित व्यवस्थापन सुबिधा भएका |
| १ | १२८९ | १२८९ | ० | ० | ० |
| २ | १२७७ | १२७७ | ० | ० | ० |
| ३ | १०१५ | १०१५ | ० | ० | ० |
| ४ | १५३५ | ११८५ | ० | ३५० | ० |
| ५ | १९७६ | ९०२ | ० | १०७४ | ० |
| ६ | १५५१ | ४५१ | ० | ० | ११०२ |
| ७ | १४८७ | १४८७ | ० | ० | ० |
| ८ | १५६५ | ६२७ | ० | ० | ९३५ |
| ९ | १४७९ | ७२६ | ० | ० | ७५४ |
| **जम्मा** | **१३१७८** | **८९५९** | **०** | **१४२४** | **२७९१** |
| **प्रतिशत** | | ६८% | | ११% | २१% |

*स्रोत: N-WASH, सर्वेक्षण, २०७९*

### ३.३.४. निर्माणाधीन योजनाहरु र लक्षित सेवाक्षेत्र विवरण

NWASH तथा जलउपयोग गुरुयोजना निर्माणको क्रममा संकलन गरिएका तथ्याङ्कहरु हेर्दा यस मधुवन नगरपालिकामा कुल ९ वटा निर्माणाधीन खानेपानी योजनाहरु रहेका छन् । निर्माणाधीन योजनाबाट करिब ४९३१ घरधुरीका ३०२८६ जनसंख्यालाई खानेपानी सेवा पुऱ्याउने लक्ष्य लिईएको छ। निर्माणाधीन योजना मध्ये वडा न. १ र ७ मा २/२ वटा योजनाहरु रहेका छने भने वडा न. ३, ४, ८, र ९ मा १/१ वटा खानेपानीका योजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन् । वडा न. ५ र ६ मा कुनै पनि निर्माणाधीन योजनाहरु रहेको छैनन्। निर्माणाधीन योजनाहरु, लाभान्वित टोलहरु र घरधुरी तथा जनसंख्या विवरण तलको तालिका नं.-१६ मा प्रस्तुत गरिएको छ।

मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

**तेज बहादुर भाट**
**नगर प्रमुख**

**तालिका- १६: वडागत रुपमा निर्माणाधीन योजना संख्या, घरधुरी र जनसंख्या विवरण**

| क्र.स. | निर्माणाधीन खानेपानी योजनाहरुको नाम | वडा | लाभान्वित टोलहरुको नाम | जम्मा घरधुरी संख्या | जनसंख्या |
|---|---|---|---|---|---|
| १ | सुर्यपतुवा खानेपानी योजना | १ | लालझाडी, बहादुरपुर, कैलासी, र सोमलपुर | ५६२ | ३३७२ |
| २ | डल्ला दुर्गानगर खानेपानी योजना | १ | दुर्गानगर र डल्ला | १७५ | १०५० |
| ३ | खैरेनी -ओराली बजार खानेपानी योजना | २ | वडा न. २ का सबै टोलहरु | १२७७ | ६४४२ |
| ४ | बांकुमारी खानेपानी योजना | ३ | बिपलपुर, भगरैया, खाता, भगतपुर, कोठियाघाट | ६३० | ५८५० |
| ५ | माचड खानेपानी योजना | ४ | ढोडरी, महुवा, माचड, बेलुवा, बसन्ता | ३६७ | २२०२ |
| ६ | दशरथ खानेपानी योजना | ७ | दशरथ बस्ति | ७५० | ४५०० |
| ७ | शुक्र खानेपानी योजना | ७ | शुक्रबस्ति | ४२० | २५२० |
| ८ | सुर्योदय खानेपानी योजना | ९ | धर्म बस्ति | ५०० | ३००० |
| ९ | सगरमाथा खानेपानी योजना | ८ | शिवनगर | २५० | १३५० |
| | **जम्मा :** | | | **४९३१** | **३०२८६** |

*स्रोत: N-WASH, सर्वेक्षण ,२०७९*

## ३.४. विद्यमान सरसफाइ अभ्यासको अवस्था विश्लेषण

### ३.४.१. बस्तीहरूको खुला दिशा मुक्त क्षेत्र तथा पूर्ण सरसफाइ स्थिति

सन् २०१५ जुन १२ मा मधुवन नगरपालिका खुला दिसामुक्त घोषणा गरिएको थियो। बर्दिया जिल्लाको तात्कालिन गाउँ विकास समितिहरु र नगरपालिकाहरु मध्ये खुला दिसा मुक्त हुने क्रममा यो नगर पहिलो रहेको छ। खुला दिसा मुक्त भए पश्चात समेत हालको तथ्याङ्कलाई हेर्दा ९८८ घरधुरीहरुमा अझै पनि शौचालय नभएको अवस्था देखिन्छ । जलउपयोग गुरुयोजना तयारिका क्रममा संकलन गरिएको तथ्याङ्क अनुसार नगरपालिकाको कूल १३,१७८ घरधुरीहरु मध्ये करिब ७% घरधुरीहरुमा चर्पी नभएको देखिन्छ। साथै करिब १०% घरधुरीमा अझै पनि अस्थाई/असुरक्षित चर्पीहरु पनि रहेको देखिन्छ । त्यसैगरि सुधारिएको शौचालय (सेफ्टिक ट्यांकी वा दुई खाल्डे भएका) भएका घरधुरी ७०% रहेका छन् भने बजार क्षेत्र विस्तार हुँदै जाँदा घरमा बाथरुम निर्माण र प्रयोग गर्ने साथै साबुन पानी सहित हातधुने व्यवस्था भएका घरधुरी करिब ७० % रहेको देखिन्छ ।

वडा गत रूपमा शौचालय भएका घरधुरी तथा अन्य सरसफाइ सम्बन्धि अवस्थाको विवरण तालिका-१७ मा प्रस्तुत गरिएको छ ।

मधुवन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दिया लुम्बिनी प्रदेश स्थापित : २०७३



तेज बहादुर भाट
नगर प्रमुख

## तालिका- १७: घरायसी सरसफाइको वडा गत अवस्था विवरण

| वडा नं. | जम्मा घरधुरी संख्या | शौचालय भएका घरधुरी संख्या | सुधारिएको शौचालय भएका घरधुरी संख्या | घरधुरी स्तरको अन्य सरसफाइको अवस्था विश्लेषण | | | | | पूर्ण सरसफाइ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | साबुन सहित हातधुने घरधुरी संख्या | च्यांग जुठ्यान भएका संख्या | व्यवस्थित ठोस फोहोर फाल्ने व्यवस्था भएका | दिसाजन्य लेदो व्यवस्थापन भएका | व्यवस्थित पशुपालन र गोठे मल ब्यवस्थापन भएका | घोषणा भएको (छ/छैन) | योजना छ (लक्षीत समय) |
| १ | १२८९ | ११४३ | ९७० | ९७० | ० | ० | ३७५ | ० | छैन | निर्धारण गरिएको ठोस योजना छैन |
| २ | १२७७ | १०७० | ६०६ | ६०६ | ० | ० | ५३ | ० | | |
| ३ | १०१५ | ८६१ | ६९४ | ६९४ | ० | ० | २३९ | ० | | |
| ४ | १५३५ | १४०४ | ११८३ | ११८३ | ० | ० | ४६५ | ० | | |
| ५ | १९७६ | १८४२ | १०९० | १०९० | ० | ० | १७९ | ० | | |
| ६ | १५५१ | १५१० | १०८० | १०८० | ० | ० | २३८ | ० | | |
| ७ | १४८७ | १४२२ | १०६५ | १०६५ | ० | ० | ४६ | ० | | |
| ८ | १५६५ | १५२६ | १२९३ | १२९३ | ० | ० | ८४ | ० | | |
| ९ | १४७९ | १४१२ | ११९७ | ११९७ | ० | ० | ६४१ | ० | | |
| जम्मा | १३१७८ | १२१९० | ९१७८ | ९१७८ | ० | ० | २३२० | ० | | |
| प्रतिशत | | ९३% | ७०% | ७०% | | | १८% | | | |

*स्रोत: N-WASH, सर्वेक्षण, २०७९*

जलउपयोग गुरुयोजना तयारी चरणमा संकलन गरिएका तथ्याङ्कहरुका आधारमा समुदाय स्तरमा सरसफाइको स्थिति विश्लेषण गर्दा हुलाकी मार्ग हुदै चल्ने सवारी आवागमनको चाप बढ्दै गइरहेको, तर सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालयहरूको अभाव देखिन्छ। नगरपालिका भरीमा हालसम्म ५ वटा सार्वजनिक शौचालय निर्माण गरिएका छन् बिद्यमान शौचालय मध्ये २ वटा शौचालय मात्रै राम्रोसँग संचालित छन् भने अन्य ३ वटा शौचालयको सामान्य मर्मत र व्यवस्थापन (पानीको उचित आपुर्ति, हात धुने स्थान आदी) आवश्यक रहेको गुरुयोजनाको सर्वेक्षणले औल्याएको छ।

### ३.४.२. विद्यालय तथा सार्वजनिक स्थलहरूको सरसफाइ अवस्था

सरसफाइ तथा स्वच्छता व्यवहार प्रवर्द्धनका लागि विद्यालय तथा संस्थागत सरसफाइ र स्वच्छता कायम हुन अति आवश्यक छ।बालबालिकाहरुले सरसफाइ तथा स्वच्छता कायम गर्न र व्यवहार परिवर्तनका कुराहरू विद्यालयबाट सिक्ने हुँदा विद्यालयहरू परिवर्तनका लागि बाहक हुन। मधुवन नगरपालिकामा जम्मा ४३ वटा विद्यालयहरू रहेका छन् जसमध्ये सुरक्षित खानेपानी २८ वटा (६५%), शौचालय ४३ (१००%) वटै, साबुन पानीले हात धुने व्यवस्था २८ (६५%) र ठोस फोहोर संकलन र व्यवस्थापन ४२ (९८%) विद्यालयहरूमा रहेको देखिन्छ।



तेज बहादुर भाट
नगर प्रमुख

वडा तथा नगरपालिका कार्यालयको खानेपानी तथा सरसफाइ अवस्था हेर्दा ९ वटा वडा कार्यालय र १ वटा नगरपालिकाको कार्यालय गरि १० वटा कार्यालय मध्ये सबैमा खानेपानी, शौचालय र साबुन पानीले हात धुने व्यवस्था उपलब्ध रहेको, खानेपानी शुद्धीकरणका लागि केही वडाहरूमा फिल्टरको व्यवस्था गरेको देखिन्छ भने ठोस फोहर व्यवस्थापन र दिसाजन्य पदार्थको व्यवस्थापन भने एकदमै कमजोर रहेको देखिएको छ। विद्यालय र संस्थागत खानेपानी तथा सरसफाइ सम्बन्धी विवरण तालिका नं १८ मा उल्लेख गरिएको छ।

**तालिका- १८: घरायसी सरसफाइको वडागत अवस्था विवरण**

| संस्थाको किसिम | वडा | संस्था को जम्मा संख्या | खानेपानी को व्यवस्था भएका संख्या | शौचालय को व्यवस्था भएका | साबुन पानीले हात धुने व्यवस्था भएका | व्यवस्थित ठोस फोहोर व्यवस्थापन भएका | दिसा जन्य लेदो व्यवस्थापन भएका |
|---|---|---|---|---|---|---|---|
| विद्यालय | १ | ६ | २ | ६ | २ | ६ | |
| विद्यालय | २ | ६ | २ | ६ | २ | ६ | |
| विद्यालय | ३ | ३ | १ | ३ | १ | ३ | |
| विद्यालय | ४ | ५ | ४ | ५ | ४ | ५ | |
| विद्यालय | ५ | ५ | ४ | ५ | ४ | ४ | |
| विद्यालय | ६ | २ | २ | २ | २ | २ | |
| विद्यालय | ७ | ५ | ४ | ५ | ४ | ५ | |
| विद्यालय | ८ | ६ | ५ | ६ | ५ | ६ | |
| विद्यालय | ९ | ५ | ४ | ५ | ४ | ५ | |
| जम्मा | | ४३ | २८ | ४३ | २८ | ४२ | ० |
| | प्रतिशत | | ६५% | १००% | ६५% | ९८% | |
| **वडा तथा नगरपालिका कार्यालयको सरसफाइ अवस्था** | | | | | | | |
| वडा कार्यालय | | ९ | ९ | ९ | ९ | ५ | ० |
| नगरपालिका | | १ | १ | १ | १ | १ | १ |
| **जम्मा** | | **१०** | **१०** | **१०** | **१०** | **६** | **१** |

*स्रोत: N-WASH, सर्वेक्षण, २०७९*

त्यसै गरि यस मधुवन नगरपालिकामा जम्मा १९ वटा (५ वटा निजि सहित) स्वास्थ्य संस्थाहरु रहेको देखिन्छ, जसमध्ये सुरक्षित खानेपानी १६ वटा संस्थाहरूमा, शौचालयको व्यवस्था १९ वटै स्वास्थ्य संस्थाहरूमा रहेको देखिन्छ तर मधुवन नगर स्वास्थ्य संस्था बाहेक अरु कुनै पनि स्वास्थ्य संस्थाहरूमा पानी शुद्धीकरण गर्ने, ठोस तथा तरल फोहोर व्यवस्थापन र दिसा जन्य लेदो व्यवस्थापन राम्रोसँग व्यवस्थापन गरेको पाइँदैन।स्वास्थ्य संख्यात्मक विवरण तालिका-१९ मा दिइएको छ।

**तेज बहादुर भाट**
**नगर प्रमुख**

**तालिका- १९: स्वास्थ्य संस्थाहरूमा खानेपानी तथा सरसफाइको अवस्था**

| संस्थाको किसिम | वडा | संस्थाको जम्मा संख्या | खानेपानीको व्यवस्था भएका संख्या | शौचालयको ब्यवस्था भएका | साबुन पानीले हात धुने व्यवस्था भएका | व्यवस्थित ठोस फोहोर व्यवस्थापन भएका | दिसाजन्य लेदो व्यवस्थापन भएका |
|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य सस्था (सरकारी तथा निजि) | सबै वडा | १९ | १६ | १९ | १९ | ८ | ० |

*स्रोत: N-WASH, सर्वेक्षण, २०७९*

### ३.४.३. वातावरणीय सरसफाइको अवस्था

मधुवन नगरपालिका क्षेत्रमा बढ्दै गइरहेको सहरीकरण, बाहिरबाट बसाई सरेर आउने जनसंख्याको चाप र हुलाकी मार्ग संचालन पश्चात् बढ्दै गइरहेको यातायात आवागमनले गर्दा बाटोघाटो र सार्वजनिक स्थलहरूमा ठोस तथा तरल फोहोर पदार्थहरू थुप्रिने क्रम बढ्दै गइरहेको छ। नगरपालिका क्षेत्रमा देखिएका समस्याहरूको समाधानका लागि सार्वजनिक स्थानहरूमा शौचालयहरूको निर्माण र निर्माण भएको ठाउँहरूमा उचित व्यवस्थापन र नयाँ निर्माणका लागि आवश्यक पहल गर्नु पर्ने योजना तर्जुमा कार्यशाला गोष्ठीहरुमा छलफल गरिएको छ।

मधुवन नगरपालिका क्षेत्र भित्र धेरै ईट्टा उद्योगहरू बस्तीहरू नजिकै रहेको हुँदा त्यसबाट निस्कने धुँवाधुलोले समुदायमा वायु प्रदूषण पनि बढ्दै गइरहेको अवस्था छ साथै नगरपालिका क्षेत्रमा संचालित स-साना अन्य उद्योगहरूले पनि पानी, वायु र ध्वनि प्रदुषित भएको पाईन्छ। मधुवन नगरपालिकाले नीतिगत रूपमा वातावरण संरक्षण सम्बन्धी नीति, योजना/कार्य योजना तथा कार्यविधिहरू (स्थानीय विपद तथा जलवायु उत्थानशील योजना, स्थानीय विपद जोखिम न्यूनीकरण रणनीतिक कार्य योजना, मधुवन नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन आदि) निर्माण गरि कार्यान्वयनको चरणमा रहेका छन्। मधुवन नगरपालिकाले वडा नं. ४ मा ठोस फोहोर व्यवस्थापनको लागि ल्याण्ड फिल साइटको सुरुवात गरेको छ तर व्यवस्थापनको अभावमा राम्रोसँग संचालनमा भने आउन सकेको देखिँदैन।

### ३.४.४. दिसा जन्य लेदो, ठोस फोहर तथा फोहर पानी व्यवस्थापनको विद्यमान अवस्था

ठोस फोहर व्यवस्थापनका साथै दिसाजन्य लेदो व्यवस्थापन नगरपालिकाका लागी भबिष्यमा सरसफाइका क्षेत्रको चुनौतिका रुपमा रहेको छ। संकलित तथ्याङ्कहरुको विश्लेषण गर्दा करिब ८०% घरायसी चर्पीको खाडल २-४ वर्ष भित्रै भरिन्छ भन्ने देखिन्छ भने बाँकी २०% घर धुरीको चर्पीको ५/६ वर्षपछि भरिने अनुमान गर्न सकिन्छ, समुदायमा भरिएका खाडलहरूको दिसा जन्य लेदोको संकलन, ढुवानी र व्यवस्थापनको उचित प्रबन्ध नभएकाले नगरपालिकाका करिब ८४% घरधुरीले मान्छेद्वारा दिसाजन्य लेदो पनि असुरक्षित तरिकाले



मधुवन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दिया लुम्बिनी प्रदेश स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

खेतबारी वा खोलानालामा फाल्ने गरेको गुरुयोजना सर्वेक्षणका क्रममा गरिएका समुदाय भेटघाट अन्तरक्रियाहरुबाट थाहा हुन आएको छ। दिसा जन्य लेदोको उचित व्यवस्थापन नहुदा नगरक्षेत्रको वातावरणीय स्वच्छतामा हानि पुऱ्याउने, भूमीगत जलस्रोतहरु दुर्गन्धित हुनुका साथै मानव स्वास्थ्यमा समेत प्रतिकूल असर पर्ने तथा विभिन्न महामारीहरूको प्रकोप बढ्ने सम्भावना सहजै अनुमान गर्न सकिन्छ।

वातावरण तथा जनस्वास्थ्य सङ्गठन, ENPHO (राष्ट्रिय गैरसरकारी संस्था) को प्राविधिक तथा आर्थिक साझेदारिमा मधुवन नगरपालिकाले नगरपालिका भित्रको दिसाजन्य लेदोको व्यवस्थापनका लागी नगरपालिकाको सानोश्रीमा दिसाजन्य लेदो प्रशोधन केन्द्र (FSTP) निर्माण गरेको थियो । सन् २०१९ मा निर्माण गरिएको प्रशोधन केन्द्र समुद्र सतहबाट १६० मिटरको उचाईमा अवस्थित छ। नगरपालिकाको फोहरमैला व्यवस्थापन योजना कार्यान्वयन गर्न निर्माण गरिएको उक्त प्रशोधन केन्द्रले खुला दिसामुक्तपछिको सरसफाइमा समेत योगदान पुऱ्याउने लक्ष्य लिईएको थियो ।

नगरपालिकामा सम्वन्धित क्षेत्रको बिज्ञ प्राबिधिक जनशक्ति र स्पष्ट कार्ययोजना अभावले दिसाजन्य लेदो प्रशोधन केन्द्र (FSTP) संचालनमा ल्याउन नसकिएको नगरपालिका कार्यालयले जनाएको छ । निर्माण गरिएको केन्द्रको केहि संरचना मर्मत गर्नुपर्ने तथा केहि संरचना थप गरि आवश्यक थप सहयोगी स्रोत साधन सहित नगरको शहरी स्वच्छता योजना तयार गरि दिसाजन्य लेदो प्रशोधन केन्द्र (FSTP) संचालनका लागी नगरपालिकाले चालु आर्थिक बर्षमा बजेट बिनियोजन गरि कार्यान्वयनमा ल्याउने लक्ष्य लिएको छ। नगरपालिकाले प्रशोधन केन्द्र पुन:संचालनका लागी गहिरो चासो सहित प्रतिबद्धता जनाएको छ । हाल युएसएआईडी कर्णाली जल परियोजनालेको प्राबिधिक सहयोग र साझेदारिमा दिसाजन्य लेदो प्रशोधन केन्द्र (FSTP) संचालनमा ल्याउने योजना रहेको छ।

नगरपालिकाले बजार क्षेत्रहरूमा ठोस फोहर संकलन, ढुवानीको व्यवस्थापन गर्नुका साथै घरधुरीबाट फोहोरको संकलन समयमा वर्गीकरण तथा फोहोर पदार्थको प्रयोग नै घटाउने (Reduce), पुन:प्रयोग (Reuse) र पुनचक्रण (Recycle) को लागि कार्यविधि तयार गरि लागू गर्नुपर्ने देखिन्छ।

**सरसफाइ तथा स्वच्छता प्रवर्धनका लागी आनीबानी तथा व्यवहार परिवर्तन**

गुरुयोजना निर्माणका क्रममा संकलित तथ्याङ्क, समुदाय भेटघाट र अन्तरक्रियाहरुको आधारमा घर परिवार, टोल, समुदाय तथा नगरपालिका स्तरमा निश्चित व्यवहारहरुको परिवर्तन जरुरी देखिएको छ। नगरपालिकाले तपसिलका मुख्य क्षेत्रमा खानेपानी, सरसफाइ तथा स्वच्छता र पानीको बहु उपयोगका व्यवहार प्रवर्धनका लागी थप क्रियाकलापहरु संचालन गर्न पर्ने आवश्कता देखिन्छ ।

१) पानीको उत्पादनशिल प्रयोग
२) स्रोत संरक्षण, भू-जल भण्डारण, जलवायु परिवर्तन अनुकुलन तथा विपद जोखिम ब्यवस्थापन
३) खानेपानीको शुद्धता तथा सरसफाइ र स्वच्छता
४) वातावरणीय स्वच्छता
५) पानीको पहुँच र बहुउपयोगमा लैङ्गिक तथा सामाजिक समावेशीकरण



तेज बहादुर भाट
नगर प्रमुख

## तालिका- २०: गतिबिधि तथा सुझावहरु

| क्र.स. | व्यवहार परिवर्तन केन्द्रित क्षेत्र | लक्षित वर्ग | जिम्मेवारी | सरोकारवाला निकाय | सञ्चार माध्यम |
|---|---|---|---|---|---|
| १ | खानेपानी शुद्धिकरण | घरपरिवार, विद्यालय तथा सार्वजनिक निकाय | नगरपालिका, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति तथा सार्वजनीक निकाय, समुदाय | बाल तथा युवा क्लव, आमा समूह, स्वास्थ्य स्वयंसेविका, स्वयंसेवक तथा सामाजिक परिचालन गर्ने संघसंस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी, सडक नाटक तथा बिभिन्न सूचनामुलक सामग्री |
| २ | वास (सरसफाइ र स्वच्छता) | घरपरिवार, विद्यालय तथा सार्वजनिक निकाय | नगरपालिका, खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, स्वास्थ्य संस्था तथा सार्वजनीक निकाय | बाल तथा युवा क्लव, आमा समूह, स्वास्थ्य स्वयंसेविका, स्वयंसेवक तथा सामाजिक परिचालन गर्ने संघसंस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, बिभिन्न अवसरहरु तथा बैठकहरुमा), सडक नाटक तथा बिभिन्न सूचना तथा सन्देशमुलक सामग्री, बिद्यालय तथा समुदाय स्तरिया प्रतियोगिताहरु |
| ३ | पानीका स्रोत संरक्षण | घरपरिवार, विद्यालय र खानेपानी तथा सरसफाई उपभोक्ता समिति | खानेपानी तथा सरसफाइ उपभाक्ता समिति, समुदाय तथा नगरपालिका | बाल तथा युवा क्लव, आमा समूह, कृषि समूह (साना किसान) तथा सामाजिक परिचालन गर्ने संघसंस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, बिभिन्न अवसरहरु तथा बैठकहरुमा), सडक नाटक तथा बिभिन्न सूचना तथा सन्देशमुलक सामग्री, बिद्यालय तथा समुदाय स्तरिया प्रतियोगिताहरु |

मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३



तेज बहादुर भाट
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | पानीको उत्पादनशिल तथा बहु प्रयोग | घरपरिवार, समुदाय, साना किसान | खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, नगरपालिका, कृषक समूह तथा बिकास साझेदारहरु | बाल तथा युवा क्लव, आमा समूह, कृषि समूह (साना किसान) तथा सामाजिक परिचालन गर्ने संघसंस्था | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, बिभिन्न अवसरहरु तथा बैठकहरुमा), सडक नाटक तथा बिभिन्न सूचना तथा सन्देशमुलक सामग्री, बिद्यालय तथा समुदाय स्तरिय प्रतियोगिताहरु |
| ५ | वातावरणीय स्वच्छता | घरपरिवार तथा समुदाय | विद्यालय, समुदाय, नगरपालिका तथा सार्वजनिक निकाय | बाल तथा युवा क्लव, आमा समूह, नगरप्रहरी कृषि समूह (साना किसान तथा सामाजिक परिचालन गर्ने संघसंस्था, सुरक्षा निकाय | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, बिभिन्न अवसरहरु तथा बैठकहरुमा), सडक नाटक तथा बिभिन्न सूचना तथा सन्देशमुलक सामग्री, बिद्यालय तथा समुदाय स्तरिया प्रतियोगिताहरु |
| ६ | जलवायू अनुकुलन तथा विपद जोखिम न्यूनीकरण | घरपरिवार, साना किसान, समुदाय | नगरपालिका, बिद्यालय, कृषि समूह, खानेपानी तथा सरसफाइ उपभाक्ता समिति, | बाल तथा युवा क्लव, आमा समूह, नगरप्रहरी कृषि समूह (साना किसान तथा सामाजिक परिचालन गर्ने संघसंस्था, सुरक्षा निकाय | रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, सामुदायिक परिचालन, प्रदर्शनी (हाट बजार, मेला, भेला, बिभिन्न अवसरहरु तथा बैठकहरुमा), सडक नाटक तथा बिभिन्न सूचना तथा सन्देशमुलक सामग्री, बिद्यालय तथा समुदाय स्तरिय प्रतियोगिताहरु, जोखम पूर्व सूचना प्रणाली |



तेज बहादुर भाट
नगर प्रमुख

## ३.५. बिद्यमान सिंचाइ योजनाहरुको अवस्था बिश्लेषण

### ३.५.१. बिद्यमान सिंचाइ योजनाहरु र सेवाक्षेत्र

यस नगरपालिकाको कूल भु-भाग १२९.७३ वर्ग कि.मि. अर्थात् १२,९७३ हेक्टर रहेको छ।उक्त भु-भाग मध्ये खेतीयोग्य जमिनको भु-भाग करिव ५४.०३% रहेको छ।मधुवन नगरपालिका भित्र कुल १२ वटा सिंचाइ योजनाहरु रहेका छन् बिद्यमान संचालित योजनाहरु मध्ये बबई बृहत सिंचाइ आयोजना नगरपालिका क्षेत्रमा संचालित सबैभन्दा ठूलो सिंचाइ आयोजनाको रुपमा रहेको छ।बबई सिंचाइ योजनाबाट नगरपालिकाका वडा न. १, २, ३, ५, ६ र ८ का गरि जम्मा ९३३५ घरधुरीको करिब ३१६५.५१ हेक्टर (४५%) खेतीयोग्य जमिन सिंचित भइरहेको छ। यस बाहेक नगरपालिकाका विभिन्न वडाहरुमा गरि ११ वटा डिप बोरिंगका सिंचाइ योजनाहरु संचालनमा रहेका छन्। संचालित ११ वटा योजनाहरु मार्फत नगर क्षेत्रको थप ४२.८९ हेक्टर (१%) खेतियोग्य जमिन सिंचित भइरहेको छ।

बबई सिंचाइ आयोजना नेपाल सरकारको राष्ट्रिय गौरबको आयोजनाका रुपमा निर्माण भएको हो भने अन्य बाँकि १३ वटा लघु सिंचाइ योजनाहरु भूमिगत जलस्रोत तथा सिंचाइ डिभिजन कार्यालय मार्फत निर्माण गरिएका छन्। सिंचाइ योजनाहरुको सारांश विवरण तलको तालिका-२१ मा प्रस्तुत गरिएको छ भने विस्तृत विवरण अनुसूची-५ मा प्रस्तुत गरिएको छ।

**तालिका- 21: वडागत रुपमा सिंचाइ योजना र सिंचित क्षेत्रफल (हेक्टरमा)**

| वडा नं. | बिद्यमान सिंचाइ योजनाहरुको विवरण | | | | निर्माणाधीन सिंचाइ योजना | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुलो सिंचाइ | | अन्य सिंचाइ | | कुलो सिंचाइ | | अन्य सिंचाइ | |
| | पक्कि संख्या | सेवा क्षेत्र (हे.) | योजना संख्या | सेवा क्षेत्र (हे.) | योजना संख्या | प्रस्तावित सेवा क्षेत्र (हे.) | योजना संख्या | प्रस्तावित सेवा क्षेत्र (हे.) |
| १ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | १ | ३१६५ | ० | ० | ० | ० | ० | ० |
| ५ | ० | ० | १ | ३ | ० | ० | ० | ० |
| ६ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | ० | ० | ७ | ३२ | ० | ० | ० | ० |
| ८ | ० | ० | ३ | ८ | ० | ० | ० | ० |
| ९ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | **१** | **३१६५** | **११** | **४३** | **०** | **०** | **०** | **०** |

*स्रोत: जलउपयोग गुरुयोजना, सामाजिक तथा प्राबिधिक अध्ययन, २०७९*

**तेज बहादुर भाट**
**नगर प्रमुख**

### ३.५.२. बिद्यमान सिंचाइ योजनाहरुको संचालनको अवस्था

मधुवन नगरपालिकामा बिद्यमान कुलो सिंचाइ आयोजना र डिप बोरिंग सिंचाइ योजनाहरुको संचालन तथा मर्मत सम्भारको अवस्था राम्रै रहेको पाईएको छ। बबई सिंचाइ आयोजना सुचारु अवस्थामा रहेको साथै क्रमस: सेवा क्षेत्र  बिस्तार गर्ने लक्ष्य लिईएको छ।मर्मत सम्भार तथा पानी बाडफाड व्यवस्थापनका लागि सिंचाइ उपभोक्ता समिति समेत गठन भएको, समिति सकृय रहेको तथा नीति नियम बनाई नियमानुसार सन्तोषजनक ढंगबाट कार्यहरु हुदै गरेका छन्।

नगरपालिकामा संचालित डिप बोरिंग योजना अन्तर्गत ११ वटा योजनाहरु रहेकोमा वडा न. ५ मा १ वटा, ७ मा ७ वटा  र वडा न. ८ मा ३ वटा योजनाहरु मध्ये २ वटा योजनामा सामान्य मर्मत गर्नुपर्ने देखिन्छ भने बाकि ९ वटा योजनाहरुको संचालन तथा मर्मत सम्भार लगायत मर्मत तथा पानी प्रयोग शुल्क संकलनको अवस्था एकदमै राम्रो रहेको देखिन्छ। बिद्यमान सिंचाइ योजनाहरुको अवस्था अनुसूची-५ मा उल्लेख गरिएको छ।

### ३.५.३. निर्माणाधीन सिंचाइ योजनाहरु र लक्षित सेवाक्षेत्र

यस मधुवन नगरपालिकामा जलउपयोग गुरुयोजनाको तथ्याङ्क संकलन गर्दाका समय सिंचाइ तर्फका निर्माणाधीन योजनाहरु कुनै पनि रहेका छैनन, तर वडा न. १ मा बिद्यमान रहेको सिंचाइ आयोजना र पश्चिम बबई बृहत सिंचाइ आयोजनाको सेवा बिस्तार कार्य संचालनमा रहेको छ ।

## ३.६. बिद्यमान जलवायु परिबर्तन अनुकुलन/विपद जोखिम व्यवस्थापन तथा स्रोत संरक्षण योजनाहरुको अवस्था विश्लेषण

मधुवन नगरपालिकाको कूल भु-भाग १२९७३ हेक्टर रहेको छ, उक्त भु-भाग मध्ये करिब  ४९८० हेक्टर (३८.३९%) हिस्सा वनजंगलको रहेको छ। जलबायु परिवर्तनको दिन प्रतिदिनको असरहरु, जनसंख्या बृद्धिदर, खेतीपाती, पशुपालनका कारण प्राकृतिक स्रोतहरु माथि भइ रहेको अतिदोहनको कारणले प्राकृतिक प्रकोपहरु मुख्यगरि बाढीबाट डुबान, नदि कटान, बर्दिया निकुन्ज संग जोडिएका वडा न. १ का बस्तिहरुमा बन्यजन्तुहरुको मानिस, पशुचौपाया माथि हुने आक्रमण तथा खेतिबालिको नोक्सानी आदि रहेका छन्।

यस बाहेक विश्वभरि भइरहेको प्राकृतिक स्रोतहरु माथिको अतिदोहन, बढ्दो प्रदुषण र जलवायुमा परिरहेको त्यसको प्रत्यक्ष असरले गर्दा अतिवृष्टि, अनावृष्टि र त्यसबाट सिर्जित प्राकृतिक प्रकोपहरुको संख्या नेपालमा पनि बढ्दो छ।

जलवायु परिबर्तन नीति, २०६७ अनुसार, नेपालको अधिकतम तापक्रम प्रतिवर्ष सरदर ०.०६ डिग्री सेल्सियसका दरले वृद्धि भएको देखिन्छ। नेपालले विश्वको कूल हरित ग्याँसको करिब ०.०२५% मात्र उत्सर्जन गरेता पनि वायुमण्डलीय तापक्रम वृद्धिका कारण नेपाल अधिक रुपमा प्रभावित हुँदै गइरहेको छ। यहाँ बार्षिक वर्षा-चक्रमा हेरफेर, लामो समय सम्म खडेरी पर्ने, तथा तिब्र वर्षा हुने गरेको छ। पानी पर्ने समय र अवधिमा पनि परिबर्तन हुँदै गइरहेको छ।

मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया।
लुम्बिनी प्रदेश
स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

बर्दिया जिल्ला र अन्तर्गत रहेको मधुवन नगरपालिकामा पनि पछिल्ला बर्षहरुमा बर्षातको समयमा पानी पर्ने अवधि कम हुँदै गइरहेको छ जसले गर्दा त्यसको प्रत्यक्ष असर खानेपानी, सरसफाइ तथा स्वच्छता र बालीनालीहरुमा परिरहेको छ। बर्षातको समयमा पर्ने अतिवृष्टिले मधुवन नगरपालिकाका बर्षेनी धेरैजसो बस्तीहरु बाढी डुबानमा पर्ने, जसको कारणले धनजनको क्षति हुने गरेको छ।

मधुबन नगरपालिकाको जलउपयोग गुरुयोजना निर्माणको क्रममा मुख्यतया: कर्णाली नदि तटबन्ध, वडा न. १ मा जैविक मार्ग निर्माण, तारताल संरक्षण, सामुदायिक बन नर्सरी स्थापना, औरही खोला बाँध निमाण, खैराह खोला तटबन्ध जस्ता योजनाहरु बिद्यमान योजनाको रुपमा रहेका छन् तर बर्षेनी आउने बाढीले गर्दा हाल बिद्यमान योजनाहरुको अवस्था एकदमै कमजोर अवस्थामा रहेको छ। बिद्यमान योजनाहरुको विवरण तलको तालिका-२२ मा प्रस्तुत गरिएको छ।

**तालिका- २२: बिद्यमान जलवायु परिवर्तन/जोखिम व्यवस्थापनका योजनाहरुको विवरण**

| वडा नं. | जलवायु परिवर्तन अनुकुलन योजना संख्या | | विपद जोखिम व्यवस्थापन योजना संख्या | | श्रोत संरक्षण योजना संख्या | |
|---|---|---|---|---|---|---|
| | बिद्यमान | निर्माणाधीन | बिद्यमान | निर्माणाधीन | बिद्यमान | निर्माणाधीन |
| १ | १ | ० | ३ | ० | २ | ० |
| २ | ० | ० | १ | ० | ० | ० |
| ३ | ० | ० | २ | ० | २ | ० |
| ४ | १ | ० | १ | ० | २ | ० |
| ५ | २ | ० | २ | ० | ० | ० |
| ६ | १ | ० | १ | ० | ० | ० |
| ७ | १ | ० | ० | ० | २ | ० |
| ८ | ० | ० | २ | १ | ० | ० |
| ९ | ० | ० | ० | ० | १ | १ |
| जम्मा | ६ | ० | १२ | १ | ९ | १ |

*स्रोत:जलवायु परिवर्तन स्थानीय अनुकुलन कार्ययोजना २०७२, बर्दिया*

### ३.६.१. बिद्यमान योजनाहरु र सेवाक्षेत्र

यस नगरपालिकामा बिद्यमान जलवायु परिवर्तनअनुकुलन/विपद जोखिम व्यवस्थापन तथा वातावरण पर्यावरण संरक्षण सम्बन्धि २७ वटा योजनाहरु रहेका देखिन्छन (जिल्ला समन्वय समिति, जिल्लाको बार्षिक योजना-२०७५/०७६)।ति योजनाहरुलाई ३ वटा उप-क्षेत्रहरुमा बिभाजन गरेर हेर्दा स्रोत संरक्षण तथा व्यवस्थापन अन्तर्गत ९ वटा, विपद जोखिम व्यवस्थापन अन्तर्गत १२ वटा योजना र जलवायु परिबर्तन अनुकुलन सम्बन्धि ६ वटा योजनाहरु रहेका देखिन्छन तर जलउपयोग गुरुयोजना निर्माणका लागि संकलित तथ्याङ्क अनुसार ति योजनाहरुको सूचना प्राप्त भएको देखिदैन भने निर्माणाधीन अवस्थामा कुनै पनि योजना नरहेको देखिन्छ । मधुवन नगरपालिका दुईवटा ठुला नदीहरु कर्णाली र बबईको बिचमा पर्ने र सानाठूला थुप्रै खोलानालाहरु रहेको छन् खोला, नदी नालाहरुबाट कटान र बाढीको जोखिम रहेता पनि नदि नियन्त्रण तथा तटबन्धका योजनाहरु उपयुक्त तवरले योजनाबद्ध नरहेका र दिगो रुपमा संचालनमा रहेको पाईएन्।



नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

### ३.६.२. बिद्यमान योजनाहरुको संचालनको अवस्था

वातावरण तथा पर्यावरण संबन्धि योजनाहरु मध्ये तटबन्ध तथा नदि/खोला नियन्त्रणका योजनाहरु त्यति दिगो भैरहेको देखिदैन। जलवायु परिबर्तनका असरले गर्दा बर्षातको समयमा अत्यधिक ठूलो पानी पर्ने र खोला तथा नदीहरुमा पानीको मात्रा अत्याधिक हुँदा नदि/खोलाका तटबन्धहरु बगाउने हुँदा संचालनको अवस्था राम्रो नरहेको देखिएको छ।

### ३.६.३. निर्माणाधीन योजनाहरु र लक्षित सेवाक्षेत्र

यस नगरपालिकामा वातावरण तथा पर्यावरण संरक्षण निर्माणाधीन योजनाहरु तथ्याङ्क सङ्कलनको समयमा कुनै पनि नरहेको देखिन्छ।

## ३.७. बिद्यमान जल उर्जा योजनाहरुको अवस्था बिश्लेषण

### ३.७.१. बिद्यमान योजनाहरु र सेवाक्षेत्र

यस मधुवन नगरपालिकाका सबै घरधुरी तथा बस्तिहरुमा राष्ट्रिय प्रसारण लाइनको पहुँचमा रहेको छ। नगरपालिकामा अन्य बैकल्पिक उर्जाका कुनै पनि योजनाहरु संचालनमा रहेका छैनन् ।

## ३.८. जलस्रोतहरुको दिगो उपयोगका लागी संस्थागत संयन्त्र

मधुवन नगरपालिका भित्र खोला, नदिमा उत्तर तिरबाट बगेर आउने पानी र बर्षातको समयमा ताल-तलैयाहरुमा जम्मा हुने बाहेक अधिकांश पानीका स्रोतहरु भूमिगत स्रोतहरु हुन। भूमिगत स्रोतहरुको पानी पनि कुनै न कुनै रुपमा जमिन भित्र छिर्ने र त्यहि पानी भूमिगत पानीको रुपमा रहने हुँदा मुहान, खोलानाला, नदि लगायत भूमिगत पानीको संरक्षण र व्यवस्थापन गर्नुपर्ने देखिन्छ। यस नगरपालिकाले जलस्रोतको दिगो उपयोगका लागि खानेपानी उपभोक्ता तथा सरसफाइ समिति लगायत सम्पूर्ण उपभोक्ताहरुको अहम भूमिका रहने हुँदा उपभोक्ता समितिहरुलाई व्यवस्थापन गर्न खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि, २०७८ निर्माण गरि कार्यन्वयनमा ल्याएको छ। त्यसैगरि उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ लगायत वातावरण तथा पर्यावरणको संरक्षण र व्यवस्थापनका लागि संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि-२०७७, मधुवन नगरपालिकाको बातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन-२०७७ तथा मधुवन नगरपालिकाको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ निर्माण गरि कार्यान्वयनमा ल्याएको छ।

खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनका लागि नगरपालिका तथा वडास्तरका संयन्त्रहरु जस्तै; खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरु लाई सक्रिय बनाउने, वातावरण तथा पर्यावरण संरक्षणका लागि स्थानीय समुदायलाइ नै सक्रिय बनाउने र उनीहरुको परम्परागत ज्ञान, सीप र दक्षता प्रयोग गरि पर्यावरणको संरक्षणका साथै समुदायको जल संग सम्बन्धित क्रियाकलापहरुको माध्यमबाट जीविकोपार्जनमा सुधार ल्याउने कार्यहरु गर्दै आइरहेको छ।

मधुवन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दिया लुम्बिनी प्रदेश स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

नगरपालिकाले जलाधार क्षेत्रहरुको संरक्षण र अति दोहन रोक्न सामुदायिक बन उपभोक्ता समूहहरुको क्षमता बिकासमा सहयोग पुरयाउँदै आइरहेको छ। यसका अतिरिक्त नदि तथा खोलाहरुबाट बालुवा, ढुंगा, गिट्टी उत्खननमा सिमा तोकेको र केहि संबेदनसिल स्थानहरुमा उत्खनन गर्न रोक लगाएको छ। मधुवन नगरपालिका भित्रको वातावरण तथा पर्यावरणको संरक्षणका लागि भौतिक पुर्बाधारका कुनैपनि ठुला योजनाहरु निर्माण गर्नु भन्दा पहिले प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने ब्यबस्था गरेको देखिन्छ।

## ३.९. जलस्रोतमा बिबाद

जलस्रोतको उपभोग र स्वामित्वका सन्दर्भमा समुदायमा सामाजिक, राजनीतिक र आर्थिक लगायत बिभिन्न सरोकार र चाहनाले पानी प्रयोग र बाँडफाँड सम्बन्धि विवादहरु हुने गरेका पाईन्छन्। मधुवन नगरपालिकाको जलउपयोग गुरुयोजनाको तथ्याङ्क संकलन गर्दा भएका छलफल अन्तरक्रियामा प्राय: धेरै जसो पानी संग सम्बन्धित कार्यहरुका लागि भूमिगत पानीको प्रयोग भैरहेको हुदा घरायसी, सामुदायिक वा अन्तर पालिका स्तरमा विवादहरु कमै रहेको पाईन्छ। जलउपयोग गुरुयोजना तयारिका समय गरिएका समुदाय केन्द्रित छलफलहरुमा प्राप्त जानकारि अनुसार उपभोक्ता समिति मार्फत संचालित खानेपानीबाट वितरण हुने खानेपानीको गुणस्तर, परिमाण सम्बन्धि सामान्य विवादहरु आउने गरेका छन्। तुलनात्मक रुपमा घनाबस्ति हुने र कुनै परिवारसंग जमिनको अभावले गर्दा खेरजाने पानीको उचित व्यवस्थापन नहुदा, शौचालय र धारा राखिएको दुरीले गर्दा कुनै समुदायमा घरायसी स्तरमा विवादहरु आउने गरेको पाईन्छ। यसका अतिरिक्त सामुदायिक बनहरुको प्रयोग, संरक्षित क्षेत्र वरिपरिको जग्गाजमिनमा हुने अतिक्रमणको कारणले पनि व्यक्ति-व्यक्ति, समुदाय-समुदाय वा अन्तर वडा र अन्तरपालिका तहमा विवादहरु हुनै गरेको र सो को स्थानीय स्तरमै समाधान भई रहेको सरोकारवालाहरुले जानकारी दिएका छन्।

मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

# अध्याय-४ : गुरुयोजना कार्यान्वयन रणनीति र परिकल्पना

## ४.१. नगरपालिकाको रणनीतिक प्राथमिकता

मधुवन नगरपालिकाको जलउपयोग गुरुयोजनाको समायोजन तथा तयारि कार्य स्थानीय जनप्रतिनिधीहरु लगायत विद्यमान सरोकारवालाहरुको व्यापक सहभागिता, सकृयता तथा चरणबद्ध कार्यतालिका अनुसार नगरपालिकाका बस्तीहरुको वास्तविक अवस्था, विद्यमान स्रोत साधनहरुको सम्भावना तथा वर्तमानको वास्तविक आवश्यकतामा आधारित भई निर्माण गरिएको छ । नगरपालिकाले हाललाई पञ्चबर्षीय (आ.ब. २०७९/८० देखी २०८४/८५) सम्मका लागि क्षेत्रगत रुपमा आवधिक परिकल्पनाहरु निर्माण गरि गुरुयोजनाले निर्धारण गरेका योजना तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने लक्ष्य लिएको छ।

जलउपयोग गुरुयोजना तयारिका क्रममा आयोजना गरिएको योजना तर्जुमा गोष्ठी मार्फत मधुवन नगरपालिकाले तपसिल बमोजिमका क्षेत्रगत परिकल्पनाहरु तथा योजना प्राथमिकीकरणका आधारहरु तय गरेको छ।

**क्षेत्रगत परिकल्पना:**

**खानेपानी तथा सरसफाइ क्षेत्र:**

**परिकल्पना:**

**"स्वच्छ खानेपानी, ब्यबस्थित सरसफाइ मधुवनको पहिचान**
**दिगो विकास लक्ष्य पुरागर्ने, हाम्रो साझा अभियान"**

**योजना छनौटका आधारहरु:**

- मापदण्डमा आधारित प्राथमिकिकरणका औजारहरुको आधारमा खानेपानी सेवाबाट हालसम्म बन्चितिकरणमा परेका समुदाय र बस्तीहरुलाई पहिलो प्राथमिकता दिने
- गरिव, बिपन्न समुदायको जल अधिकार सु-निश्चित गर्न क्षमता बिकास, सचेतना र सबै निर्णय प्रक्रियामा सबै बर्ग, समुदायको सहभागिता गराउने
- बिद्यमान, निर्माणाधिन र प्रस्तावित सबै खानेपानी योजनाहरुमा पानी शुद्धीकरण गर्ने प्रबिधिहरु जडान गर्ने
- प्रस्तावित योजनाहरुको लागि आर्थिक स्रोतहरुको प्रबन्ध गर्ने

**सिंचाइ तथा निकास क्षेत्र**

**परिकल्पना**

**" दिगो सिँचाई बाट कृषि, पर्यटन, सुरक्षित जीविकोपार्जन हाम्रो अभियान,**
**सुरक्षित र सम्मानित रोजगार मधुवनको पहिचान"**

**योजना छनौटका रणनीति तथा आधारहरु**

- बिद्यमान सिंचाइहरुले नसमेटेको र भविष्यमा पनि योजनाहरुबाट सिंचित हुने सम्भावना नभएको वा न्युन भएका



मधुवन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दिया लुम्बिनी प्रदेश स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

- आय आर्जनलाई टेवा पुऱ्याउने तथा प्रति इकाई बढी फाईदा हुने क्षेत्रलाई प्राथमिकता
- पानीको बहुउपयोग हुने क्षेत्रलाई प्राथमिकता दिने
- प्रति व्यक्ति कम लागत तथा बढी जनसंख्या लाभान्वित हुने क्षेत्रलाई प्राथमिकता
- बढी सिंचित क्षेत्र समेटने तथा सेवा क्षेत्र बृद्धि हुने लाई प्राथमिकता

**वातावरण तथा पर्यावरण क्षेत्र**

**परिकल्पना**

**"सुरक्षित ढल निकास, बाढी नियन्त्रण, स्वच्छ र सुरक्षित जलाधार, सम्बृद समुन्नत र बिकसित पर्यावरण मधुवनको बिकासको आधार"**

**योजना छनौट तथा प्राथमिकीकरणका आधारहरु**

- मूल संरक्षण र सुरक्षण (पुनर्धारण, पुनर्भरण, पुनःप्रयोग जस्ता क्रियाकलापहरु) लाई प्राथमिकता
- वृक्षारोपण, भू-व्यवस्थापन लाई प्राथमिकता
- ठोस तथा तरल फोहर ब्यबस्थापनका क्रियाकलापहरुलाई प्राथमिकता
- भू-क्षय, नदि कटान, रोकथाम र वायो ईन्जिनियरिङ्ग लाई प्राथमिकता

## ४.२. जलाधार क्षेत्र व्यवस्थापनका लागि एकीकृत जलस्रोत व्यवस्थापन

मधुवन नगरपालिका तराईको समथर भू-भागमा कर्णाली नदि जलाधार क्षेत्र भित्र अवस्थित रहेको छ। नगरपालिका क्षेत्रका अन्य सहायक नदीनाला र खोला का साथै तालतलैया समेत कर्णाली नदीसंग सम्वन्ध रहेका, नगरपालिका बर्दिया राष्ट्रिय निकुन्ज क्षेत्रको नजिगमा रहनुका साथै जैबिक बिबधताले भरिपूर्ण रहेको पाईन्छ। नगरपालिका क्षेत्रमा कृषी व्यवसायका लागी मलिलो माटो हुनु, भुमीगत लगायत सतही पानीको प्रयाप्त उपलब्धता हुनु र मनोरम स्थलहरुका साथै जैबिक बिबधतायुक्त रहेकाले यो क्षेत्रको दिर्घकालीन योजना सहित जलाधार क्षेत्रको व्यवस्थापन, संरक्षण र उपयोग गर्नु पर्ने नगरपालिकाका सरोकारवालाहरुको साझा धारणा रहेको छ।

मधुवन नगरपालिकामा प्राय सवै जसो नदीघाँटी तथा जलाधार क्षेत्रहरुको नजिकै वरिपरी मानिसहरुको वस्ती रहेको पाईन्छ। मधुवन नगरपालिकामा कर्णाली नदीबाट वरिपरिका मानिसहरुले माछा सम्वन्धि ब्यबसाय गरि जीविकोपार्जन गरिरहेका छन् भने नगरपालिका भित्र रहेका अन्य खोलाहरु जस्तै; औराही खोलाबाट माछा मार्नुका साथ साथै सिंचाइमा समेत पानीको प्रयोग भइ रहेको छ। नगरपालिकामा रहेका बिभिन्न तालहरु माछा मार्ने, पानी तान्ने पम्पको प्रयोग गरि सिंचाइ तथा पर्यटकीय क्षेत्रको रुपमा समेत प्रयोग गरिरहेका छन्। नगरपालिका भित्रका समुदायहरुको जीविकोपार्जन लगायत आयआर्जनमा महत्वपूर्ण भुमिका रहेको नदी प्रणालीहरु, तालतलैया, बनजंगल र जमीनको समष्टिगत व्यवस्थापन गर्नु अति आवश्यक रहेको छ। पूर्वाधार निर्माण लगायत गरिने अन्य विकासका क्रियाकलापहरुमा जलाधारको समग्र स्वास्थ्यलाई असर नपर्ने गरि योना तर्जुमा गर्नु पर्ने, नदी प्रणालीहरुलाई स्वच्छ राख्न नगरपालिकामा फोहोर बिसर्जन, दिसाजन्य लेदो बिसर्जनका लागी उचित प्रबिधी अपनाउनु पर्ने, बढ्दै गएको शहरिकरणसंगै बन जंगलमा अत्यधिक चाप रहेकोमा बृक्षारोपण र संरक्षण अभियानहरु संचालन गर्ने, जलाधार भित्रका समुदायहरु बिचको पारस्परिक



मधुवन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दिया लुम्बिनी प्रदेश स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

सम्वन्ध समुधुर बनाउदै समुदायको क्षमता विकास गर्नु पर्ने, समुदायहरुको जनचेतना बृद्धी गरि संरक्षणका अभियानहरु संचालन गर्नु पर्ने देखिन्छ।

समग्रमा एकिकृत जलस्रोत व्यवस्थापनका माध्यमले समग्र जलाधार क्षेत्रको समुचित र बिबेकपुर्ण विकास गर्न, जलाधार क्षेत्र भित्रको सम्पूर्ण प्राकृतिक स्रोतहरुलाई एकीकृत एवं दिगोरुपमा बिकास गरी गरीबी न्यूनिकरण गर्न नगरपालिकाको बार्षिक योजना तर्जुमामा सरोकारवाला साझेदारहरु, समुदाय र जनप्रतिनिधीहरुले ठोस योजना निर्माण गरि कार्यान्यिन गर्नु पर्ने आवश्यकता रहेको र सो का लागी सबैको सहकार्य, साझेदारि र प्रतिबद्धता रहेको जलउपयोग गुरुयोजना निर्माणका क्रममा आयोजना गरिएका योजना तर्जुमा गोष्ठीहरुमा सरोकारवालाहरुको धारणा रहेको छ। एकिकृत जलस्रोत व्यवस्थापनका लागी बिभिन्न क्रियाकलापहरु योजना तर्जुमा गोष्ठी मार्फत सहभागीहरुले नगरकार्यपालिकामा सिफारिस गरि गुरुयोजनामा प्राथमिकिकरण सहित समावेश गरेका छन्।

## ४.३. एक जल नीति तथा अवाधारणा

जलाधार क्षेत्र व्यवस्थापन अन्तरगत स्रोतहरुको संरक्षण र व्यवस्थापन, जलाधार र समुदायमा पानीको विद्यमान अवस्था विचार गर्दै दिगो उपयोग नीति र पानीको उत्पादनशिल उपयोगमा एक जल अवधारणाले जोड दिन्छ। एक जल अवधारणाको अवलम्बनले समग्र प्रणालीगत द्दष्टीकोणले उपयोग गरि पानीको आपुर्ति र सरसफाइको गुणस्तरिय सेवा, परिणाम र समतामूलक जलस्रोत व्यवस्थापन गरि पानीको दिगोपना हासिल गर्न मद्दत्त गर्दछ। एक जल प्रणाली अन्तर्गत निम्न कार्यहरु प्राथमिकताका साथ गरिन्छ।

- सुरक्षित रुपमा खानेपानीको व्यवस्थापन, बहु उपयोगी जल प्रणाली र खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु मार्फत प्रभावकारि रुपमा योजना तर्जुमा, कार्यान्वयन र व्यवस्थापन,
- दिसाजन्य लेदोको सुरक्षित ढंगले व्यवस्थित तथा दिगो व्यवस्थापन सेवा, त्यसको उपचारका लागी आवश्यक प्लान्ट र त्यसको पुर्नउपयोगबाट आर्थिकोपार्जनको अवसरहरु प्रदान गर्ने,
- स्थानीय सरकार र समुदायका साझेदार सरोकारवालाहरुको क्षमता विकास र जलस्रोतको न्यायोचित व्यवस्थापन गर्ने,
- पानीको दिगो सेवाका लागी राम्रोसंग संरक्षित र व्यवस्थित पानी प्रभावित क्षेत्रहरुमा पारिस्थितिकीय जल प्रभाव सुनिश्चित गर्ने।

"एक जल" अवधारणा भनेको समुदायमा आधारित पानी व्यवस्थापनको लागि एउटा व्यापक र दीर्घकालीन द्दष्टिकोण हो। एक जल नीति अनुसार ग्रामीण वा शहरी जल चक्रलाई एकल एकीकृत प्रणाली मान्दछ। एक जलको द्दष्टिकोणले सबै ग्रामीण लगायत शहरी पानी आपूर्तिका सेवाहरुलाई पनि एकल पानीको स्रोतको रूपमा मान्यता दिन्छ।सतहको पानी, भूमिगत पानी, बर्षातको पानी, र फोहोर पानी वा प्रयोग पछी खेरजाने पानी यी सबै अन्तरसम्बन्धित स्रोतहरू बाढी, पानीको गुणस्तर र जलस्रोतहरूमा तिनीहरूको प्रभाव रहन्छ र ति पानीबाट हुने प्रकोप जोखिम र पानीको गुणस्तर कायम राख्नका लागि गरिने सबै व्यवस्थापनका कार्यहरुको एकीकृत रुपनै एक जल नीति हो। सबै पानी आपूर्तिहरूको यो बृहत् व्यवस्थापन, बहुविध अन्तिम प्रयोगहरूलाई विचार गर्दै, वातावरण र अर्थव्यवस्था दुवैलाई फाइदा पुर्‍याएर समुदायको समग्र जीवनको गुणस्तर सुधार गर्दछ र स्थानीय सरकारबाट निर्माण हुने जलउपयोग गुरुयोजनाले पनि पानीको बृहत्

मधुवन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दिया लुम्बिनी प्रदेश स्थापित : २०७३

२०८१.५.८

**तेज बहादुर भाट**
**नगर प्रमुख**

व्यवस्थापनका पक्षहरुलाई समेट्नु पर्दछ।मधुवन नगरपालिकाका सरोकारवालाहरुले समेत एक जल नीति र अवधारणालाई अवलम्बन गर्ने सोच राखेका छन्।

## ४.४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अवधारणा र एकीकृत जलस्रोत व्यवस्थापन

पानी संग सम्बन्धित क्रियाकलापहरुमा घरायसीस्तरमा महिलाहरु तथा जीविकोपार्जन वा उत्पादनशिल प्रयोगको हिसाबले समुदायका केहि निश्चित वर्ग, समुदायको पानी संग बढी सरोकार हुने हुँदा जलउपयोग गुरुयोजनाको तयारी चरण देखि कार्यन्वयन तहसम्म महिला र त्यस्ता पछाडी पारिएका बर्गहरुको सहभागिता र नेतृत्व सुनिश्चित गरिन्छ। गुरुयोजनाले पानी वा जलस्रोतको विनियोजन, सुशासन र वित्तका पक्षहरू सम्मको पहुँचमा सबैभन्दा ठूलो असमानताहरू अनुभव गर्ने जनसंख्याको विशेष आवश्यकताहरूलाई सम्बोधन गर्दै उमेर, लिंग, धर्म, जाती, अपाङ्गता, भूगोलका आधारमा आउने अवरोधहरू र त्यसबाट आधारभूत सेवाहरूको पहुँचमा पर्ने असरलाई कम गर्ने  र प्राथमिकता दिन सहयोग पुरयाउँदछ।

नगरपालिकासंगका छलफल र सरोकारवालाहरुले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई सुनिश्चित गर्न जलउपयोग गुरुयोजनाको कार्यान्वयन प्रक्रियामा पारदर्शीता, सहभागिता र जवाफदेहिता को असल अभ्यास मार्फत सुशासनको प्रवर्द्धन र लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण को सुनिश्चितता गराउन तपसिलका नीति अवलम्बन गर्न सरोकारवालाहरुलाई सचेत गराउने तथा नगरपालिकाले उपरोक्त नीतिहरु निर्दिष्ट सयन्त्र मार्फत कार्यान्वयन सुनिश्चिता गर्ने प्रतिवद्धता गरिएको छ।

- प्रत्येक वर्ष यस नगरपालिका लगायत अन्य कार्यरत संघ संस्थाहरुको जलस्रोत, सरसफाइ र स्वच्छता को क्षेत्रमा उपलब्ध बजेट समिक्षा गरी सो बारे सबै उपभोक्तालाई अग्रिम जानकारी गराइनेछ।
- उपलब्ध बजेट तथा जलस्रोत, सरसफाइ र स्वच्छतासित सम्बन्धित अन्य सूचना तथा जानकारी मा सबै उपभोक्ताहरुको पहुँचका लागि आम संचार माध्यमको प्रयोग गरिनेछ।
- यो जलउपयोग गुरुयोजना यस नगरपालिका भित्र जलस्रोत , सरसफाइ र स्वच्छताका क्षेत्रमा गरिने सम्पुर्ण लगानीहरुको प्रमुख आधारको रुपमा रहनेछ। उपलब्ध बजेट तथा स्रोत साधनले सम्भव भए सम्म परियोजनाहरु कार्यान्वियन गर्दा जलउपयोग गुरुयोजनामा उल्लेखित प्राथमिकता अनुरुप नै गरिनेछ।
- जलउपयोग गुरुयोजना तर्जुमाको चरणमा झै यसको कार्यान्वयनमा समेत महिला हरुको समान सहभागिता तथा दलित, जनजाती तथा पछाडी पारिएका वर्गको समानुपातिक प्रतिनिधित्व हुने गरी सम्बन्धित उपभोक्ताहरुको सकृय सहभागिता रहनेछ। योजनाहरुको निर्माण, सञ्चालन तथा मर्मत सम्भार सम्बन्धित उपभोक्ताहरुले गठन गरेको उपभोक्ता समितिको प्रत्यक्ष संलग्नतामा हुनेछ।
- सवै उपभोक्ता समितिहरुमा सम्बन्धित क्षेत्रमा बसोवास गर्ने महिलाहरुको समान तथा बिभिन्न जात जातीहरुको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनेछ। समितिका प्रमुख पदहरुमा समेत महिलाहरुको कम्तिमा ५०%, सामाजिक बिभेदमा परेका जात जातीहरुको समानुपातिक प्रतिनिधित्व अनिवार्य गरिनेछ।

तेज बहादुर भाट
नगर प्रमुख

- गुरुयोजना कार्यान्वियनमा उपभोक्ता समिति गठन तथा पुनर्गठन गर्दा लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरणलाई ध्यान दिदै महिलाहरुको समान सहभागिता तथा दलित, जनजाती तथा पछाडी पारिएका वर्गको समानुपातिक प्रतिनिधित्व हुने गरी पदाधिकारी तथा सदस्यहरु समावेश गरिनेछ।
- यो जलउपयोग गुरुयोजना कार्यान्वियनको क्रममा महिला र सामाजिक बिभेदमा परेका जात जातीहरुको क्षमता अभिबृद्धीका लागि बिशेष पहल गरिनेछ। उनीहरुलाई नै लक्षित गरेर बिभिन्न क्षमता बिकास क्रियाकलापहरु सञ्चालन गरिनेछन् साथै क्षमता विकासका कृयाकलापहरुको लागि सहभागी छनौट गर्दा समेत लैङ्गिक समानाता तथा सामाजिक समाबेशिकरण लाई ध्यान दिनुपर्नेछ।
- स्रोत र साधनले भ्याएसम्म यस अन्तरगत निर्माण गरिने सबै भौतिक संरचनाहरुलाई महिला, बालबालीका, अपाङ्ग र जेष्ठ नागरिक मैत्री बनाइनेछन् । मुख्यतया खानेपानी र सरसफाइ परियोजनाका सबै संरचनाहरु महिलाहरुको महिनावारीको बेलाको स्वच्छता व्यवस्थापन, छुट्टै शौचालयको व्यवस्था र उनीहरुको घरायसी कार्य बोझ न्यूनिकरण हुनेगरी निर्माण गरिनेछन्।
- खानेपानी सरसफाइ र स्वच्छताको सेवा क्षेत्र नपुगेका वा कम भएका क्षेत्रलाई प्राथमिकता दिने र बजेट वृद्धि गर्ने तदनुसार विनियोजित बजेटले अति-गरीब पछाडि पारिएका वर्गहरुको उच्च जनसंख्या भएको क्षेत्रलाई प्राथमिकतामा राखिनेछ।
- खानेपानीको धारा, शौचालय निर्माण गर्दा आवश्यक पर्ने लागतमा गरिब तथा सीमान्तकृत परिवारलाई सहुलियत दिइनेछ।
- कठिन परिस्थिति र विशेष अवस्थाका कारण पानीको महसुल तिर्न नसक्ने गरिब तथा सीमान्तकृत समुदायलाई पानीको महसुलमा अनुदान वा छुट दिइनेछ।
- खानेपानी सम्बन्धी सचेतना अभियान र सरसफाइ अभियानहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको बिषय समाबेश हुनुपर्दछ सबै प्रशिक्षणमा अनिवार्य; महिला, सीमान्तकृत र पछाडि पारिएका वर्गलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम दिइनेछ।
- ग्रामीण मर्मत सम्भार कार्यकर्ता, शौचालय निर्माणकर्ता र सरसफाइ प्रवर्द्धक छनोटको मापदण्ड महिला, गरीब र बहिष्कृत वर्ग मैत्री हुनेछन्।
- महिला, गरिब र बहिष्कृतका मुद्दाहरूलाई सम्बोधन गर्न खानेपानी उपभोक्ता तथा सरसफाइ समितिका लागि सम्झौतामा शर्तहरू रहनेछन् ।
- महिला, गरिब र बहिष्कृतको आवश्यकतालाई सम्बोधन गर्ने क्रियाकलापका लागि पर्याप्त बजेट विनियोजन गर्ने, यी समूहको क्षमता अभिवृद्धिका क्रियाकलापहरु बार्षिक योजनामा राखि कार्यान्वयन गरिनेछन्।
- निर्माण सामग्री खरिद गर्दा महिला सहकारी तथा अन्य महिला, गरिब र बहिष्कृत समूहलाई सामग्रीको स्थानीय आपूर्तिकर्ताहरुलाई अनुकुल वातावरण श्रृजना गर्ने तर्फ पहल गरिनेछ।
- योजना तथा क्रियाकलापहरुको अनुगमन गर्दा महिला, बालबालिका, गरिब तथा बहिष्करणमा परेका समुदायको सहभागिता सुनिश्चित गरिनेछ ।
- सार्वजनिक लेखापरीक्षण गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुद्दाहरू सार्वजनिक अडिट दिशानिर्देशहरू अनुसार सम्बोधन गरिनेछ।

नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

- यस गुरुयोजना अर्न्तगत निर्माण गरिने सबै योजनाहरुमा सुशासन नीति अगाल्दै अनिवार्यरुपमा सार्वजनिक सुनवाई, सार्वजनिक समिक्षा र सार्वजनिक परिक्षण गरिनेछन। यी सबैमा कार्यहरुमा आम उपभोक्ता र सेवा प्रदायक बीचको अन्तरकृया र संवादलाई बिशेष जोड दिइनेछ। परियोजनाहरुका भौतिक संरचनाहरु र तिनले प्रदान गर्ने सेवाको गुणस्तर र दिगोपनाको लागि उक्त योजना कार्यान्वयन गर्ने संस्था पुर्णरुपमा जवाफदेहि हुनेछ।

## ४.५. पानीको उत्पादनशिल प्रयोग

मधुवन नगरपालिकामा प्रशस्त प्राकृतिक स्रोत साधन रहेका, जल पर्यटन क्षेत्र लगायत थुप्रै आयआर्जनका क्रियाकलापहरु संचालन गर्न सकिने सम्भावना रहेका छन् । मधुवन नगरपालिकामा गुरुयोजना निर्माणका क्रममा गरिएका समुदाय भ्रमण, संचालन गरिएका क्षमता विकास क्रियाकलापहरु र योजना तर्जुमा गोष्ठीहरुमा योजनाहरुको दिगोपनाका लागी पानीको उत्पादनशिल प्रयोग मार्फत आयआर्जन क्रियाकलापहरु संचालन आवश्यक रहेको सरोकारवालाको धारणा रहेको थियो। पानीका स्रोतहरुको बहुउपयोग मार्फत नगरपालिकामा तरकारि खेती, नगदे बाली प्रवर्धन र विस्तार, जल पर्यटन, माछा पालन लगायतका क्रियाकलापहरु संचालन गर्न सके समुदायको आयआर्जनमा टेवा पुग्ने र मौसमी रोजगारका लागी बाहिरिनु नपर्ने बिषयमा समेत सहभागीहरुले गोष्ठीहरुमा छलफल गरेका थिए।

धारामा खेरजाने पानी करेशाबारी तथा तरकारी खेतीमा प्रयोग गर्ने, स्रोतहरु उपलब्ध हुने समुदाय तथा बस्तिहरुमा पानीको बहु-उपयोग गरि खानेपानी संगै साना सिंचाइका योजनाहरु, पानीका स्रोत प्रयाप्त भएका क्षेत्रहरु खास गरि कर्णाली तट, ताल तलैयाहरुको वातावरणमैत्री विकास र सुधारका माध्यमबाट जल पर्यटन विकास, मनोरञ्जन क्षेत्रहरुको विकास, नगरमा सरसफाइ प्रवर्धन, घरायसी स्तरमा शौचालय लगायत बाटोघाटोको सरसफाइ आदी क्रियाकलापहरु संचालन गर्न सरोकारवालाहरुको क्षमता विकास गर्नु पर्ने बारे जलउपयोग गुरुयोजना निर्माणका क्रममा सहभागीहरुले छलफल गरि आ-आफ्नो तह र तप्काबाट कार्यान्वयन गर्ने बताएका थिए।

पानीको उत्पानसिल प्रयोगका लागी नगरपालिकाको बार्षिक योजना तथा कार्यक्रमहरु तय गर्दा अन्तर शाखा समन्वय मार्फत उत्पादनमुखी कार्यक्रममा बजेट बिनियोजन गर्ने, समुदायहरुलाई यस्ता क्रियाकलापहरुमा आक्रषित गर्न अनुदान, क्षमता अभिबृद्धी लगायतका आवश्यकतामा आधारित कार्यक्रमहरु सहभागितात्मक रुपमा तर्जुमा गर्ने, योजना तथा कार्यक्रममा जनसहभागीता जुटाउन र अपनत्व बढाउन आवश्यक नीति तथा कार्यक्रमहरु सहित साझेदारि क्रियाकलापहरु प्रवर्धन गर्ने बिषयमा गुरुयोजना निर्माणका क्रममा छलफल गरिएका थिए।

## ४.६. जलस्रोतको उपयोगका लागि विकल्प तथा प्रविधिहरु

जलवायु परिवर्तन लगायत प्रकृतिमा हुदै गईरहेको असन्तुलनले गर्दा पानीका स्रोतहरुमा पानीको बहाव कम हुदै गईरहेको तथा बर्षातको समयमा अतिवृष्टि हुदा पहिरो जाने, बस्तीहरु बाढी डुबानमा पर्ने समस्याहरु दिनानुदिन बढ्दै गरिरहेका छन्। त्यसकारण जलस्रोतको समुचित उपयोगका लागि विभिन्न बिकल्प तथा



नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

प्रविधिहरु आवश्यक पर्ने हुदा यस मधुवन नगरपालिकाका लागि आवश्यक विकल्पहरु निम्न अनुसार रहेका छन्।

- मधुवन नगरपालिकामा खानेपानीको मुख्य स्रोत भूमिगत जलस्रोत रहेको र पानीमा विभिन्न रासायनिक तथा जैविक प्रदुषण हुने भएकोले सबै खानेपानी योजनाहरुमा पानी शुद्धीकरण प्लान्टहरु (पानी छान्ने फिल्टर/उपकरण) जडान गरेर मात्र आकाशे ट्यांकीमा पठाउने प्रबिधि आवश्यक देखिन्छ।
- बर्षातको समयमा नगरपालिका बस्तीहरु डुबान पर्ने हुदा त्यस्तो बेलाका लागि शौचालयको Slab (ढक्कन) जमिन भन्दा माथि उठाएर निर्माण गर्ने, जसले गर्दा डुबान भएको समयमा समेत सरसफाइ कायम राख्न सकिन्छ, यसका साथै खानेपानीका धाराहरु पनि जमिनको सतह भन्दा माथि उठाएर राख्दा बाढीजन्य प्रकोपको समयमा पनि खानेपानी आपूर्ति बन्द हुन् पाउदैन।
- व्यवस्तित खानेपानी योजनाबाट खानेपानी आपूर्ति गर्न नसकिने बस्तिहरुमा ट्युबवेल चर्पीको खाडल भन्दा कम्तिमा पनि ३० मिटर टाढा राख्ने र गहिराइमा राख्दा पानीमा दिसाजन्य किटाणु मिसिन पाउदैन। यसका साथै आर्सेनिक फिल्टर र पानी शुद्धीकरणका अन्य घरेलु उपायहरु अपनाउन सकिन्छ।
- बिद्यमान, निर्माणधिन र नँया निर्माण हुने सिंचाइ योजनाहरुबाट पनि सिंचित हुन नसक्ने खेतीयोग्य भू-भागहरुमा बोरिंग प्रबिधि वा नजिकको खोला/नदीबाट पानी तान्ने प्रबिधिहरु अगाल्न सकिन्छ ।
- बाढीको बेला बस्ती/घरहरु डुबान परेको खण्डमा सामुहिक आवासका लागि सेफ हावस अथवा सुरक्षित आश्रयस्थल हरु निर्माण गर्न सकिने देखिन्छ।
- ट्युबवेल लगायतका पानी उपभोग गर्ने बिन्दुमा Chlorination लगायत पानी सुद्धीकरणका आधुनिक प्रबिधिहरुको प्रयोग गर्न सकिन्छ।

## ४.७. मापदण्डमा आधारित प्राथमिकीकरण औजारहरु (CBRT)

नगरपालिकामा खानेपानीका योजनाहरुको वडा र नगरपालिकास्तरमा प्राथमिकीकरणका लागि युएसएआईडी, कर्णाली जल परियोजनाले मापदण्डमा आधारित प्राथमिकीकरणका औजारहरु (CBRT tools) को प्रयोग गरिएको थियो। जलउपयोग गुरुयोजनाका खानेपानी क्षेत्रका योजना प्राथमिकिकरणमा प्रयोग भएको यो औजारको प्रयोग गर्न निकै सहज, योजना तर्जुमा र प्राथमिकीकरणमा हुने बिबाद न्युनिकरणमा सहयोगी रहेको, गरिब बिपन्न र पछाडी पारिएका बर्ग/ खानेपानीको पँहुच नपुगेका (सेवा बिहिन), भौगौलिक कठिनाई भएका क्षेत्र/ समुदायहरुलाई प्राथमिकता दिने, सेवाकेन्द्र लगायत बस्ती घनत्व भएको स्थान बिशेषका योजनाको माग सम्बोधन गर्नका साथै समतामुलक ढंगबाट माग सम्बोधन गर्न अत्यन्तै महत्वपूर्ण रहेको योजना तर्जुमा गोष्ठीका सहभागीहरुको प्रतिक्रिया रहेको थियो।

मापदण्डमा आधारित प्राथमिकीकरण औजारहरु र सूचकहरुको विवरण तलको तालिका-२३ र २४ मा प्रस्तुत गरिएको छ।

**तालिका- २३: समुदाय तथा योजना छनौट मापदण्ड (नयाँ निर्माण)**

| क्र.सं | सूचक | उप सूचक | अंक भार | जम्मा अंक | कैफियत (अङ्क दायरा: ६ - ३६) |
|---|---|---|---|---|---|

मधुवन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दिया लुम्बिनी प्रदेश स्थापित : २०७३



तेज बहादुर भाट
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **क)आधारभूत खानेपानी सेवाको पहुँचमा सामुदायको स्थिति** | | | | | **१३** | **(अङ्क दायरा: ४ - १३)** |
| १ | सेवा दिइने जनसंख्याको बिबरण | *गरिब घरधुरि (%)* | >=५०% | ३ | ३ | बढी जनसंख्या भएका समुदायको लागि प्राथमिकता (उच्च जनसंख्या घनत्व) |
| | | | >=२५%<५०% | २ | | |
| | | | <२५% | १ | | |
| | | *लैङ्गिक समानता लक्षित समूहको घरधुरि (%)* | >=५०% | ३ | ३ | |
| | | | >=२५%<५०% | २ | | |
| | | | <२५% | १ | | |
| | | *सामाजिक समावेशीकरण लक्षित समूहको घरधुरि (%)* | >=५०% | ३ | ३ | |
| | | | >=२५%<५०% | २ | | |
| | | | <२५% | १ | | |
| २ | भौगोलिक कठिनाइमा रहेको समुदाय | | >=५ घण्टा | ३ | ३ | भौगोलिक कठिनाइमा रहेको समुदायको लागि प्राथमिकता |
| | | | >=२ घण्टा <५ घण्टा | २ | | |
| | | | <२ घण्टा | १ | | |
| ३ | विद्यालय तथा स्वास्थ संस्थाको अवस्थिति | | छ | १ | १ | बिध्यालय तथा स्वस्थ्य संस्था भएका समुदायलाई प्राथमिकता |
| | | | छैन | 0 | | |
| **ख) सामुदायमा विद्यमान खानेपानी सेवाको अवस्था (सेवा स्तर)** | | | | | **१८** | **(अङ्क दायरा: ० - १८)** |
| | | | घरधुरी (%) | अंक भार | | |
| १ | सेवा बिहिन तथा असुरक्षित खानेपानी सेवा उपभोग गर्ने घरधुरी | | 100% | ३ | १८ | उच्च प्रतिशत, उच्च प्राथमिकता हुनेछ |
| २ | सीमित खानेपानी सेवाको पहुंचमा रहेको घरधुरी | | 0% | २ | | |
| ३ | आधारभूत खानेपानी सेवाको पहुंचमा रहेको घरधुरी | | 0% | १ | | |
| ४ | सुरक्षित रूपमा व्यवस्थित खानेपानी सेवाको पहुंचमा रहेको घरधुरी | | 0% | 0 | | प्रतिशत कम, उच्च प्राथमिकता हुनेछ |
| **ग) सामुदायमा लगानी मैत्री बाताबरणको अवस्था** | | | | | **५** | **(अङ्क दायरा: २ - ५)** |
| १ | स्थानीय सरकार (LG) द्वारा जलउपयोग गुरुयोजना अथवा खानेपानी सरसफाइ तथा स्वच्छता योजना अथवा पालिकाको वार्षिक योजनामा प्राथमिकता निर्धारण गरिएको योजना | | बजेट बिनियोजन भैसकेको | ३ | ३ | स्थानिय निकयले पहिचान तथा प्राथमिकिकरण गरिएको खनेपानी योजन अथवा आवधिक योजनामा समाबेस गरिएको योजना उच्च प्राथमिकता हुनेछ |
| | | | बजेट बिनियोजनको प्रतिबद्धता गरेको | २ | | |
| | | | छैन | १ | | |
| २ | खानेपानी योजनामा लागत साझेदारिको सम्भावना (खानेपानी योजनामा योगदान र मर्मत गर्न स्थानीय निकाय र | | छ | २ | २ | स्थानीय सरकार /साझेदारहरू र उपभोक्ता सँग लागत साझेदारिको सम्भावना उच्च राहेको |
| | | | छैन | १ | | |

मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | सरोकारवालाहरूको इच्छा, तत्परता र प्रतिबद्धता) | | | | योजना उच्च प्राथमिकता हुनेछ |
| | **जम्मा अंक** (माथिका ३ सूचकहरुको जम्मा - क, ख र ग) | | | ३६ | |

## तालिका- २४: समुदाय तथा योजना छनौट मापदण्ड (मर्मत तथा पुनरनिर्माण)

| क्र.सं | सूचक | उप सूचक | अंक भार | जम्मा अंक | कैफियत (अङ्क दायरा: ९ - २८) |
|---|---|---|---|---|---|
| **योजनाको भौतिक अवस्था** | | | | **२१** | **(अङ्क दायरा: ६ - २१)** |
| १ | पानीको उपलब्धता | वर्ष भरी | १ | ३ | पानीको उपलब्धता कम रहेको समुदायको लागि प्राथमिकता |
| | | >११ महिना | २ | | |
| | | ≤११महिना | ३ | | |
| २ | योजना सम्पन्न बर्ष | ≤ ५ वर्ष | १ | ३ | पुरानो योजना रहेको समुदायको लागि प्राथमिकता |
| | | >५ वर्ष देखि ≤१० वर्ष | २ | | |
| | | >१० वर्ष | ३ | | |
| ३ | विद्यमान खानेपानी योजनाका भौतिक संरचनाको संचालन अवस्था | >७५% | १ | ४ | भौतिक संरचनाको संचालन अवस्था नाजुक रहेको समुदायको लागि प्राथमिकता |
| | | >५०% <७५% | २ | | |
| | | >२५% <५०% | ३ | | |
| | | <२५% | ४ | | |
| ४ | घरधुरी र सन्चालनमा रहेका धाराको अनुपात | ≤५ घरधुरी | १ | ३ | घरधुरी र सन्चालनमा रहेका धाराको आनुपत उच्च रहेको समुदायको लागि प्राथमिकता |
| | | ५-१० घरधुरी | २ | | |
| | | >१० घरधुरी | ३ | | |
| ५ | समुदायमा उपलब्ध पानीको मात्रा | ≤६५ लि/से | १ | ३ | हाल सन्चालनमा रहेको धारामा पानीको बहाव (लि/से) कम रहेको समुदायको लागि प्राथमिकता |
| | | ६६-100 लि/से | २ | | |
| | | >100 लि/से | ३ | | |
| ६ | उपलब्ध पानीको गुणस्तर | सधै राम्रो | १ | ३ | |



नगर कार्यपालिकाको कार्यालय बर्दिया लुम्बिनी प्रदेश स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्राय राम्रो | २ | | समुदायमा उपलब्ध पानीको गुणस्तर नाजुक रहेको समुदायको लागि प्राथमिकता |
| | | प्राय नराम्रो | ३ | | |
| ७ | पानीको चुहावट | छैन | ० | २ | संरचना तथा पाईप प्रणालीमा चुहावट उच्च रहेको समुदायको लागि प्राथमिकता |
| | | छ | २ | | |
| **विद्यमान खानेपानी योजनामा उपभोक्ता समितिको अवस्था** | | | | **७** | **(अङ्क दायरा: ३ - ७)** |
| १ | विद्यमान समयमा खानेपानी योजनामा उपभोक्ता समितिको उपलब्धता | छ | २ | २ | विद्यमान समयमा खानेपानी योजनामा उपभोक्ता समितिको उपलब्ध रहेको समुदायको लागि प्राथमिकता |
| | | छैन | १ | | |
| २ | विद्यमान समयमा मर्मत सम्भार कार्यकर्ताको उपलब्धता | छ | २.५ | २.५ | विद्यमान समयमा मर्मत सम्भार कार्यकर्ताको उपलब्ध रहेको समुदायको लागि प्राथमिकता |
| | | छैन | १ | | |
| ३ | विद्यमान समयमा पानी महसुलको व्यवस्था रहेको तथा महसुल संकलन गर्ने गरेको | छ | २.५ | २.५ | विद्यमान समयमा पानी महसुलको व्यवस्था रहेको तथा महसुल संकलन गर्ने गरेको समुदायको लागि प्राथमिकता |

## ४.८. स्रोत संरक्षण

भूमिगत पानीका स्रोतहरुमा मुख्यगरि चुरे वा माथिल्लो पहाडी भू-भागमा हुने गतिबिधिहरुले प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पर्ने देखिन्छ। हाल खानेपानीका स्रोतहरु (सतही स्रोत र भूमिगत स्रोतहरु) जलवायु परिवर्तन तथा मानवद्वारा निर्मित/सृजित बिभिन्न गतिविधिहरुले गर्दा सुक्दै र हराउदै गईरहेका छन् भने भूमिगत पानीको स्रोतपनि घट्दै गई रहेको विभिन्न अध्ययनहरुले देखिएको छ। एकातर्फ समुदायमा पानीको माग तथा प्रयोगको मात्र बढ्दै गईरहेकोछ भने अर्कोतर्फ बढ्दो शहरिकरण, पूर्वाधार विकास र मानव श्रृजित कारणहरुले बनजंगल घट्ने क्रम रहेको साथै पानीका स्रोतहरुमा समेत यसको प्रभाव परिरहेको देखिन्छ । जलउपयोग गुरुयोजना तयारिका क्रममा गरिएका सर्बेक्षण तथा अन्तरक्रियाहरुमा सहभागीहरुको स्रोतहरु बिचको सन्तुलन मिलाउन हाल प्रयोग भइरहेका पानीका स्रोतहरुका साथै प्रयोग नभएका स्रोतहरुको पनि उचित संरक्षण र व्यवस्थापन नीति तर्जुमा र ठोस कार्यान्वय गर्न आवश्यक रहेको बुझाई छ।

नगरपालिका स्तरिय योजना तर्जुमा गोष्ठीमा भएको छलफलमा स्रोतहरुको संरक्षणका लागी स्रोतहरुको वरिपरी खुला चरिचरणमा बन्देज लगाउने, पानीका स्रोतहरुको वरिपरी घेरबार गर्ने तथा फोहर हुन बाट बचाउने, खुला फोहोर बिसर्जन रोक्ने, सामुदायिक तथा संरक्षीत बनक्षेत्रहरुलाई बिस्तार र संरक्षण/सम्बर्द्धनमा टेवा पुऱ्याउने, नदी कटान, भु-क्षयीकरण, ढुंगा गिट्टी बालुवा आदीको नियमन उत्खनन र प्रयोग, पूर्वाधार निर्माण गर्दा स्रोतलाई असर नपर्ने र वातावरणमैत्री संरचना निर्माण, भूमीगत पानीका स्रोतहरु प्रदुषणबाट जोगाउन शौचालय, ढल लगायत सरसफाइ संरचनाहरुको उपयुक्त निर्माण नियमन जस्ता बिषयहरुमा



तेज बहादुर भाट
नगर प्रमुख

बिज्ञहरुको सल्लाह परामर्स सहित नीति तर्जुमा, समुदायको क्षमता अभिबृद्धी गर्न सूचना/शिक्षा/संचार सामग्रीहरुको प्रकाशन र वितरण आदी सम्वन्धि आवश्यक कानुन बनाई नगरपालिकाको बार्षिक योजना मार्फत कार्यक्रमहरु संचालन गर्ने बारेमा छलफल भएको थियो । त्यसैगरि प्राकृतिक रुपमा बिद्यमान रहेका ताल तलैयाहरुको संरक्षण, जल पर्यटन प्रवर्द्धनका साथै पानीको स्रोतहरु वरिपरी पानी नसुकाउने जातका बोटबिरुवाहरुको वृक्षारोपण, जलाधार क्षेत्र भित्र समुदायहरुमा स्रोत संरक्षण र बिबेकपूर्ण उपयोगका लागी सहभागितात्मक योजना तर्जुमा गर्ने बिषयमा समेत मधुवन नगरपालिकाका सरोकारवाला प्रतिबद्ध रहेका छन् ।

मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

# अध्याय-५ : जलउपयोग गुरुयोजना

## ५.१. अन्तर विश्लेषण

टोलस्तरीय भेला तथा बैठकहरुबाट संकलित तथ्याङ्कहरु, वडा स्तरीय बैठक,अनुशिक्षण तथा योजना तर्जुमा गोष्ठी र नगरपालिकास्तरीय बैठक, छलफल तथा योजना तर्जुमा गोष्ठीको अवधिमा संकलन गरिएका तथ्याङ्कहरुको विश्लेषण गर्दा मधुवन नगरपालिकामा हालसम्म ७ वटा खानेपानी योजनाहरु संचालनमा रहेका छन्। बिद्यमान संचालित योजनाहरुबाट नगरपालिकामा ४,२१५ घरधुरीका २५२९० जनसंख्यामा खानेपानी सेवा आपुर्ति भएको छ। नगरपालिकामा हाल निर्माणाधीन अवस्थामा रहेका ९ वटा योजनाहरु सम्पन्न पश्चात थप ४९३१ घरधुरीको ३०२८६ जनसंख्यामा खानेपानी सेवा विस्तार हुने लक्ष्य लिईएको छ, समग्रमा बिद्यमान योजनाहरु र निर्माणाधीन योजनाहरुबाट नगरपालिकाको कुल घरधुरी को ६९% घरधुरीहरुमा व्यवस्थित योजनाबाट खानेपानी सेवा आपूर्ति हुने देखिन्छ भने बाकि रहेका ३१% घरधुरीहरुमा राष्ट्रिय लक्ष्य प्राप्ति र सुरक्षित खानेपानी सुबिधाका लागी खानेपानी योजनाहरुको निर्माण गरि सेवा विस्तार गर्नु पर्ने देखिन्छ। गुरुयोजना निर्माण क्रममा गरिएको नमुना पानी परिक्षण र गुरुयोजना सर्बेक्षणले नगरपालिकामा हाल संचालनमा रहेका खानेपानी योजनाहरु मध्ये २ वटा योजनाहरुमा पानी शुद्धीकरणका लागि प्रबिधि विकास गर्नुका साथै नगरपालिकाले नीतिगत निर्णय गरि बाँकी बिद्यमान, निर्माणाधीन र नयाँ निर्माणहुने योजनाहरुमा अनिवार्य रुपमा पानी शुद्धीकरण गर्ने उपयुक्त प्रबिधि बिकल्प विकास गर्नुपर्ने आवश्यकता छ भने तत्कालै व्यवस्तित खानेपानी योजनाहरु निर्माणबाट समेटिन नसकिने समुदायका घरधुरीहरुलाई आर्सेनिक फिल्टर तथा घरायसीस्तरमा पानी शुद्धीकरण सम्बन्धि जनचेतनामूलक अभियानहरु संचालन गर्नुपर्ने आवश्यकता रहेको छ।

सिंचाइ तथा निकास तर्फ जम्मा १२ वटा योजनाहरु संचालनमा रहेका छन्। बिद्यमान संचालनमा रहेका योजनाहरुबाट नगरपालिकाको कूल खेतीयोग्य भू-भाग ७०११ हेक्टर मध्ये ३२०८ हेक्टर अर्थात् ४६% भू-भाग हालसम्म सिंचित हुदै आईरहेको छ भने बबई बृहत सिंचाइ आयोजनाको सेवा बिस्तार मार्फत थप २०-२२% भू-भाग सिंचित हुने आकलन गरिएको छ। मधुवन नगरपालिका खाद्यान्न उत्पादनको हिसाबले एकदमै राम्रो सम्भावना रहेता पनि हिउँदे कृषि बालिनालीका लागि आवश्यक पर्ने उपयुक्त सिंचाइ व्यवस्थाको अभावले कृषी उत्पादनमा आशातित उपलब्धि हाँसिल गर्न सकिएको छैन् ।

मधुवन नगरपालिकामा बर्षातको समयमा डुबान हुने तथा बाढीबाट ठूलो धनजनको क्षति हुदै आइरहेको गुरुयोजना निर्माणका क्रममा गरिएका छलफलमा समुदायले जानकारि दिएका छन्। यसलाई मध्यनजर गर्दै नगरपालिकाले प्रकोप जोखिम व्यवस्थापन कार्ययोजना सबै सरोकारवाला निकायहरुको सहभागितामा निर्माण गरि लागु गरिरहेको छ तथापी कार्यान्वयनका प्रयासहरु प्रयाप्त नरहेको सरोकारवालाहरुको बुझाई रहेको छ। विपद प्रतिकार्यका लागि नगरपालिका, वडा र समुदायस्तरमा पनि विभिन्न समिति, उप-समितिहरु गठन भइ परिचालन समेत भईरहेका छन्।

मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

नगरपालिका, वडा र समुदाय/उपभोक्ता समितिकाहरुसंग छलफल गर्दा नगरपालिकामा एकीकृत जलस्रोत व्यवस्थापन लगायत खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा देखिएका अन्तरहरु (Gaps) र ति अन्तरहरू परिपूर्तिका लागि निम्न तालिका अनुसारका उपायहरुको अवलम्बन गर्न आवश्यक छ।

**तालिका- २५: हाल देखिएका अन्तरहरू र परिपूर्तिका उपायहरु**

| हाल देखिएका अन्तरहरु (Gaps) | समाधानका उपायहरु |
|---|---|
| - बिद्यमान खानेपानी योजनाहरुले वितरण गर्दै आई रहेको खानेपानीहरुमा पानी शुद्धीकरण गर्ने प्लान्ट जडान नभएको देखिएको । | - सबै बिद्यमान खानेपानी योजनाहरु र निर्माणाधीन खानेपानी योजनाहरुमा पानी शुद्धिकरणका उपायहरु अवलम्बन गर्नुपर्ने र निर्माण कै अवधिमा पानी छान्ने फिल्टरहरुको निर्माण गर्नुपर्ने । |
| - हाल करिब ६८% घरधुरीहरूले खानेपानी स्रोतको रुपमा ट्युबवेलको पानी प्रयोग गर्दै आइरहेको तर नमुना परिक्षण गरिए अनुसार अधिकांश खानेपानी ट्युबवेलहरुमा कुनै न कुनै रासायनिक वा जैविक पदार्थहरु भेटिएको, जुन मानव स्वास्थ्यका लागि हानिकारक हुन्छन । | - उपर्युक्त दिर्घकालिन समाधानका बिकल्प नहुदा सम्म नगरपालिकाले घरधुरी/समुदायमा पानी सुद्दिकरण का उपायहरु अवलम्बन गराउन सचेतीकरण तथा जन चेतनामुलक कार्यहरु संचालन गर्ने । यसका साथै आर्सेनिक फिल्टरहरु खरिदका लागि बिपन्न घरधुरिहरुलाई आर्थिक सहयोग गर्ने। |
| - अधिकांश खानेपानी उपभोक्ता समितिहरुको व्यवस्थापकीय क्षमता कमजोर देखिएको<br>- सबै खानेपानी योजनाहरुमा आवश्यक प्राबिधिक मानवस्रोतको कमि। | - नगरपालिकामा हाल बिद्यमान खानेपानी योजनाका उपभोक्ता समितिहरुको व्यवस्थापकीय क्षमता विश्लेषण गर्दा करिब ५०% उपभोक्ता समितहरु मात्रै व्यवस्थित ढंगबाट संचालन भएको देखिएको हुँदा नगरपालिकाले तयार गरेको खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था व्यवस्थापन कार्यविधि, २०७८ अनुसार परिचालन गर्नुपर्ने र उपभोक्ता समितिहरुको क्षमता बिकासमा जोडदिनु पर्ने देखिएको छ। |
| - दिसाजन्य लेदो व्यवस्थापन र ठोस फोहोर व्यवस्थापनको अभाव | - नगरपालिकामा बढ्दो शहरीकरण र जनसंख्यामा बढ्दो बसाइँसराइको चापले अहिले देखि नै दिसाजन्य लेदोको उचित व्यवस्थापनका लागि आवश्यक पहल गर्नुपर्ने देखिन्छ। नगरपालिकाको सानोश्रीमा संचालन लक्ष्य राखेको दिसाजन्य लेदो व्यवस्थापन केन्द्रलाई आवश्यक मर्मत सम्भार र व्यवस्थपकिय सयत्र सहित संञ्चालनमा ल्याउनु पर्ने देखिएको छ। |



तेज बहादुर भाट
नगर प्रमुख


## ५.२. आवधिक योजनाको सारांश

यस मधुवन नगरपालिकामा विद्यमान जलस्रोतहरु, सामाजिक तथा सांस्कृतिक अवस्था, आर्थिक तथा प्राविधिक पक्षहरुको अध्ययन र छलफल तथा जन आवश्यकतामा आधारित भई जलउपयोग गुरुयोजनाको अभिन्न अंग आवधिक योजना (पंञ्च बर्षीय ) तयार गरिएको हो। आवधिक योजना अन्तर्गत नगरपालिकाका ९ वटै वडाहरुबाट प्राथमिकीकरण भइ आएका योजनाहरुबाट नगरपालिका स्तरको प्राथमिकीकरण गर्दा सबै क्षेत्रका क्षेत्रगत ११० वटा योजनाहरु पहिचान गरी आवधिक योजनाको रुपमा जलउपयोग गुरुयोजनामा संलग्न गरिएका छन्।

प्रस्तावित योजनाहरुलाई योजनाको प्रकृति, कार्यान्वयनका लागि आवश्यक पर्न सक्ने बाह्य सहयोग, प्रविधि विकल्प, लागत अनुमान आदिलाई आधार मानी बिभिन्न क्षेत्रका क्षेत्रगत योजनाहरुको कार्यान्वयनका लागि नगरपालिका र वडा स्तर गरि दुई भागमा बिभाजन गरी प्राथमिकता क्रम अनुसारको छुट्टा छुट्टै सूची तयार गरिएको छ। योजना तर्जुमाको समयमा वडाहरु र नगरपालिकाबाट कार्यान्वयन गर्नका लागि पहिचान भएका जम्मा ११० वटा क्षेत्रगत योजनाहरु मध्ये ४ वटा नँया निर्माण र ७ वटा मर्मतका खानेपानी योजनाहरु, सिंचाइका क्षेत्रमा ३ प्रकारका योजनाहरु[5] वडा र नगरपालिका मार्फत कार्यान्वय गर्ने गरि (सिंचाइ कुलो, डिप ट्युबवेल मार्फत सिंचाइ, बबई सिंचाइ नहरका शाखा कुलो विस्तार ), ६ वटा ढल निकास योजनाहरु, ५८ वटा वातावरण, पर्यावरण संरक्षण र जलवायु परिबर्तन अनुकुलन तथा विपद जोखिम न्युनिकरण क्षेत्रका योजनाहरु र २८ वटा सार्बजनिक शौचालयका योजनाहरु प्राथमिकीकरण गरिएका छन्।

यसका अतिरिक्त नगरपालिकामा बिद्यमान दिसाजन्य लेदो व्यवस्थापन योजना मर्मतसुधार गरि संञ्चालनमा ल्याउने योजना छ साथै ठोस तथा तरल फोहोर व्यवस्थापनका योजनाहरु समेत योजना तर्जुमा गोष्ठीमा छलफल गरि प्रस्ताव गरिएका छन्।[6]

उक्त पञ्चबर्षीय योजनाहरुको अनुमानित लागत तयार गर्दा नगरपालिका भित्र रहेका विद्यमान/निर्माणाधीन योजनाहरुको प्रतिव्यक्ति लागत र नगरपालिकाबाट निर्धारण भएको स्थानीय दररेटहरुको आधारमा प्रस्तावित




**ग्राफ-९: प्राथमिकीकरण गरिएका क्षेत्रगत योजनाहरु**

---

[5] बिस्तृत योजनाहरु अनुसुची-८ मा समाबेश गरिएका छन् ।

[6] योजनाहरुको विवरण अनुसुची १२ मा समावेश गरिएको छ।



नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

योजनाको हालको कूल जनसंख्यालाई प्रतिव्यक्ति लागतले गुणन गरि तयार गरिएको छ। मधुवन नगर पालिकाले प्रस्ताव गरेका प्रस्तावित योजना संख्या ग्राफ-१२ मा प्रस्तुत गरिएको छ भने र क्षेत्रगत पञ्चबर्षीय योजनाहरुको योजनागत विस्तृत विवरण अनुसूची-७,८,र १० उल्लेख गरिएको छ।

### ५.२.१. खानेपानी योजनाहरु

मधुवन नगरपालिकाको विद्यमान खानेपानीको सुबिधास्तरलाई योजना तर्जुमा गोष्ठीहरुमा छलफल र बिश्लेषण गरि ४ वटा नँया र ७ वटा मर्मत तथा सुधारका गरि ११ वटा खानेपानीका योजनाहरु प्रस्ताव गरिएका छन् । उक्त प्रस्तावित योजनाहरुको कार्यान्वयनका लागि नगरपालिका स्तरमा थप छलफल गरि नीतिगत निर्णय सहित अनुकुल वातावरण श्रृजना गर्ने , वडा, नगरपालिका, प्रदेश तथा संघीय सरकार लगायत अन्य विकास साझेदारहरुको स्रोत साधन जुटाई जलउपयोग गुरुयोजनाको कार्यान्वयनका लागी पहल गर्ने गरि गुरुयोजनामा योजनाहरु प्रस्तावित गरिएका छन्।

प्रस्तावित ४ वटा नँया योजनाहरुबाट नगरपालिकाको थप १३३६ घरधुरीहरुको ८०१६ जनसंख्या लाभान्वित हुने लक्ष्य राखिएको छ, नँया योजनाहरु निर्माणका लागि अनुमानित (ने.रु.) ४ करोड ४० लाख लगानी प्रक्षेपण गरिएको छ। त्यसैगरि ७ मर्मत तथा सुधारका योजना मार्फत ४२४० घरधुरीका करिब २५१९१ जनसंख्याको सुरक्षित खानेपानीमा पहुँच सुधार हुनेछ। मर्मत सुधारका योजनाहरुका लागि अनुमानित रकम (ने.रु.) ५ करोड ५४ लाख लगानी प्रक्षेपण गरिएको छ। नगरपालिकाको योजना तर्जुमा गोष्ठीबाट प्रस्ताव गरिएका खानेपानी योजनाहरु (नयाँ र मर्मत सुधार) को वडागत संख्या, लाभान्वित घरधुरी/जनसंख्या र अनुमानित लागत विवरण तालिका-२६ मा दिइएको छ भने योजनाहरुको बिस्तृत विवरण अनुसूची-७ मा उल्लेख गरिएको छ।

**तालिका- 26: प्रस्तावित खानेपानी योजनाहरुको विवरण**

| वडा नं. | प्रस्तावित योजनाहरुको विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | नयाँ योजना | | | | मर्मत सम्भार/पुनर्निर्माण/सेवा बिस्तार योजना | | | |
| | योजना संख्या | लाभान्वित घरधुरी संख्या | जनसंख्या | अनुमानित लागत (ने.रु.'००० ) | योजना संख्या | लाभान्वित घरधुरी संख्या | जनसंख्या | अनुमानित लागत (ने.रु.'००० ) |
| १ | २ | ५५० | ३,३०० | १८,१५० | ० | ० | ० | ० |
| २ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | १ | ३८५ | २,३१० | १२,७०५ | ० | ० | ० | ० |
| ४ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | ० | ० | ० | ० | ५ | १,४४९ | ८,५४५ | १७,७९८ |
| ६ | ० | ० | ० | ० | १ | २,०३७ | १२,१२२ | २६,६६८ |
| ७ | १ | ४०१ | २,४०६ | १३,२३३ | ० | ० | ० | ० |
| ८ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | ० | ० | ० | ० | १ | ७५४ | ४,५२४ | ९,९५२ |
| sजम्मा | ४ | १,३३६ | ८,०१६ | ४४,०८८ | ७ | ४,२४० | २५,१९१ | ५५,४१८ |

*स्रोत: जलउपयोग गुरुयोजना, मधुवन नगरपालिका स्तरिय योजना तर्जुमा गोष्ठी,२०७९*



नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

### ५.२.२. सरसफाइ योजनाहरु

यस मधुवन नगरपालिकाका कूल घरधुरिहरु मध्ये करिब ७% घरायसी स्तरमा शौचालयहरु अस्थाई/बिग्रेको भत्केको अवस्थामा रहेको सर्वेक्षणले देखाएको छ। घरधुरिहरुलाई चर्पी निर्माण/पुनर्निर्माणका लागि जनचेतना जगाउनु पर्ने र अभियानात्मक रुपमा पूर्ण सरसफाइ क्रियाकलापहरु संचालनमा ल्याउनु पर्ने आवश्यकता छ। सार्बजनिक स्थलको सरसफाइ, ठोस तथा तरल, [7]दिसाजन्य लेदो व्यवस्थापनका लागि पनि नगरपालिकाले नेतृत्व लिदै नीजि क्षेत्र र सरोकारवाला बिज्ञहरुको सहयोगमा सम्वन्धित क्षेत्रको योजनाहरु कार्यान्वयन ल्याउने बारे नगरस्तरिय योजना तर्जुमा कार्यशाला गोष्ठीमा छलफल गरि योजना प्रस्ताव गरिएका छन्।
मधुवन नगरपालिकाको सरसफाइ क्षेत्रको बिद्यमान अवस्था र भबिष्यका आवश्यकताहरुको बिश्लेषण गरि योजना तर्जुमा गोष्ठी मार्फत सरसफाइ तथा स्वच्छता व्यवस्थापन तर्फ योजनाहरु प्रस्तावित गरिएको छन्। प्रस्तावित योजनाहरुको सारांश विवरण तलको तालिका-२७ मा दिइएको छ।

**तालिका- २७ : प्रस्तावित सरसफाइका योजनाहरु**

| वडा नं. | प्रस्तावित संख्या | योजनाको किसिम | अनुमानित लागत (ने.रु.'००० ) |
|---|---|---|---|
| १ | २ | सार्बजनिक शौचालय | ३,००० |
| २ | ३ | सार्बजनिक शौचालय | ३,८०० |
| ३ | ३ | सार्बजनिक शौचालय | ४,५०० |
| ४ | ४ | सार्बजनिक शौचालय | ५,३०० |
| ५ | ३ | सार्बजनिक शौचालय | ४,५०० |
| ६ | ३ | सार्बजनिक शौचालय | ३,५०० |
| ७ | ४ | सार्बजनिक शौचालय | ५,३०० |
| ८ | ३ | सार्बजनिक शौचालय | ४,५०० |
| ९ | ३ | सार्बजनिक शौचालय | ३,००० |
| **जम्मा** | **२८** | | **३७,४००** |

*स्रोत: जलउपयोग गुरुयोजना, मधुवन नगरपालिका स्तरिय योजना तर्जुमा गोष्ठी,२०७९*

### ५.२.३. ढल निकास योजनाहरु

यस मधुवन नगरपालिकामा बढ्दै गईरहेको बजारीकरण, अव्यवस्थित बसोबासले गर्दा ढल निकासको उचित व्यवस्थापन गर्नु पर्ने आवश्यकता गुरुयोजनाको सर्वेक्षणका क्रममा देखिएको छ। बर्षातको समयमा नगरपालिका क्षेत्रका बस्तीहरुमा पानी निकासको उचित व्यवस्थापन नहुँदा डुबान हुने समस्या देखिएको, फोहोर पानीको उचित बिसर्जन हुन नसक्दा भूमीगत पानीको स्रोत दुषीत भईरहेको सर्वेक्षणका तथ्याङ्कले देखाएको छ। नगरपालिकाले ढल निकासको समस्या समाधानका लागि ४० वटा वडा स्तरिय योजना सहित ६ वटा योजनाहरुलाई नगरपालिका स्तरबाट कार्यान्वयन गर्ने गरि योजना तर्जमा गोष्ठी मार्फत प्राथमिकीकरण

[7] दिसाजन्य लेदो व्यवस्थापनको योजना पुनर्निर्माण चरणमा रहेको छ। सरसफाइ योजनाहरुको लागतमा उक्त योजनाको लागत समावेश गरिएको छैन्।



नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

गरि प्रस्ताव गरेको छ। योजनाहरुको सारांश विवरण तालिका-२८ मा उल्लेख गरिएको छ भने योजनाहरुको बिस्तृत विवरण अनुसूची-११, ११ (अ) मा प्रस्तुत गरिएको छ।

**तालिका- २८ : तर्जुमा गरिएका ढल निकास योजनाहरुको विवरण**

| क्र.स. | योजनाको नाम | योजनाले समेट्ने वडा | लाभान्वित घरधुरी संख्या | अनुमानित लागत (ने.रु.'००० ) |
|---|---|---|---|---|
| १ | गणेशपुर शिवनगर विहेइ नाला हुँदै गुलरिया कुटि निकास योजना | वडा न. ८ र ९ का सवै टोलहरु | २,७४५ | १२,३५३ |
| २ | ओराली भगरैया ताल निकास योजना | वडा १,२ र ३ का सबै टोलहरु | २,१८२ | ९,८१९ |
| ३ | कुसुम्बा बजार गंगा बस्ति निकास योजना | वडा ४,५, ६, ७ र ८ का सबै टोलहरू | ३,८०४ | १७,११८ |
| ४ | भुरनैया दक्षिण निकास योजना | वडा न. ६ र ७ का सवै टोलहरु | २,९०२ | १३,०५९ |
| ५ | पकडीया निकास योजना | वडा न. ६, बुद्धनगरटोल | ३५५ | १,५९८ |
| ६ | कुसुम्बा बजार बबइ निकास योजना | वडा न. ६ ,८ र ९ का मधुवन कुसुम्बा बजार | १,१८६ | ५,३२७ |
| | | **जम्मा** | **१३,१७४** | **५९,२८३** |

*स्रोत: जलउपयोग गुरुयोजना, मधुवन नगरपालिका स्तरिय योजना तर्जुमा गोष्ठी,२०७९*

### ५.२.४. सिंचाइ योजनाहरु

मधुवन नगरपालिकामा सिंचाइको विद्यमान अवस्था विश्लेषण गरी ८० वटा स-साना सिंचाइ योजनाहरु वडा स्तरबाट कार्यान्वयन गर्ने गरि र थप १ वटा नहर/कुलो सिंचाइ र २ वटा लिफ्ट सिंचाइका योजनाहरु सरोकारवाला साझेदारहरुको लगानी भित्र्याई नगरपालिका स्तरबाट कार्यान्वयन गर्ने गरि जल उपयोग गुरुयोजनामा प्रस्ताव गरिएको छ । नगरपालिकास्तरीय योजना तर्जुमा गोष्ठीबाट २ वटा लिफ्ट सिंचाइ योजनाहरुलाई पहिलो र दोश्रो प्राथमिकतामा राखेको छ । उक्त सिंचाइ योजनाहरु प्राथमिकीकरण गर्दा बबई बृहत आयोजनाबाट भविष्यमा पनि सेवा विस्तारबाट नसमेटिने वडा न. १ र २ का २,५६६ घरधुरिहरुको करिब ३६ हेक्टर (७०० रोपनी) जमिन सिंचित हुने लक्ष्य लिई योजना तर्जुमा गरिएको छ भने नहर/कुलो सिंचाइको रुपमा हाल बिद्यमान बबई बृहत सिंचाइ योजनालाइ सेवा विस्तारको रुपमा शाखा नहर र कुलोहरु निर्माणलाई क्षेत्रगत रुपमा तेश्रो प्राथमिकतामा राखेको छ।नगरपालिकाको अधिकांश खेतीयोग्य जमिन बबई बृहत सिंचाइ आयोजनाको सेवा बिस्तार योजनाबाट समेटिने गुरुयोजना तयारीका क्रममा गरिएको सर्वेक्षणले देखिन्छ।बबई सिंचाइ आयोजनाको सेवा बिस्तार भएको खण्डमा वडा न. ३ देखि ९ सम्मका पहिले समेटिएका ९,३३५ घरधुरीहरु बाहेक थप १,२७४ घरधुरीहरुको करिब ४३ हेक्टर जमिन सिंचित हुने देखिन्छ।

मधुवन नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

**तेज बहादुर भाट**
**नगर प्रमुख**

प्रस्तावित सिंचाइ योजनाहरुको वडागत विवरण तालिका नं.२९ र प्राथमिकता क्रम अनुसारको सूची अनुसूची-८ मा उल्लेख गरिएको छ।

**तालिका- २९ : प्रस्तावित सिंचाइ योजनाहरुको विवरण**

| वडा नं. | प्रस्तावित योजनाहरुको विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | नँया योजना | | | | मर्मत सम्भार/पुनर्निर्माण/सेवा बिस्तार | | | |
| | योजना संख्या | लाभान्वित घरधुरी संख्या | सिंचित क्षेत्र (हेक्टर ) | अनुमानित लागत (ने.रु.),००० | योजना संख्या | थप लाभान्वित घरधुरी संख्या | सिंचित क्षेत्र (हेक्टर ) | अनुमानित लागत (ने.रु.),००० |
| १ | २ | १,२८९ | ५०.१७ | ८,००० | ० | ० | ० | ० |
| २ | १ | १,२७७ | २५.४४ | ७,००० | ० | ० | ० | ० |
| ३ | ० | ० | ० | ० | १ | १,२७४ | ४३ | ५०,००० |
| ४ | ० | ० | ० | ० | | | | |
| ५ | ० | ० | ० | ० | | | | |
| ६ | ० | ० | ० | ० | | | | |
| ७ | ० | ० | ० | ० | | | | |
| ८ | ० | ० | ० | ० | | | | |
| ९ | ० | ० | ० | ० | | | | |
| **जम्मा** | **३** | **२,५६६** | **७५.६१** | **१५,०००** | **१** | **१,२७४** | **४३** | **५०,०००** |

*स्रोत: जलउपयोग गुरुयोजना, मधुवन नगरपालिका स्तरिय योजना तर्जुमा गोष्ठी,२०७९*

### ५.२.५. स्रोत संरक्षण तथा बातावरण संरक्षण योजनाहरु

यस नगरपालिकामा कर्णाली नदी तथा अन्य खोलाहरुको कटान, नगरपालिका क्षेत्र बर्दिया राष्ट्रिय निकुन्ज संग जोडिएको हुँदा बन्यजन्तुबाट धनजनको असुरक्षा लगायत खेतीपातीको असुरक्षा, बषार्तको भल तथा बाडीले गर्दा बस्तिहरुमा हुने डुबान र जलवायु परिवर्तनको प्रत्यक्ष असरहरुले गर्दा पर्यावरण र वातावरण व्यवस्थापन लगायत समग्र जलाधार क्षेत्रमा परेको असर र सम्भावित जोखिमका विविध बिषयमा सरोकारवालाहरुले जलउपयोग गरुयोजना निर्माणका क्रममा महशुष गरेका छन् । बढ्दो शहरिकरण, पूर्वाधारहरुको विकास र जंगलमा अतिरिक्त निर्भरता, ग्रामीण क्षेत्रमा दाउरा लगायतका लागी जंगल फडानी, अनियन्त्रित आगलागी, अब्यवस्थित चरिचरन, चुरे क्षेत्रबाट बगेर आएको माटो तथा ढुंगा गिट्टी आदी थुप्रिने, स्रोतहरुमा ह्रास, भूमीगत स्रोतहरुमा पानीको तह (Water table) घट्दै गरेको अवस्था, नयाँ तथा ठुला भौतिक पुर्बाधार संरचना निर्माण संगसंगै नयाँ सडक ट्र्याक खोल्ने कार्यहरु, सडक बिस्तार योजना तथा मानव श्रृजित बिभिन्न क्रियाकलापले समग्र जलाधार क्षेत्र र नगरपालिकामा जलवायु परिवर्तन र जोखिमहरु अझै बढी हुने सम्भावना रहेको छ। नगरपालिकाको पश्चिम क्षेत्रमा स्थित बस्तीहरु कर्णाली नदि संग जोडिएका हुँदा बर्षातको समयमा नदी कटान र बाढीको उच्चतम जोखिममा रहेका छन्। त्यस्तै नगरपालिका भएर बग्ने अन्य खोलाहरुको कटान र पश्चिम

मधुवन नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दिया लुम्बिनी प्रदेश स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

दक्षिण तिर छिमेकी भारत तर्फ बर्षातको पानी जाने उचित निकास नभएको हुदा दक्षिण पश्चिम क्षेत्रका बस्तीहरुलाई डुबान समेत चुनौतीका रहेको छ।

माथी चर्चा गरिएका विविध समस्याहरुलाई न्यूनिकरण गर्न नगरपालिकाको जलउपयोग गुरुयोजना निर्माणका क्रममा वातावरण पर्यावरण तथा जलबायु परिवर्तन अनुकूलन सम्बन्धी विभिन्न क्रियाकलापहरु तय गरिएका छन् । नगरपालिकामा पानीका स्रोतहरु संरक्षण, नदी कटान नियन्त्रण, बहुउद्देश्यिय नर्सरी स्थापना तथा वृक्षारोपण, सेफ हाउस, खानेपानीका धारा तथा चर्पीहरु जमिनको सतह भन्दा अग्लो स्थानमा राख्ने आदि जस्ता बिभिन्न खाले ५८ वटा योजनाहरु प्राथमिकिकरण गरि प्रस्ताव गरेको छ।

आगामि दिनहरुमा यस नगरपालिकामा विकास निर्माणका गतिबिधिहरु सञ्चालन संगसंगै यी क्रियाकलापहरुलाई बढी प्राथमिकता दिई जलबायु परिवर्तनका असर न्युनिकरण र विपद जोखिम व्यवस्थापनमा ध्यान दिने साथै जनचेतना बढाउने तथा जोखिम नक्सांकन गरि विकास गतिबिधिहरुमा जोखिम व्यवस्थापनका उपाय अवलम्बन जस्ता गतिबिधी संचालनमा गर्ने साथै नगरपालिका क्षेत्रमा बिभिन्न सरोकारवालाहरुसंगको समन्वयमा जनचेतनामुलक क्रियाकलापहरु संचालनमा ल्याउने, सूचना, शिक्षा, संचार सामग्रीहरु निर्माण गर्ने तर्फ नगरपालिका स्तरमा गुरुयोजना निर्माणका सहभागी सरोकारवालाहरु सहमत देखिन्छन्। नगरपालिकाले गुरुयोजना कार्यान्वयनका क्रममा क्षेत्रगत नीति तय गरि योजना तथा क्रियाकलापहरु कार्यान्वयन गर्नेछ। नगरपालिकाले योजना तर्जुमाको समयमा योजनाहरुको लगानी र प्रकृति हेरी योजनाहरु वडा , नगरपालिका, अन्य सरकारी तथा अन्य विकास साझेदारहरुलाई निर्माण सहयोगको अपेक्षा सहित क्षेत्रगत परिकल्पना र प्राथमिकिकरणका स्पष्ट आधार सहित वातावरण तथा पर्यावरण क्षेत्रका क्रियाकलाप तथा योजनाहरुको तर्जुमा गरेको छ।

प्रस्तावित योजनाहरुको वडागत संख्या लाभान्वित घरधुरी र अनुमानित लागत विवरण तालिका-३० मा र थप प्राथमिकता क्रम अनुसारको सुची अनुसूची-१० मा उल्लेख गरिएको छ।

**तालिका- ३०: वातावरण तथा पर्यावरण सम्बन्धि तर्जुमा गरिएका योजनाहरु**

| वडा नं. | प्रस्तावित योजनाहरुको विवरण | | | | |
|---|---|---|---|---|---|
| | योजना संख्या | लाभान्वित घरधुरी | योजनाको किसिम | योजनाको प्रकृति | अनुमानित लागत (ने.रु.)'००० |
| १ | १३ | १,५६९ | ताल संरक्षण, उच्च धारा निर्माण तटबन्ध, वृक्षारोपण, नर्सरी स्थापना आदि | नँया र मर्मत | २९,२८० |
| २ | २ | १,२४६ | तटबन्ध र कल्भर्ट निर्माण | नँया | १०,७५० |
| ३ | ९ | १,६९१ | ताल संरक्षण, उच्च धारा, निर्माण तटबन्ध, वृक्षारोपण, नर्सरी स्थापना आदि | नँया र मर्मत | ४२,५०० |



नगर कार्यपालिकाको कार्यालय बर्दिया लुम्बिनी प्रदेश स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | ६ | ४,०७९ | इकोपार्क निर्माण, तटबन्ध, पोखरी संरक्षण, ताल संरक्षण | नँया | ३०,२०० |
| ५ | ८ | ६,१३९ | तटबन्ध, ताल संरक्षण, सामुदायिक बन विकास र नर्सरी निर्माण | नँया | १४,२५० |
| ६ | ३ | ६०० | ताल संरक्षण/माछापालन, नर्सरी व्यवस्थापन आदि | नँया | १,२०० |
| ७ | ४ | ३,७६१ | ताल संरक्षण र नर्सरी निर्माण | नँया | २,००० |
| ८ | ४ | ६४२ | तटबन्ध, उच्च धारा निर्माण, नर्सरी निर्माण र  स्वास्थ्य केन्दमा इन्सिनेरेटर जडान | नँया | २८,४५० |
| ९ | ८ | २,८४४ | ताल संरक्षण, तटबन्ध, स्यालो ट्युबवेल र नर्सरी स्थापना | नँया | १०,६२५ |
| १ देखि ३ | १ | ३,५८१ | निकुन्ज क्षेत्रमा मानव जैविक मार्ग निर्माण | नँया | २५०० |
| **जम्मा** | **५८** | **२६,१५२*** | | | **१,७१,७५५** |

*स्रोत: जलउपयोग गुरुयोजना, मधुवन नगरपालिका स्तरिय योजना तर्जुमा गोष्ठी,२०७९*

*घरधुरी दोहरिएको हुँदा कूल घरधुरी भन्दा बढी देखिएको छ ।

मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

तेज बहादुर
नगर प्रमुख

# अध्याय-६ : गुरुयोजना कार्यान्वयन, बजारीकरण र अद्यावधिक

## ६.१. गुरुयोजनामा लगानीका लागि अल्प/मध्यम/दीर्घकालिन योजना

नगरपालिकाका जनप्रतिनिधिहरु, नगरपालिका कार्यालयका शाखाका प्रमुख/प्रतिनिधिहरु, स्थानीय समाजसेवी, बुद्दिजिबिहरु लगायत सरोकारवालाहरुको सकृय सहभागितामा जलउपयोग गुरुयोजनाको कार्यान्वयन लक्ष्यहरु प्रक्षेपित गरिएको छ । जलउपयोग गुरुयोजना निर्माणको क्रममा बस्ति तथा समुदाय स्तरबाट सहभागितात्मक ढंगबाट संकलन गरिएका सूचनाहरुको वडास्तरमा प्रमाणीकरण गरि सबै क्षेत्रगत योजनाहरुको प्राथमिकीकरण, थप सूचना तथा तथ्याङ्कहरुको संकलन र नगरपालिका स्तरमा गरिएको तथ्याङ्क प्रमाणीकरण र योजना तर्जुमा गोष्ठीबाट योजनाहरुको CBRT लगायतका औजारहरुको प्रयोग गरि प्राथमिकिकरण सहित गुरुयोजनामा लगानीका लागी अल्प/मध्यम/दीर्घकालिन योजनाहरु तय गरिएको थियो।

जलउपयोग गुरुयोजनाको प्रभावकारी रुपमा समुदायको अपेक्षा अनुसार कार्यान्वयनका लागि नगरपालिकाको आन्तरिक स्रोत साधनको एकिन गर्नुका साथै सम्भावित साँझेदारहरुको पहिचान, स्रोतहरुको जलउपयोग गुरुयोजनामा समाबेश भएका योजना तथा क्रियाकलापहरुलाई अल्पकालिन/मध्यम कालिन र दीर्घकालिन रुपमा राखि कार्यान्वयन लक्ष्य लिईएको छ।

### अल्पकालीन योजनाहरु (पहिलो र दोश्रो बर्ष)

मधुवन नगरपालिकाले जलउपयोग गुरुयोजनामा समाबेश गरिएका क्षेत्रगत योजनाहरुको कार्यान्वयनका लागि आवश्यक पर्ने लगानी जुटाउन जलउपयोग गुरुयोजनालाई नगरकार्यपालिका र सभाबाट अनुमोदन गरि कार्यान्वयनमा लयाउने छ। नगरपालिकाले आफ्नो लगानीका क्षेत्र सुनिश्चित गरि लगानी योजनाहरुको कार्यान्वयनका लागि नपुग हुने स्रोत साधनहरु बाह्य सहयोगी निकायहरुको सहकार्य तथा साझेदारिमा परिपुर्ति गर्ने नीति लिएको छ। नगरपालिकाले क्षेत्रगत परिकल्पनाहरु साकार पार्न अल्पकालीन योजनाहरुको रुपमा हाल निर्माणाधीन ७ वटा खानेपानी योजनाहरु सम्पन्न गर्ने, २ वटा नँया खानेपानी योजना तथा २ वटा मर्मत सुधारका खानेपानी योजनाहरु, २ वटा लिफ्ट सिंचाइ निर्माणका योजनाहरु लगायत थोरै स्रोत चाहिने डिप बोरिंगका योजनाहरु र वातावरण पर्यावरण सम्बन्धि योजनाहरुलाई कार्यान्वयनमा ल्याउने छ। अल्पकालीन योजनाहरु हाल निर्माणाधीन अवस्थामा रहेका, स्रोतको सुनिश्चितता भएका र साना सिंचाइका योजनाहरु वडा कार्यालयकै पहलमा समेत स्रोत जुटाउन पहल गर्ने र ठुला तथा दीर्घकालिन महत्वका योजनाहरुका लागी सरोकारवालाहरु माझ बजारिकरण गरि साझेदारि गर्ने नीति लिनेछ। त्यस्तै ढल निकास तथा वातावरण तथा पर्यावरण संग सम्वन्धित योजनाहरु वृक्षारोपण, ताल संरक्षणका योजनाहरुलाई पनि स्रोतको उपलब्धताको हिसाबले संचालन गर्ने गरि अल्पकालीन योजनाको रुपमा राखिएको छ।

### मध्यकालिन योजनाहरु (तेश्रो तथा चौथो बर्ष)

नगरपालिकाले मध्यकालिन योजनाको रुपमा जलउपयोग गुरुयोजनामा प्राथमिकिकरण गरिएका क्षेत्रगत योजनाहरुको अवस्था, स्रोतहरुको उपलब्धताको आधारमा निर्माणसम्पन्न भएका खानेपानी योजनाहरुबाट सम्भव भएमा सेवा बिस्तार र सम्भव नभएमा प्राथमिकता अनुसारका खानेपानी योजना, सिंचाइ क्षेत्र बिस्तार,



नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

वातावरण तथा पर्यावरण तर्फका प्राथमिकिकरण गरिएका योजनाहरु कार्यान्वयनका लागी स्रोत सुनिश्चित गरि गुरुयोजनाको कार्यान्वयन गर्ने नीति लिएको छ।

**दीर्घकालिन लगानी योजना**

जलउपयोग गुरुयोजनामा लगानीको दीर्घकालिन योजनाको रुपमा नगरपालिकाले जलउपयोग गुरुयोजनाको कार्यान्वय समिक्षा तथा अद्यावधी गरि प्राथमिकिकरण गरिएका सबै क्षेत्रका क्षेत्रगत योजनाहरु आवश्यकता अनुसार स्रोत जुटाई कार्यान्वयन गर्दै जाने र कार्यान्वयनको सिकाईहरुको समेत समिक्षा गरि थप प्राथमिकता निर्धारण गरि समय सापेक्ष हुने गरि योजनाहरुको कार्यान्वयन गर्नेछ ।

माथि उल्लेख गरिए अनुसारका अल्पकालीन, मध्यकालिन र दीर्घकालिन योजनाहरुको कार्यान्वयनका लागि नगरपालिकाले कार्यपालिकामा थप छलफल र निर्णय गरि हरेक वर्ष जलउपयोग गुरुयोजनाको कार्यान्वयनका लागि वडा तथा नगरपालिकाबाट हुने लगानी र अन्य कार्यान्वयनमा सहयोग गर्ने निकायहरुबाट हुने लगानीको प्रक्षेपण गर्ने छ र बार्षिक रुपमा जलउपयोग गुरुयोजनाका क्षेत्रगत योजनाहरु कति कार्यान्वयन भए भन्ने कुराको समिक्षा गर्ने संयन्त्रको बिकास गर्नेछ।

यसका अतिरिक्त जलउपयोग गुरुयोजनाको प्रभावकारी रुपमा कार्यान्वयनका लागि आवश्यक लगानी नीति तथा कार्यविधि/निर्देशिका नगरपालिकाले निर्माण गर्नेछ र त्यसको कार्यान्वयनका लागि आवश्यक मानवस्रोत सहितको संयन्त्रको बिकास गर्नेछ। त्यो संयन्त्रले अन्य क्षेत्रगत संयन्त्रहरुसंग समन्वय, सहकार्य र जलउपयोग गुरुयोजनाको प्राथमिकताक्रममा रहेका योजना तथा क्रियाकलापहरुको कार्यान्वयन र व्यवस्थापनका लागि एकीकृत रुपमा योजना तर्जुमा, अनुगमन र समिक्षा गर्नेछ।

## ६.२. पहिलो आ.व. मा कार्यान्वयन हुने योजनाहरु

यस मधुवन नगरपालिकाले पहिलो वर्षका लागि ७ वटा निर्माणाधीन खानेपानी योजनाहरु सम्पन्न गर्ने, ३ वटा खा.पा. (नया र मर्मत) योजनाहरु,१ वटा लिफ्ट सिंचाइ योजना र ३ वटा वातावरण तथा पर्यावरण र सरसफाइका योजनाहरुलाई कार्यान्वयनका ल्याउने छ। यसका साथै हाल वडा न. ६ मा रहेको बिद्यमान दिसाजन्य लेदो व्यवस्थापन योजनालाई प्राबिधिक र बिज्ञहरुको सल्लाहमा शहरी सरसफाइ योजना निर्माण गरि आवश्यक पूर्वाधार निर्माण र सहयोगी स्रोत साधनको व्यवस्थापनका साथ सुचारु गर्नेछ । ट्युबवेलबाट खानेपानी उपभोग गरिरहेका कम्तिमा घरधुरिहरुमा पानी शुद्धीकरण सम्वन्धि जनचेतनाका साथै सरोकारवालाहरुको साझेदारीमा शुद्धीकरण सम्वन्धि प्रबिधि विकल्पहरुका लागी पहल गर्नेछ।

पहिलो आ.व.मा कार्यान्वयन हुने मुख्य योजनाहरुको विवरण तलको तालिका-३१ मा उल्लेख गरिएको छ।

मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

तेज बहादुर भाट
नगर प्रमुख

## तालिका- ३१: पहिलो बर्ष कार्यान्वयन गरिने मुख्य योजनाहरु

| क्र.स. | योजनाको नाम | संचालन हुने वडा/स्थान | क्षेत्र/प्रकार | लाभान्वित घरधुरी | जनसंख्या | जिम्मेवार निकाय | सहयोगी निकाय | अनुमानित लगानी (रु.)'००० |
|---|---|---|---|---|---|---|---|---|
| खानेपानी तर्फ | | | | | | | | |
| १ | पत्थरबोझी खानेपानी योजना | वडा न. १, पत्थरबोझी | खानेपानी | १२४ | ७४४ | नगरपालिका | खा.पा. सरसफाइ डिभिजन, बाँके विकास साझेदारहरु | ४,०९२ |
| २ | धनौरा खानेपानी योजना | वडा न. ३ धनौरा मुक्तकमैया देउराली र नयाँवस्ती | खानेपानी | ३८५ | २३१० | नगरपालिका | खा.पा. सरसफाइ डिभिजन, बाँके विकास साझेदारहरु | १२,७०५ |
| ३ | शान्तिपुर खानेपानी योजना | वडा न. ५, शान्तिपुर | मर्मत/स्लो स्याण्ड फिल्टर | १२२ | ७३२ | नगरपालिका | खा.पा. सरसफाइ डिभिजन, बाँके विकास साझेदारहरु | ४,०२६ |
| सिंचाइ तर्फ | | | | | | | | |
| क्र.स. | योजनाको नाम | वडा/स्थान | प्रकार | लाभान्वित घरधुरी | सिंचित क्षेत्र (रोपनी) | जिम्मेवार निकाय | सहयोगी निकाय | अनुमानित लागत (रु.)'००० |
| ४ | कर्णाली लिफ्ट सिचाइ योजना | वडा न. १ | लिफ्ट सिंचाइ | १,२८९ | २०० | नगरपालिका | भूमिगत जलस्रोत डिभिजन | ६,००० |


| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **अन्य योजनाहरु** | | | | | | | | |
| ५ | ठोस तथा दिसाजन्य लेदो व्यवस्थापन योजना | वडा न. ६ | सरसफाइ | १,५४९ | ० | नगरपालिका | प्रदेश मन्त्रालय/ विकास साझेदार | १२,००० |
| ६ | ताराताल र सोह्र ताल संरक्षण योजना | वडा न. ७, | वातावरण तथा पर्यावरण | १,७८७ | ० | नगरपालिका | प्रदेश मन्त्रालय/ विकास साझेदार | २,२०० |
| ७ | कुसुम्बा बजार सार्बजनिक शौचालय निर्माण | वडा न. ६ | सरसफाइ | | ० | नगरपालिका | प्रदेश मन्त्रालय/ विकास साझेदार | १,५०० |
| | | | **जम्मा** | **५,२५६** | **३,९८६** | | | **४१,०२३** |

*स्रोत: जलउपयोग गुरुयोजना, मधुवन नगरपालिका स्तरिय योजना तर्जुमा गोष्ठी,२०७९*

मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
लुम्बिनी प्रदेश
स्थापित : २०७३

## ६.३. बजारीकरण रणनीति तथा सरोकारवालाहरुको पहिचान

जलउपयोग गुरुयोजना निर्माण पश्चात यसको प्राथमिकता क्रममा परेका योजनाहरु कार्यान्वयनका लागि उपयुक्त स्रोत साधनहरुको खोजी, साझेदारि र लगानीको अनुकुल वातावरण श्रृजना जस्ता कार्यको नेतृत्व नगरपालिकाको लिनेछ। गुरुयोजना निर्माण र योजना पहिचान मात्रले लक्षीत क्षेत्रगत विकासमा उपलब्धि हाँसिल गर्न नसकिने भएकाले गुरुयोजनाको प्रचारप्रसार गरि कार्यान्वयनका लागि आवश्यक स्रोत साधन जुटाउन बजारीकरण गरि साझेदारहरुलाई लगानीमा आक्रषित गर्नु पनि कार्यान्वयनका लागी महत्वपूर्ण हुन्छ।




चित्र ५ : नगरपालिका स्तरका सरोकारवालाहरुको पहिचान

संकेत:

| | |
|---|---|
| ⟷ | कार्यन्वयनका लागि एकदमै जोडदिनु पर्ने निकाय |
| ⟷ | निर्माणमा पालिकालाइ सहयोग गर्न सक्ने दातृ निकायहरु/परियोजना |
| ⟷ | निर्माण बाहेकका कार्यमा सहयोग गर्न सक्ने दातृ निकाय |
| ⟷ | स्थानीयस्तरमा सामाजिक/प्राबिधिक सहयोग पुऱ्याउने अन्तर/राष्ट्रिय संघ/संस्थाहरु |

नगर पालिकामा जलस्रोत विकासको क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको अभिलेखीकरण गरी सबैले जलउपयोग गुरुयोजनाले निर्दिष्ट गरेका क्षेत्र र राष्ट्रिय तथा नगरपालिकाका लक्ष्यमा साझेदारि गर्ने, लगानीको वातावरण निर्माण गर्न समय सापेक्ष नीति तथा कार्य योजनाहरुको पुनरालोकन, अनुगमन तथा कार्यान्वयन सयन्त्रमा चुस्तता ल्याउने जस्ता कार्य गुरुयोजना कार्यान्वयनका लागी अति नै महत्वपुर्ण रहेका छन् । नगरपालिकामा गुरुयोजना कार्यान्वयनका लागी स्रोतको सुनिश्चितता, स्रोत एकद्वार

प्रणालीको विकास, लगानीकर्ताका लागी अनुकुल वातावरण, जबाफदेहीता सयन्त्र विकास, जलाधार क्षेत्रको स्वाथ्य्य सुदृढ र समग्र विकासका लागी अन्तर स्थानीय तह, प्रदेश सरकार तथा संघ सरकारका सरोकारवाला सयन्त्रहरुसंगको सम्वन्ध विस्तार र आवश्यक समन्वय गुरुयोजनाको सफल कार्यान्वयनका लागी अति नै महत्वपुर्ण रहने सरोकारवालाहरुको साझा बुझाई रहेको छ। नगरपालिकामा बिगतमा पानीको उपयोग र विकासका क्षेत्रमा कार्य गर्दै आएका र भबिष्यमा समेत सहकार्य/साझेदारी हुन सक्ने सम्भावित कार्यान्वयन सरोकारवाला सहयोगी निकायहरुको विवरण र सह-सम्बन्ध चार्ट- १६ मा प्रस्तुत गरिएको छ।

## ६.४. जलाधार/उप-जलाधार क्षेत्र व्यवस्थापन रणनीति

जलउपयोग गुरुयोजना निर्माणका क्रममा मधुवन नगरपालिकाले जलाधार तथा उप-जलाधार क्षेत्र व्यवस्थापनका लागि तपसील अनुसारका रणनीतिहरु तय गरेको छ।

- सबै स्थानीय सरोकारवाला निकायहरुको जलाधार संरक्षण सम्बन्धि साझा बुझाई निर्माण गर्न ज्ञान, सीप तथा सिकाईहरु आदानप्रदान गर्ने तथा स्थानीय समुदायको क्षमता अभिवृद्धि गरिने छ ।
- कुनै पनि ठुला संरचनाहरु निर्माण गर्दा वातावरण प्रभाव मुल्यांकन अनिवार्य रुपमा लागु गरिने छ।
- जल, जंगल र जमिन संरक्षणका लागि स्थानीय समुदायको अधिकतम सहभागितामा गराइने छ।
- नगरपालिकास्तरमा सक्रिय सरोकारवाला निकायहरु जस्तै; सामुदायिक बन उपभोक्ता समूहहरु, कृषि समूहहरु, आमा समूहहरु, युवा क्लबहरु, जैबिक बिबिधताका क्षेत्रमा कार्य गर्ने संघ-संस्थाहरु संग समन्वय, सहकार्य र साझेदारी गर्ने र जलाधार संरक्षणका क्रियाकलापहरुलाई स्थानीय समुदायको आयमुलक/जीविकोपार्जनका गतिबिधि संग जोडी वातावरणमैत्री र संरक्षणमुखी बनाइने छ।
- जलाधार क्षेत्रमा प्रभाव पार्ने वा प्रभावित हुने माथिल्लो वा तल्लो तटीय भू-भागमा अवस्थित समुदायहरु संग जलाधार संरक्षणका उपायहरुका बारेमा छलफल गरि साझा सिकाईका आधारमा विभिन्न सहयोगी क्रियाकलापहरु (जलउपयोग गुरुयोजनामा आधारित भइ) संचालन गरिने छन्।
- लोप हुन/हराउन लागेका सिमसार/ताल तलैयाहरुलाई संरक्षण र व्यवस्थापनको माध्यमबाट "पुरानै स्वरुपमा ल्याउने" रणनीति अपनाईने छ।
- पानीको बहु उपयोगका माध्यमबाट जनजिविकामा आयआर्जनका अवसरहरु श्रजना गर्दै पानीको दिगो उपयोग र पुस्तान्तरणको महत्वलका लागी नीति तथा कार्यक्रमहरु तय गर्दै असरदार रुपमा लागु गर्ने।
- जलाधार क्षेत्र व्यवस्थापनमा महिला, अल्पसंख्यक, सिमान्तकृत समुदायहरुलाई योजना तर्जुमा देखि कार्यान्वयन सम्म समतामुलक सहभागिता गराईनेछ।

## ६.५. गुरुयोजना पुनरावलोकन तथा अद्यावधिक गर्ने संयन्त्र

जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयनका लागि नगरपालिका क्षेत्र भित्रका स्रोत साधनको पहिचान, सरोकारवाला सहयोगी वा साझेदार निकायहरुको पहिचान तथा परिचालन का साथै यसको बजारिकरण र आवश्यक स्रोत जुटाउने कुरा महत्वपुर्ण रहेको हुन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिकाहरुलाई योजना तर्जुमा गर्ने, नीति निर्माण गर्ने, बजेट बिनियोजन गर्ने साथै कार्यान्वयन गर्ने निकायका रुपमा अधिकार सुनिश्चित गरेको छ। नगरपालिकाले जलस्रोत क्षेत्रका योजनाहरु कार्यान्वयन गर्न



नगर कार्यपालिका बर्दिया लुम्बिनी प्रदेश स्थापित : २०७३

तथा समग्र जलाधार क्षेत्रको विकासका लागी नजिगका स्थानीय सरकारहरु, प्रदेश स्तरीय तथा केन्द्रिय सरकार तथा सरोकारवाला साझेदारहरुसंग साझा धारणा निर्माणका साथ राष्ट्रिय तथा स्थानीय लक्ष्यहरु प्राप्तिका लागी समन्वय गर्नेछ। नगरपालिकाको नेतृत्वमा सबै साँझेदारहरु परिचालन गर्ने, आवश्यक पर्ने नीति नियमहरु नगरसभा मार्फत निर्माण गरि क्षेत्रगत साझेदारहरुलाई लगानीको वातावरण निर्माण गर्ने, जिम्मेवारिको निन्क्यौल गर्ने तथा निजि क्षेत्रसंगको साझेदारी तथा समुदाय परिचालनका माध्यमबाट जलउपयोग गुरुयोजना कार्यान्वयन गर्नेछ। नगरपालिकाले समय सापेक्ष सरोकारवाला बिभिन्न साझेदार निकायहरुको/पक्षहरुको सहजीकरणमा जलउपयोग गुरुयोजना कार्यान्वयन स्थितिको समिक्षा गरी अद्यावधि गर्नेछ।

## ६.६. गुरुयोजना कार्यान्वयन रणनीति

जलउपयोग गुरुयोजना जलस्रोत क्षेत्रको एकीकृत योजना भएकोले यसको कार्यान्वयनका लागि प्रभावकारी संयन्त्र, समन्वय र सरोकारवाला निकायहरु बीच सहकार्य हुन जरुरी हुन्छ। नगरपालिकाले जलउपयोग गुरुयोजनाको कार्यान्वयनका लागि तपसिलका रणनीति तय गरेको छ।

- गुरुयोजना तथ्याङ्क, जलस्रोतहरुको लगत, सम्भाव्य प्रयोग र सम्भावना सहितको अन्तरक्रिया कार्यक्रमहरु समय-समयमा सरोकारवाला माझ सञ्चालन गर्ने।
- संघीय तथा प्रदेश सरकारका जलस्रोत विकास सम्वद्ध मन्त्रालय, बिभागहरुमा गुरुयोजनाको प्रचार प्रसार गरि आवश्यक लगानी सहकार्यका लागि समन्वय सुद्दढ गर्ने।
- नगरपालिकास्तरका सरोकारवाला साझेदारहरुको आवश्यकता अनुसार समन्वय बैठक र अन्तक्रियाहरु आयोजना गरि गुरुयोजनाका निर्दिष्ट लक्ष्य हासिल गर्न अनुकुल वातावरण सहित लगानी प्रतिबद्धता जुटाउने।
- नगरपालिका स्तरमा गुरुयोजना सम्वन्धि प्रचार प्रसार, समिक्षा तथा पानी क्षेत्रमा कार्यगर्ने सरोकारवालाहरुलाई गुरुयोजनाले औल्याएको क्षेत्रमा लगानी गर्न प्रेरित गराउने जस्ता क्रियाकलापहरु सञ्चालन गर्ने।
- गुरुयोजना कार्यान्वयनका लागी सार्बजनिक-नीजि साझेदारीलाई प्रोत्साहन गरिने।
- क्षेत्रगत योजनाहरुमा लगानी सम्बन्धी दोहोरोपना हटाउन बार्षिक कार्यक्रम तय गर्नु पूर्ब बिषयगत समितिका बैठकहरु मार्फत आगामी बर्षका योजना तथा कार्यक्रमहरु सरोकारवालाहरुसंगको उपलब्ध बजेट, सहकार्यका क्षेत्र सहितको कार्ययोजना तयार गर्ने।
- नगरपालिकामा जलउपयोग गुरुयोजना कार्यान्यिनम, तथ्याङ्क अद्यावधी, अनुगमन, समन्वयका लागी सम्पर्क शाखा सहित आवश्यक स्रोत साधन व्यवस्थापन गर्नेछ।

**तेज बहादुर भाट**
**नगर प्रमुख**

## अनुसूचीहरु

| | |
|---|---|
| अनुसूची-१ | SA-1: घरधुरी तथा जनसंख्या सम्वन्धि विवरण |
| | SA-2: भौगोलिक, प्राकृतिक, सांस्कृतिक तथा आर्थिक जानकारी सम्वन्धि विवरण |
| | SA-3: बिद्यमान सहकारि संस्थाहरु सम्वन्धि विवरण |
| | SA-4: बिद्यमान सरोकारवाला संस्थाहरु सम्वन्धि विवरण |
| | SA-5: स्वास्थ्य तथा सरसफाइ सम्वन्धि विवरण |
| अनुसूची-२ | ट्युबवेल (ह्यान्डपम्प) को पानी परिक्षण बिस्तृत बिबरण |
| अनुसूची-३ | TA-2: बिद्यमान खानेपानी योजनाहरुको सुबिधास्तर र संरचानागत विवरण फारम |
| अनुसूची-४ | SA-7: बिद्यमान खानेपानी योजनाहरुको सामाजिक तथा संस्थागत विवरण फारम |
| अनुसूची-५ | SA-8: बिद्यमान कुलो सिंचाइ योजनाहरुको मुख्य विवरण फारम |
| | TA-3: बिद्यमान कुलो सिंचाइ योजनाहरुको बिस्तृत विवरण फारम |
| | SA-9: बिद्यमान लघु सिंचाइ योजनाहरुको मुख्य विवरण फारम |
| | TA-4: बिद्यमान लघु सिंचाइ योजनाहरुको बिस्तृत विवरण फारम |
| | SA-11: बिद्यमान वातावरण तथा पर्यावरणसंग सम्वन्धित योजनाहरुको मुख्य विवरण फारम |
| | TA-6: बिद्यमान वातावरण तथा पर्यावरणसंग सम्वन्धित योजनाहरुको बिस्तृत विवरण फारम |
| अनुसूची-६ | OS-1: निर्माणाधिन जलस्रोत सम्वन्धित योजनाहरुको मुख्य विवरण फारम |
| | OT-1: निर्माणाधिन खानेपानी योजनाहरुको बिस्तृत विवरण फारम |
| अनुसूची-७ | PL-1: तर्जुमा गरिएका खानेपानी योजनाहरुको मुख्य विवरण फारम |
| | TA-9: तर्जुमा गरिएका खानेपानी योजनाहरुको विस्तृत विवरण फारम |
| | TA-10: तर्जुमा गरिएका सरसफाइ तथा स्वच्छता सम्वन्धि योजनाहरुको विस्तृत विवरण फारम |
| अनुसूची-८ | PL-2: तर्जुमा गरिएका कुलो सिंचाइ योजनाहरुको मुख्य विवरण फारम |
| | TA-११: तर्जुमा गरिएका कुलो सिंचाइ योजनाहरुको बिस्तृत विवरण फारम |
| अनुसूची-१० | PL-5: तर्जुमा गरिएका वातावरण तथा पर्यावरणसंग सम्वन्धित योजनाहरुको मुख्य विवरण फारम |
| | TA-14: तर्जुमा गरिएकावातावरण तथा पर्यावरणसंग सम्वन्धित योजनाहरुको विस्तृत विवरण फारम |
| अनुसूची-११ | नगरपालिकास्तरमा तर्जुमा गरिएका ढल निकासका योजनाहरु |
| | TA-14: तर्जुमा गरिएका वातावरण तथा पर्यावरणसंग सम्वन्धित योजनाहरुको विस्तृत विवरण फारम |
| अनुसूची-१२ | तर्जुमा गरिएका ठोस तथा फोहर ब्यबस्थापनका योजनाहरु |
| | तर्जुमा गरिएका सार्बजनिक शौचालयका योजनाहरु |

**समाप्त**

नगर कार्यपालिकाको कार्यालय
स्थापित : २०७३

**तेज बहादुर भाट**
**नगर प्रमुख**